◆ **सम्पादकीय-**
- सरकारले नौ हप्ता बितायो - २
◆ **आवरण**
- कतिञ्जेल थेग्ने मुलुकले हिंसा ? – **प्रदिप नेपाल** - ३
◆ **आवरण**
- शान्तिवार्ता प्रक्रियामा तेस्रो पक्षको भूमिका – **गौरी प्रधान** - ५
◆ **राष्ट्रिय राजनीति**
- परिवर्तित सन्दर्भमा पार्टी कामको प्राथमिकता – **विष्णु पौडेल** - ७
◆ **अन्तर्राष्ट्रिय सम्बन्ध**
- बेजिङमा आदान-प्रदान सहयोग र विकास .... – **भीम रावल** - ९
◆ **विश्लेषण**
- सहकारी आन्दोलनको इतिहास र नेपालमा ... – **केशव बडाल** - ११
◆ **पार्टी जीवन**
- नेपालको कम्युनिष्ट आन्दोलनमा गुटबन्दी... – **युवराज कार्की** - १३
◆ **संस्मरण**
- नाटकले कम्युनिष्टतिर आस्था जगायो – **रामकुमार ज्ञवाली** - १५
◆ **अभियान**
- खाद्य सम्प्रभुताको विषय र एशियाली जनमार्च – **प्रेम दंगाल** - १६
◆ **कविता – शार्दूल भट्टराई** - १८
◆ **सरोकार**
- समानताका लागि जेण्डर मूलप्रवाहीकरण... – **बिन्दा पाण्डे** - १९
◆ **विश्व**
- झुटको लागि मर्नुपर्ने ? - **अग्निशिखा** - २१
◆ **मुलुक परिचय**
- सुडानजस्तै नबनोस् नेपाल ! – **भानुभक्त ढकाल** - २२
◆ **घटना**
- खलंगा जेल ब्रेकको इतिहास- **सूर्य थापा** - २४
◆ **व्यक्तित्व**
- कुर्दिश योद्धा लेला जाना - २५
◆ **मोफसल**
- सुर्खेतको कम्युनिष्ट आन्दोलन – **ऋषिप्रसाद शर्मा** - २७
◆ **कथा**
- परिवर्तन– **समिर नेपाल** - २९
◆ **म कसरी कम्युनिष्ट भएँ ?**
- शिक्षा बहिष्कार गर्ने कुरासँग सहमत थिइनँ – **उर्मिला अर्याल** - ३१
◆ **कृति**
- द्वन्द्व व्यवस्थापनको सैद्धान्तिक लेखाजोखा- **विष्णु रिजाल** - ३२
◆ **रोचक इतिहास**
- सैद्धान्तिक पागलनपन र ल्यूको दुःखद् कथा– **कमल कोइराला** - ३३
◆ **चिनारी**

- जीवनको मर्म बुझ्न कम्युनिष्ट नै हुनुपर्ने रहेछ – **कमला पराजुली** - ३५
◆ **सामयिकी**
- सय मुसा खाइसकेपछि तीर्थ जाने घोषणा –**कुन्दन अर्याल** - ३७
◆ **नेतृत्व परिचय**– राजेन्द्रप्रसाद पाण्डे/सुरेन्द्रप्रसाद पाण्डे - ३९

# सरकारले नौ हप्ता बितायो

*हाम्रो पार्टीसहितको संलग्नता र विघटित प्रतिनिधिसभाको बहुमतको प्रतिनिधित्व गरिरहेको सबैभन्दा पछिल्लो सरकार स्थापना भएको पनि नौ हप्ता बितिसकेको छ । अघिल्लो अंकमा हामीले लेखेका थियौं- पाँच हप्ता सरकार सञ्चालनको सन्दर्भमा कुनै समय नै होइन । तर नौ महिनाको समयावधिलाई त्यसरी पन्छाउन मिल्दैन । नौ हप्ता भनेको सय दिनको निकटता हो । तपाईहरुले अर्को महिनाको नवयुग पढिरहनु हुँदा सरकारले सय दिनका सफलता र असफलताका फेहरिस्त बुझाउनुपर्ने हुन्छ । त्यसै हुनाले अब दिनगन्ती थाल्दा हुन्छ । सरकारसँग अब एक महिनामात्र बाँकी छ र कार्तिकको पहिलो हप्तासम्म सरकारबाट जनताले सन्तुष्टी पाउन सकेनन् भने सरकार मानसिक एवम् भौतिक दुवै रुपमा गिर्नेछ ।*

*यो एक महिनामा सरकारले केही न केही गरेर देखाउनुपर्नेछ । होइन भने यो सरकारलाई साम्प्रदायिक सुरक्षासमेत प्रदान गर्न नसक्ने सरकारको आरोप लाग्नेछ । यतिमात्र होइन, यसको निधारमा मह·ी बढाउने कलंकको टिकासमेत लाग्नेछ ।*

*कथित इराकी संवेदनाको नाउँमा मुलुकमा नयाँ आतंक सिर्जना गर्ने अपराधीहरुलाई कुनै पनि कुतर्कका आधारमा सरकारले छुट दियो भने त्यो भन्दा ठूलो अपराध अर्को कुनै हुनेछैन । भदौ १६ गतेको बुधवार आगजनी गर्नेहरु एकजना पनि संवेदनशील नागरिक होइनन् । तिनीहरु सबै अपराधी हुन् । साम्प्रदायिक सद्भाव बिगार्ने भनेको तिनीहरु नै हुन् । मुलुकमा आइरहेको विदेशी मुद्रामा रोक लगाएर मुलुकलाई झन् झन् तन्नम्टाट बनाउने षड्यन्त्रका बाहक हुन् तिनीहरु । तिनको आगजनीले मुलुकलाई कस्तो अप्ठ्यारोमा पारेको रहेछ र राज्यले किन तिनीहरुलाई दण्डित गर्‍यो भनेर तिनीहरुले बुझ्नुपर्छ । यो असल काम गर्न पनि सरकारले खुट्टा कमाउने स्थिति आयो भने खुरुक्क आसन छोडिदिए हुन्छ ।*

*श्रम मन्त्रालयको काम यसपालिको एउटा अविस्मरणीय निर्णय भएको छ । लाखौं ठगिएर बर्बाद भइरहेका नेपालीहरुलाई त्यसले ठूलो राहत दिएको छ । जालीझेलीको अभाव छैन नेपालमा । लाटासुधाको पनि अभाव छैन । तर, अब म्यानपावर कम्पनीले चोरी गर्न सक्ला, पहिलेजस्तो ठाडो डकैती गर्न सक्दैन । कतिपय म्यानपावर कम्पनीले त पारदर्शिताको नमूना बनेर राष्ट्रको आम्दानीमा ठूलो योगदान पुर्‍याउन पनि असम्भव छैन ।*

*हाम्रो पार्टीले श्रममन्त्रीको चिट्ठा प्रणालीको निर्णयलाई सबै हिसाबले स्वागत गर्नुपर्छ र यसको व्यापक प्रचार पनि गर्नुपर्छ । अब कसैले पनि अपारदर्शी रकम बुझाउनु हुँदैन भनेर शिक्षित गर्नुपर्छ ।*

*यो सरकार हाम्रो पार्टीको होइन, तर हामी यसका गुणदोषबाट पन्छिन पनि सक्दैनौं । पार्टीको केन्द्रीय कमिटीको ठूलो बहुमतले सरकारमा सहभागी हुने निर्णय गरेको हो । त्यसैले सरकारमा पार्टीको सहभागितालाई अन्यथा अर्थमा पार्टी कार्यकर्ताले लिन मिल्दैन । त्यसैले हामीले माथिदेखि तलसम्मका सरकारी निकायहरुले राम्रो काम गरुन् भनेर विशेषै ध्यान पुर्‍याउनुपर्छ । राम्रो काम गर्न तिनीहरुलाई प्रेरित गर्नुपर्छ ।*

*पार्टी र सरकार एउटै होइनन् । तिनका सबै बोली र कामकारबाहीहरु उस्तै हुँदैनन् । तर अहिलेको सरकार र हाम्रो पार्टी शत्रु पनि होइनन् । पार्टीले सरकारको उछित्तै खन्नु पनि हुँदैन । सरकारलाई अप्ठ्यारो पार्ने काम पार्टीले गर्नुहुँदैन र पार्टी पद्धतिलाई कमजोर पार्ने काम सरकारले गर्नुहुँदैन ।*

# कतिञ्जेल थेग्ने मुलुकले हिंसा ?

**' प्रदिप नेपाल**

**मा**ओवादी पार्टीले वर्तमान सरकारसँगको वार्तालाई सम्पूर्णतामा तिरस्कार गरेको समाचार सार्वजनिक भएको छ। यो निर्णय नै उनीहरूको अन्तिम निर्णय हो वा यो माओवादीद्वारा रचिएको कुनै कुट खेल हो भन्ने जानकारी एकाध हप्तैमा देशले पाउने छ। सरकारसँग वार्ता साँच्चै नहुने हो भने मुलुक कता जाने भन्नेबारेमा मात्र अहिले हामीले चर्चा गर्नुपर्ने हुन्छ।

चालु हिंसाले सबैलाई पराजित गरेको छ। हिंसाको मूलपाटो माओवादी पार्टीले यो दीर्घकालीन हिंसाका कारण सबैभन्दा चर्को मूल्य चुकाउनुपरेको छ। त्यसका एक हजारभन्दा बढी कार्यकर्ताहरू मारिएका छन्, त्यति नै कार्यकर्ताहरू पलायन गरेका छन्, माओवादी पार्टीको नाम विश्व राजनीतिमा सहजरूपमै आतंककारीमा दर्जित भएको छ। यसले उनीहरूलाई अन्तर्राष्ट्रिय आक्रमणको शिकार हुनुपर्ने बाध्यात्मक अवस्थामा पुऱ्याउने छ र अन्तर्राष्ट्रिय आक्रमणको प्रतिकार गर्नसक्ने कुनै आधार उनीहरूले तयार गरेका छैनन्- न भौतिक न मानसिक। त्यसबाहेक केही समयपछि अन्तरपार्टी संघर्षको नाममा त्यस पार्टीले ठूलो भौतिक क्षति उठाउनुपर्नेछ। आपसी मारामारबाट यदुवंशी विनाश निम्त्याउनु उग्रवादी संगठनको शास्वत नियम नै हो।

अहिलेसम्म माओवादीहरूलाई मित्रतापूर्वक आश्रय दिनेहरूले उनीहरूविरूद्धको प्रहार आरम्भ गरिसकेका छन्। अहिले नेपालमा भन्दा भारतमा धेरै माओवादी नेताहरू गिरफ्तार भएका छन्, अनाहकमा गिरफ्तार भए भनिए पनि तिनले न भारत बन्दको आह्वान गर्न सक्छन्, न बिहार बन्दै। माओवादीले भारत सरकारसमक्ष रिहाइको अपिलबाहेक अहिलेसम्म अरू केही गर्न सकेका छैनन्। यस्तो स्थितिमा तिनीहरूले आफ्नो नि:तान्त एक्लिएको अवस्थालाई महसुस गर्नुपर्छ। अन्तर्राष्ट्रिय अनुभवकै कुरा गर्ने हो भने, हिंसात्मक संघर्षमा लागेको फिलिपिनो पार्टीले समेत भोग्न नपरेका नकारात्मक नियति माओवादी पार्टीले भोग्नुपरिरहेको छ।

बाहिरको मात्रै कुरो किन गर्ने ? देशभित्रै पनि माओवादी पार्टीको जनाधार दिनहुँ गिर्दो छ। बन्दुकको बलले अस्थायी शक्ति त प्रदर्शन हुन्छ, तर जनबलको आधार नभएको राजनीतिक शक्ति अनिवार्यरूपमा इतिहासको गर्भमा बिलाउँछ। माओवादीको नियति त्यतै जाँदैछ। आजभन्दा आठ वर्षअगाडि माओवादीसँग जे थियो अहिले त्यसको चौथाई पनि छैन। त्यतिबेला माओवादीसँग प्रेस थियो, कांग्रेसको कुशासनबाट वाक्क भएका जनताको सहानुभूति थियो। अहिले ती दुवैलाई माओवादी पार्टीले गुमाइसकेको छ। त्यतिबेला कांग्रेसको कुशासनसँग जनता जति वाक्क भएका थिए, अहिले जनता माओवादी शासनसँग त्यो भन्दा दशगुणा बढी वाक्क भइसकेका छन्। हिजो खोजीखोजी र रोमाञ्चक पाराले माओवादीको समाचार छाप्ने सञ्चार माध्यमहरू अहिले माओवादीको समाचारै नछाप्ने धम्की दिन थालेका छन्। माओवादी पार्टीका नेताहरूलाई लाग्दो हो-हामी देशव्यापी भएका छौं। तर उनीहरूले आफ्ना स्थायी आधारहरूलाई सम्पूर्णरूपले गुमाइसकेका छन्। साँच्चै जनमत संग्रह गर्ने हो भने उनीहरूले पाँच प्रतिशत मत पनि नपाउने अवस्थाको सिर्जना उनीहरू आफैंले गर्दै गइरहेका छन्।

हिंसाले राजालाई पनि केही लाभ दिएको छैन। हिंसाका कारण प्रतिगमन बलियो भयो भन्ने तर्क राजनीतिक हो। यो कुनै सैद्धान्तिक मुद्दा होइन। उसैपनि राजनीतिक तर्कहरू सामयिक हुन्छन्, समयावधिका हिसाबले क्षणिक हुन्छन्। त्यसमाथि नेपालका कुनै पनि राजनीतकि तर्कहरू अस्थायी, क्षणभङ्गुर हुने गरेको सत्य सबैलाई थाहै छ। त्यसैले हिंसा रहेसम्म प्रतिगमन जारी राख्न सकिन्छ भनेर राजाले सोच्न मिल्दैन। यो हिंसाले अन्तर्राष्ट्रियरूपमा राजाको इज्जत-प्रतिष्ठा घटाएको छ। सेना राजाको नियन्त्रणमा छ भन्ने मान्यता अन्तर्राष्ट्रिय जगतमा स्थापित छ। यो सही होइन भनेर राजाले भन्दा पनि त्यो भनाइलाई दुनियाँका कसैले पत्याउने अवस्था छैन। त्यसैले अन्तर्राष्ट्रिय जनमत क्रमश: राजाद्वारा सिर्जित हिंसा भन्ने दिशातिर जाने सम्भावना बढ्दो छ।

यसबाहेक मगन्ते मुलुकको धनी राजा हुन मानव मनले पटक्कै राम्रो मान्दैन, मान्नुहुँदैन। अहिले सुरक्षा खर्च बढेको हुनाले र सुरक्षा खर्चको नाम सिधै राजासँग जोडिने हुनाले पनि राजालाई अहित नै गरेको छ। हिंसामुक्त राख्न सकेको भए यतिबेलासम्म जुम्लाको स्याउ गाडीबाटै नेपालगञ्ज झार्न सकिन्थ्यो। बारपाक र भट्टेडाँडाका जस्ता तारबाटाहरू दर्जनौं ठाउँमा निर्माण गर्न सकिन्थ्यो। विद्युत उत्पादन बढाउन सकिन्थ्यो। व्यापारिक हिसाबमै भन्ने हो भने आर्थिक कारोवार बढ्थ्यो। जनताको जीवनस्तर उकासिन्थ्यो। यी सबै मापकहरूले राजाका इज्जत, प्रतिष्ठा बढाउँथ्यो।

दलहरूलाई पनि हिंसाले कुनै सकारात्मक प्रतिफल दिएको छैन। तिनका निर्दोष कार्यकर्ता अनाहकमा मारिएका छन्। तिनलाई बलात् विस्थापित गरिएको छ। मुलुक क्रमश: राजनीतिक शून्यता र तत्पश्चात् भौगोलिक अस्तित्वको शून्यतातिर बढ्दो छ। जनता पीडित छन्। मारिएका छन्, सेरिएका छन्, लुटिएका छन्। जीवन अस्तव्यस्त छ।

माओवादी पार्टी, राजा अनि संसदीय दलहरू कसैका लागि फलदायी नभएको वर्तमान हिंसाले जनतालाई राहत दिनसक्ने कल्पना पनि गर्न सकिंदैन। दिएको पनि छैन। निर्दोष जनता दोहोरो हिंसाको शिकार भएका

छन् । तिनका छोराछोरी पढ्ने विद्यालयहरू अनाहकमा बन्द भएका छन् । धनीमानीहरूले आफ्ना सन्तानलाई भारत या तेस्रो मुलुकमा लगेर पढाउलान्, तर सीमान्त नागरिकहरूको जीवन असहनीय भैसकेको छ ।

यस्तो अवस्थामा हिंसा समाप्तीका लागि गरिने प्रयत्न जो कोहीका लागि पनि स्तुत्य हुनुपर्थ्यो नेपालमा । तर यस्तो हुन सकेको छैन । राजा, सरकार, आन्दोलनरत दलहरू अनि माओवादी सबैले हिंसालाई बेचीखाने आलु त बनाएका छन्, तर त्यसलाई ताछी खाने गरी अहिलेसम्म उसिन्न थालेका छैनन् ।

शेरबहादुर देउवाको नेतृत्वमा गठित वर्तमान सरकारका मूलतः तीनवटा दायित्वहरू निर्धारित थिए । पहिलो थियो शान्ति स्थापना । दोस्रो थियो स्थानीय तहमा प्रजातन्त्रको पुनर्स्थापना । तेस्रो थियो शान्तिपूर्ण वातावरणमा नयाँ प्रतिनिधिसभाको निर्वाचन । यी दायित्वहरू जसरी पूरा गरिनुपर्थ्यो त्यो हुनसकेको अनुभूति अहिलेसम्म कसैलाई भएको छैन । स्वयम् मन्त्रिपरिषद्का सदस्यहरू पनि हामीले यति काम गरेका छौं भन्नसक्ने अवस्थामा छैनन् । मुलुकका लागि यो ठूलो दुर्भाग्य हो । शान्ति स्थापनाका नाउँमा शासनधारी नेताहरूको एउटा शान्ति कमिटी बनेको छ र कर्मचारीतन्त्रभित्रको एउटा शान्ति सचिवालय बनेको छ । जसरी फटाफट् काम हुनुपर्थ्यो अहिले त्यो पनि भइरहेको देखिँदैन ।

चुक कहाँ छ ? एकचोटी खोज्नैपर्छ । माओवादी पार्टीले पनि वार्ता गर्ने भनिरहेको छ । त्यो नयाँ-नयाँ रूपमा वार्ताको टेबलमा उम्रिने कोसिस गरिरहेको छ । सरकार पनि वार्ता गर्ने नै भनिरहेको छ । सरकारका मन्त्रीहरू त हदैसम्म लचिलो हुने घोषणा बारम्बार गरिरहेका छन् । तर पनि वार्ताको अनुभूति किन कसैलाई हुन सकिरहेको छैन ? माओवादी कार्यकर्ताहरूको उन्माद बढेको बढ्यै छ । स्कूल बन्द गरे । उद्योगधन्दा बन्द गरे । नाकाबन्दीको नाटक गरेर जनताको जीवनलाई दुरूह बनाउने काम पनि तिनले गरेकै छन् । व्यक्तिहत्याको शृंखला पनि घटेको छैन । भदौ महिनाको अन्तिम हप्तामा तिनीहरूले एउटी महिलालाई सेरैरै मारे । यता सरकारी सुरक्षाको दबाब पनि जनताले महसुस गरेका छन् । न सरकार युद्धविराम गर्न तयार छ, न माओवादीहरू युद्धविराम गर्न तयार छन् । सरकार र माओवादीहरू वल्लोपल्लो डाँडामा बसेर हामी वार्ता गर्न तयार छौं त भनिरहेका छन् तर साँच्चै वार्ता गर्ने नै हो भने वार्ताकारी दुवै पक्षले पाइला चालेर तल बेसीतिर झर्नुपर्छ भन्ने ज्ञान नभएका अज्ञानी भएर तिनीहरू बसिरहेका छन् । वार्ता गर्ने भनेको विज्ञप्ति र भाषण होइन, त्यो हो ठोस अनुभूतिमूलक काम । यतातिर तिनको ध्यान नगएको हो कि जाने चाहनै नपालेको हो भन्ने सत्य पत्ता लगाउन अरू एक महिना पर्खिनैपर्छ जस्तो छ ।

तर, यति धेरै पर्खिरहन नेपाली जनता तयार छैनन् । सरकार र माओवादी दुवैले बुझ्नुपर्छ-वार्ताको ढोका कुरेर मान्छे त उभिन सक्छ, तर समय मान्छे जसरी वार्ताको ढोका कुरेर बस्न सक्दैन । समयमा काम भएन भने फेरि काम गर्न एउटा सिङ्गो चक्र पूरा गर्नुपर्ने हुन्छ । अहिले वार्ता भएन भने माओवादीले बुझे हुन्छ-सबैभन्दा ठूलो घाटा तिनले नै व्यहोर्नुपर्नेछ । माओवादीका आफ्ना कोही छैनन् अहिले । त्यो निःतान्त एक्लो भएको छ । जतिजति त्यो हिंसाको बाटोमा अघि बढिरहन्छ, त्यतित्यति त्यसको मित्रपंक्ति साँघुरिँदै जानेछ । उनीहरूले आफ्ना राजनीतिक मागहरूलाई सूत्रबद्ध ढंगले अगाडि सार्नुपर्छ र सरकारको प्रतिक्रियाका लागि कम्तीमा पनि एक हप्ताको युद्धविराम घोषणा गर्नुपर्छ । यो युद्धविराम घोषणाले माओवादी पार्टीलाई कुनै क्षेत्रमा पनि घाटा पुऱ्याउने छैन । बरू त्यसले जनतामा उनीहरूप्रति सहानुभूति नै जगाउने काम गर्नेछ ।

सरकारले युद्धविरामको पहल गर्नुपर्छ भनेर नागरिक संघ-संस्था र संगठनहरूले धेरैपटक भनिसकेका छन् । राज्य संचालन गरिरहेको हुनाले सरकारको यो दायित्व पनि हो । त्यसले यसरी कानमा तेल हालेर बस्नु हुँदैनथ्यो । दुई महिनाअघि नै त्यसले हप्ता दिनको युद्धविराम गरेर माओवादीलाई वार्तामा बस्न आह्वान गर्नुपर्थ्यो । पूरा गर्न सकिने जतिका माओवादी मागहरू पूरा गर्न कब्जियत लागेको विरामी भइरहनु पर्दैन । साना मागहरू एकतर्फी घोषणाबाटै पूरा हुन्छन्, जो हुनसक्दैनन् तिनका लागि टेबुलको दुई किनारमा बसेर छलफल थाले भइहाल्छ ।

माओवादीले पनि अर्काको काँधमा बन्दुक राखेर चरो मार्ने काम बन्द गर्नुपर्छ । मजदुरको पेटमा लात हान्ने उद्योगधन्दा बन्द गर्ने आह्वानले तिनीहरूको बलशाली बनाउँदैन । तिनीहरूले आफ्नो दृष्टिकोण प्रष्ट राख्नुपर्छ-तिनीहरूलाई सत्तामा उद्योगधन्दाहरू हुन्छन् कि हुँदैनन् । त्यहाँ श्रमिक वर्ग हुन्छ कि हुँदैन ? हुँदैन नै तिनको उत्तर हो भने जनताले उनीहरूसँग धेरै सोधपुछ गरिरहनै पर्दैन । होइन भने उनीहरूले उद्योग व्यवसाय बन्द गर्ने, विद्यालय बन्द गराएर आफ्ना राजनीतिक माग पूरा गर्ने वर्तमानको अभियान स्थगित गर्नुपर्छ । उनीहरूको राजनीतिक लडाइँ सत्तासँग हो, सरकारसँग हो भने जनता पीडित हुने काम तिनीहरूले अविलम्ब रोक्नुपर्छ ।

मान्ने, नमान्ने, महसुस गर्ने, नगर्ने काम माओवादी र सरकारको हो । नेकपा (एमाले)ले दश महिनाअघि सार्वजनिक गरेको रोडम्यापको विकल्प अहिलेसम्म कसैले दिन सकेको छैन । छ भने दिनुपर्छ, छैन भने त्यसलाई कार्यान्वयन गर्ने बित्तिकै शान्ति स्थापनाको पहिलो कार्य आरम्भ हुन्छ ।

◆

# शान्तिवार्ता प्रक्रियामा तेस्रो पक्षको भूमिका

**' गौरी प्रधान**

द्वन्द्व व्यवस्थापन र द्वन्द्व रूपान्तरणको सिद्धान्त अनुसार तेस्रो पक्षको संलग्नताको सम्बन्धमा संसारमा खासगरी तीन वटा फरक-फरक अवधारणाहरूको विकास भएको देखिन्छ । जसलाई सामान्य भाषामा क्रमशः पहिलोलाई औपचारिक हस्तक्षेप अर्थात् "ट्र्याक वन" डिप्लोम्यासी, दोस्रोलाई अनौपचारिक हस्तक्षेप अर्थात "ट्र्याक टू" डिप्लोम्यासी र तेस्रोलाई "ट्र्याक थ्री" डिप्लोम्यासी अर्थात् नागरिक समाजको हस्तक्षेप भनिन्छ । यसलाई कतिपय देशमा "जनसहजकर्ता" को संज्ञा पनि दिने गरिएको छ । संसारमा भएका सशस्त्र संघर्ष वा युद्धका परस्पर विरोधी पक्षहरूबीचको शान्ति सम्झौताको सन्दर्भमा आजभोलि तेस्रो पक्षको संलग्नता लोकप्रिय हुँदै गएको छ । कैयन् देशमा यसखाले अवधारणाको व्यवहारिक पक्ष पनि क्रमशः सफल र प्रभावकारी बन्दै गइरहेको छ ।

श्रीलंका, आयरल्याण्ड, सियरालियोन, कम्बोडिया, इथियोपिया, बुरून्डी, सोमालिया, इजिप्ट-इजरायल शान्ति सम्झौताको सन्दर्भमा विभिन्न थरीका तेस्रो पक्षको संलग्नता रहेको थियो । तर, दक्षिण अफ्रिकाको शान्ति प्रक्रिया भने फरक थियो र त्यहाँ तेस्रो पक्षको प्रत्यक्ष संलग्नता थिएन । तेस्रो पक्षको संलग्नताको पहिलो र आधारभूत कुरा भनेको त्यो सबैको निम्ति स्वीकार्य हुनु हो । माथि उल्लेखित पहिलो अवधारणा अनुसार संलग्न तेस्रो पक्षले शान्ति सम्झौताको दौरान आवश्यकता अनुसार आफ्नो शक्ति र प्रभाव पनि प्रयोग गर्दछ । यो खासगरी प्रभावशाली राष्ट्र, समूह र संयुक्त राष्ट्रसंघले गर्ने गरेको हस्तक्षेपको दौरान हुने गर्दछ । तर, दोस्रो अवधारणा अनुसार संलग्न तेस्रो पक्षले आफ्नो शक्ति र अधिकार प्रयोग गर्दैन । बरू उसले आफ्नो बुद्धि, विवेक, कार्यकुशलता र कूटनीतिलाई प्रयोग गरी त्यसलाई सफल बनाएको हुन्छ । श्रीलंकामा हाल भइरहेको शान्तिवार्ता वास्तवमा "ट्र्याक टू" डिप्लोम्यासी अन्तर्गत पर्दछ ।

जहाँसम्म हाम्रो देशको वर्तमान परिवेशको सवाल छ, शान्ति सम्झौताको निम्ति तीनैखाले गतिविधिहरू सक्रिय रहेको भए तापनि त्यसले खास प्रभावकारी परिणाम निकाल्न सकेको छैन । हाम्रो देशको सन्दर्भमा सिद्धान्ततः "ट्र्याक थ्री" एप्रोच अर्थात् "जनसहजकर्ता"को अवधारणा स्थापित हुन गइरहेको छ । वास्तवमा शान्ति सम्झौताको यो अवधारणा उपयुक्त र राष्ट्रिय हितको पक्षमा पनि छ । अर्थात्, आफ्नो देशको द्वन्द्व समाधान आफ्नै देशको बुद्धि, विवेक र सीप प्रयोग गरी गर्नुपर्दछ र त्यो सफलता सिङ्गो देशको लागि एउटा महान काम पनि हुनेछ ।

विगत ८ बर्षको दौरान, सरकार र माओवादीबीच भइरहेको सशस्त्र संघर्षको अन्त्य र शान्ति सम्झौताको सम्बन्धमा धेरै प्रयत्नहरू भए । राजनीतिक पार्टीहरू, मानवअधिकार समुदाय र नागरिक समाजको तर्फबाट पनि विभिन्नखाले कामहरू भए । संयुक्त राष्ट्रसंघ लगायत कतिपय देशले यसको निम्ति आफ्नो सेवा र तत्परता जाहेर पनि गरे । कैयन् अन्तर्राष्ट्रिय संघसंस्थाहरूले द्वन्द्वका दुवै पक्षसँग सम्पर्क सूत्र कायम गरी वार्तालाई अगाडि बढाउन प्रयत्न गरे । तर, विगतमा पनि पद्मरत्न र दमननाथको प्रयत्नलाई मात्रै साथ मिल्यो र वार्ताका प्रक्रियाहरू अगाडि बढे । अफसोच ! उहाँहरूको प्रयत्न र सिंगो देशको शुभकामनाको बाबजुद पनि सफल हुन सकेन । त्यसका धेरै कारणहरू हुन सक्दछन् ।

शान्तिवार्तामा संलग्न हुने धेरैको चाहना देखियो । हामीले यसबीच थरिथरिका "सहजकर्ता" हरू पनि देख्यौं र भोग्यौं पनि । शान्ति स्थापना गर्ने जस्तो महान कार्यमा योगदान दिन चाहने सबैको असल भावनालाई कदर गर्नैपर्छ । तर, चाहना राख्दैमा सबै मानिसहरू सहजकर्ता हुन सक्दैनन् । सरकार- माओवादी वार्ता वा राजनीतिक पार्टीहरूको गोलमेच सम्मेलन वा सर्वपक्षीय सम्मेलन जस्ता विषयवस्तुमा जनसरोकारका विषयवस्तुहरू उठाउन पाउनु सबैको हकअधिकार हो । त्यहाँ राजनीतिक पार्टीहरूका नेताहरूका साथसाथै मानवअधिकार आन्दोलन, महिला आन्दोलन, दलित र जनजाति आन्दोलन लगायतका सामाजिक आन्दोलनहरूले त्यस प्रक्रियामा सहभागी हुन पाउनुपर्दछ । त्यहाँ आफ्ना सरोकारका विषयवस्तुहरू उठाउन पाउनुपर्दछ । तर, त्यसको अर्थ सबैले सहजकर्ताको भूमिका खोज्नु मनासिब हुँदैन ।

युद्धविराम र शान्ति सम्झौताको दौरान समाजका सबै पक्षहरूको आ-आफ्नो भूमिका रहेको हुन्छ । यसक्रममा मानवअधिकारवादी संस्थाहरूले युद्धविराम र शान्तिप्रक्रियाको सम्बन्धमा "मानवअधिकार-आचारसंहिता" तर्जुमा गरी सहजकर्ताहरूको माध्यमबाट त्यसलाई सरकार र माओवादी दुवै पक्षबाट स्वीकार्न लगाउनुको साथै त्यसको अनुगमन

गर्नुपर्दछ। नागरिक समाज र मानवअधिकार समुदायहरू मिलेर सशस्त्र द्वन्द्वको अन्त्य, अपहरित र गैरकानुनी बन्धकहरूको रिहाइ, बेपत्ता पारिएकाहरूको यथार्थ जानकारी, बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र पुनर्स्थापनाको ग्यारेन्टी, घाइतेहरूको उपचार, मानवीय सेवा र सहायताहरूको आपूर्ति र खाद्य सुरक्षाको व्यवस्थामा जोड दिनुपर्दछ। सबै मानिसहरू मानवअधिकारवादी हुन सक्दछन् तर सबै मानवअधिकारवादीहरू सहजकर्ता हुन सक्दैनन्। उनीहरूको मुख्य काम सहजकर्ता बन्नु नभएर देशमा मानवअधिकार र मानवीय कानुनको रक्षा गर्नु र द्वन्द्वका पक्षहरूलाई तदनुरूप व्यवहार गर्न प्रोत्साहित गर्नु र त्यस कार्यमा जागरूक पर्यवेक्षकको भूमिका निर्वाह गर्नु हो।

हाम्रो देश अहिले सामाजिक रूपान्तरणको प्रसव बेदनामा तड्पिरहेको छ। यस्तो बेलामा हामीले गम्भीर र जिम्मेवारीपूर्वक काम गऱ्यौं भने मात्रै दीगो शान्ति र न्यायपूर्ण समाजको स्थापना हुन सक्दछ। यसको निम्ति के पत्रकार, के शिक्षक, के मानवअधिकारवादी, के वकिल, के बुद्धिजीवी समाजका हरेक जागरूक पक्षले शान्ति र न्यायको पक्षमा योगदान दिनु जरूरी छ। जहाँसम्म शान्तिवार्तामा जनसहजकर्ताहरूको भूमिका छ, त्यो सबै हिसाबबाट सक्षम र परिपक्व हुनुपर्दछ। अबको वार्तामा जनसहजकर्ताहरूले खबर ओहर-दोहर गर्ने हलकारा, वार्तालाई नजिकबाट हेर्ने साक्षी, समाचारको स्रोत र शीर्षक भएर मात्रै पुग्दैन। उनीहरू वर्तमान अन्यौल र अप्ठ्यारो परिस्थितिलाई व्यवस्थित ढङ्गले सार्थक र निक्र्यौलमा पुऱ्याउन पनि क्रियाशील हुनुपर्दछ।

यसको निम्ति जनसहजकर्ताहरूले युद्धविराम, शान्ति प्रक्रिया र मानवअधिकारको विषयहरूमा बनेका आचारसंहिता र परस्पर विरोधी पक्षहरूको राजनीतिक एजेण्डा र जनसरोकारका विषयवस्तुलाई गहन गरी तदनुरूप वार्ताका विषयहरू तर्जुमा गर्नुपर्दछ। जनसहजकर्ताहरूले शान्तिवार्तालाई असर पार्ने खालका टिकाटिप्पणी, लेखरचना र अन्तर्वार्ताहरू प्रकाशित गर्नुहुँदैन। आफूले गर्ने सम्पूर्ण कुराहरू "प्रो-एक्टिभ" एप्रोचको आधारमा गर्नुपर्दछ र राजनीतिक पार्टीहरू र जनसमुदायहरूलाई त्यही भावनाअनुरूप काम गर्न अपिल गर्नुपर्दछ। जनसहजकर्ताको मुख्य काम भनेको द्वन्द्व र द्वन्द्वसँग सम्बन्धित सबै कुराहरूको वैज्ञानिक विश्लेषण गरी त्यसको उपयुक्त र भरपर्दो निकास खोज्नु हो।

परस्पर विरोधी पक्षहरूबीचको शान्तिवार्ताको यात्रा तय गर्ने कुरा सजिलो छैन। समय-समयमा वार्ताकारहरूबीच सानो-मसिनो कुरादेखि गम्भीर सवालहरूमा मतभेद हुन सक्दछ, त्यस्ता विषयहरूमा विवेकपूर्ण ढङ्गले हस्तक्षेप गरिएन भने त्यसले वार्ताको काम भाँडिन पनि सक्दछ। तसर्थ, जनसहजकर्ताहरूले वार्ताको विषयवस्तु तय गर्नुको साथसाथै त्यसलाई कसरी अगाडि बढाउने भन्ने प्रक्रियाको सन्दर्भमा एउटा सर्वस्वीकृत "कार्यसूची र नियम" तर्जुमा गर्नुपर्दछ। जनसहजकर्ताहरू स्वयंमा यस विषयमा विशेषज्ञता र समन्वय क्षमता हुनु आवश्यक छ। कथंकदाचित त्यसो हुन नसकेमा उहाँहरूले आफ्नो साथमा असाध्य भरपर्दो, क्षमतावान र गतिशील विशेषज्ञहरूको समूहको सहयोग लिएर काम गर्नुपर्दछ। शान्तिवार्तालाई सहभागितामूलक र प्रक्रियाउन्मुख बनाउन आश्यकताअनुसार दुईपक्षीय र बहुपक्षीय वार्ताहरू (औपचारिक र अनौपचारिक) को तर्जुमा गर्नुपर्दछ। वार्ता प्रक्रियालाई आवश्यकतानुसार पारदर्शी बनाउन एक सक्षम प्रवक्ताको व्यवस्था पनि गर्नुपर्दछ।

सहजकर्ताको महत्वपूर्ण गुण र विशेषता भनेको ऊ सर्वस्वीकार्य र निष्पक्ष हुनु जरूरी छ। शान्तिवार्तामा सहजकर्ताको 'आफ्नो' छुट्टै एजेण्डा हुनुहुँदैन र ऊ सधैंभरि साझा सरोकार र साझा सहमतिको निम्ति प्रयत्नशील हुनुपर्दछ। सहजकर्ताहरूले द्वन्द्वका पक्षहरूसँग आवश्यकतानुसार छुट्टाछुट्टै र सँगसँगै भेट्नुपर्दछ। साथसाथै वार्ताको वातावरणलाई जागरूक बनाइराख्न उसले अन्य पक्षहरूसँग पनि सम्पर्क राखिरहनु पर्दछ। हाम्रो देशको सन्दर्भमा अब निकट भविष्यमा हुने शान्तिवार्तालाई एउटा सार्थक र परिणाममुखी अवस्थामा पुऱ्याउन सहजकर्ताहरूले द्वन्द्वको प्रकृति, द्वन्द्वका पक्षहरू र उनीहरूका राजनीतिक अडान, जनसरोकारका विषयवस्तुहरूको गम्भीर अध्ययन विश्लेषण गर्नुपर्दछ। त्यसैगरी शान्तिवार्तालाई भत्काउन र बिगार्न चाहने तत्वहरूको बारेमा पनि यथेष्ट जानकारी राख्नु जरूरी छ। सहजकर्ताहरूले कहिले पनि सम्पूर्ण समस्याहरूको एकैचोटी समाधान खोज्नुहुँदैन। हाम्रो देशको विविध समस्याको प्रकृति फरक-फरक हुँदा सहमति भएका विषयवस्तुलाई अगाडि सार्दै विवादमा रहेका विषयवस्तुहरूलाई सिलसिलेवार ढङ्गले मिलाउन प्रयत्न गर्नुपर्दछ।

कुनैपनि वार्ता सफल हुन्छ कि हुँदैन भन्ने कुरा त्यसको वातावरण र वस्तुगत परिस्थितिमा भर पर्दछ। तर, सहजकर्ताहरू वार्ताको टेबलमा बस्दा कठिन भन्दा कठिन परिस्थितिलाई पनि सम्हाल्न सक्ने परिस्थितिमा तयार हुनुपर्दछ। यसको निम्ति उसले (१) वार्ताका सहभागीहरू (२) वार्ताका नियमहरू (३) वार्ताका पक्षहरूको अस्तित्वको सम्मान (४) समझदारी र सम्झौताको कार्यान्वयन (५) वार्ताको स्वरूपहरूबारे सहमति (६) वार्ताको स्थान वा ठाँउको छनौट (७) वार्ता सम्बन्धी सार्वजनिक जानकारीको प्रक्रिया (८) वार्ताका सहमतिहरूको कार्यान्वयन (९) वार्ता व्यवस्थापन र (१०) निर्णय प्रक्रिया इत्यादिको बारे सुस्पष्ट हुनु अति जरूरी छ।

द्वन्द्व व्यवस्थापनको अर्थ युद्धविराम वा सशस्त्र संघर्षहरूको स्थगन मात्रै होइन, बरू न्याय, समानता र परिवर्तनको निम्ति द्वन्द्व रूपान्तरणको प्रक्रिया पनि हो। द्वन्द्व व्यवस्थापनको सिद्धान्त अनुसार सहजकर्ताहरूले द्वन्द्वका विषयवस्तुहरू, द्वन्द्वका पक्षहरू र जनसरोकारका विषयवस्तुहरूलाई गहनतापूर्वक अध्ययन गरी त्यसको विश्लेषण गर्नुपर्दछ। द्वन्द्व समाधानको सन्दर्भमा सहजकर्ताहरूले विद्यमान चुनौती र अवसरहरूको पनि विश्लेषण गर्नुपर्दछ।

जहाँसम्म हाम्रो देशको वर्तमान द्वन्द्व र विवादको समाधानको कुरा छ, यसलाई हतारोमा भन्दा व्यवस्थित ढंगले अगाडि बढाउनु जरूरी छ। सहजकर्ताहरूले अहिलेको अवस्थामा बिग्रेको वातावरण बनाउने हो भने खासगरी नयाँ संबिधान के कसरी बनाउने भन्ने सम्बन्धमा संबिधानसभा, संविधान संशोधन र संविधान पुनर्लेखनको विषयमा सुस्पष्ट अवधारणा विकास गरी आम सहमति कायम गरी वार्ता प्रक्रियालाई अगाडि बढाउनु अहिलेको मूल आवश्यकता हो। *(श्रमिक खबरबाट)*

◆

# परिवर्तित सन्दर्भमा पार्टी कामको प्राथमिकता

**' विष्णु पौडेल**

**हि**जो जे गरिएको थियो, आज त्यही गर्ने र भोलि पनि त्यही काम दोहोऱ्याउने तरिकाले पार्टीको संगठनात्मक क्षमता बढ्न सक्तैन। पार्टी काम अघि बढाउन परिस्थितिको आम र विशिष्ट पक्षलाई ठीक ढंगले पहिचान गर्नसक्नु पर्छ। आम अर्थात् सापेक्षितरूपमा स्थिर पक्ष र विशिष्ट अर्थात् सापेक्षितरूपमा गतिशील पक्षका बीचमा उचित संयोजन गरेर कामका विशिष्ट रूप, तरिका र अभिभाराहरू निर्धारण गर्न सक्नुपर्छ।

पार्टीको सातौं राष्ट्रिय महाधिवेशन र त्यसयताको आम परिस्थिति यथावत छ। मुलुकको सामाजिक-आर्थिक अवस्था, उत्पादन शक्ति, उत्पादन सम्बन्ध र उत्पादक शक्तिको विकासका आधारभूत बाधक शक्तिहरू यथावतै छन्। तर तात्कालिक र विशिष्ट स्थितिका कतिपय पक्षहरूमा भने फेरबदल भएको छ। ०५९ असोज १८ को प्रतिगामी शाही कदमका विरूद्धमा संचालित २० महिना लामो संयुक्त जनआन्दोलनको परिणामस्वरूप शेरबहादुर देउवाको नेतृत्वमा संयुक्त सरकार निर्माण भएको छ। प्रतिगमनविरोधी सडक आन्दोलनको अग्रभागमा रहेको हाम्रो पार्टी संयुक्त सरकारमा सहभागी बनेको छ। प्रतिगमन आंशिकरूपमा सच्चिएको छ। पूर्णरूपमा सच्चाउन सरकार स्वयंलाई प्रजातान्त्रिक आन्दोलनको अगुवा मोर्चामा रूपान्तरण गर्न सकिने संभावना प्रकट भएको छ। त्यसरी नै विभिन्न बहानामा अवरूद्ध भएको शान्ति प्रक्रियालाई गति प्रदान गर्न र ९ बर्षअघिदेखि विकसित हुँदै आएको द्वन्दलाई शान्तिपूर्ण निकास दिन सकिने संभावना प्रकट भएको छ। शान्ति र प्रजातन्त्रका लागि सरकारबाट संचालन गरिने टेवुल संघर्ष र जनताको दबाबपूर्ण सडक संघर्षलाई एकीकृत गर्न सकिने संभावना देखापरेको छ।

कार्यनीतिक दृष्टिले हिजो हाम्रो संगठनात्मक शक्ति प्रतिगमनविरूद्धको सडक आन्दोलनलाई सफल तुल्याउनमा केन्द्रित थियाके। सरकारमा सामेल भएपश्चात् पार्टीको भूमिका सरकार र सडकको समन्वयात्मक प्रयासका आधारमा प्रतिगमनलाई पूर्णरूपमा पराजित गर्न र शान्तिपूर्ण संवादका माध्यमबाट हिंसा र प्रतिहिंसाको समस्यालाई समाधान गर्नमा केन्द्रित छ। शान्ति, प्रजातन्त्र र अग्रगमनको उद्धेश्य आज पनि यथावत नै छ, तर त्यसलाई प्राप्त गर्ने संघर्षका रूप, तरिका र उपकरणहरू बदलिएका छन्। परिस्थितिको विशिष्ट पक्षमा आएको परिवर्तनसँगै कार्यनीतिका कतिपय पक्षहरू बदलिएका छन्। संगठनात्मक कामको प्राथमिकता पनि बदलिएको छ।

अहिले पनि शान्ति, प्रजातन्त्र र अग्रगमन नै हाम्रोसामु उपस्थित मुख्य अभिभाराहरू हुन्। हामीले जनदबाब, संवाद वा जे काम गर्दा यो अभिभारा पूरा गर्न सक्छौं, त्यही काम गर्नुपर्छ। जस्तो संगठनात्मक शक्तिले यो काम सम्पन्न गर्न सक्छ, त्यस्तै संगठानात्मक शक्ति निर्माण गर्नुपर्छ। सरकार स्वयं राज्यसत्ताको नेतृत्वदायी र सर्वोच्च अंग हो। राष्ट्र अभूतपूर्व संकटमा फसिरहेको बेला हामी त्यही सर्वोच्च अंगमा उपस्थित भएका छौं। सरकारमा हाम्रो उपस्थिति संकट समाधान गर्ने ऐतिहासिक अवसर हो। तर यो अवसरलाई ठीक ढंगले प्रयोग गर्न सकेनौं भने भयानक भूल सावित हुन पनि सन्दछ। हामीले यो अवसरलाई गुम्न नदिन, चुनौतीलाई सामना गर्न र संभावना प्राप्त गर्न निम्नानुसार अघि बढ्न जरूरी छ :

**१. राज्य संचालनमा प्रभावकारी भूमिका :**

नेकपा (एमाले) वर्तमान संयुक्त सरकारको सबैभन्दा ठूलो पार्टनर हो। पदीय हिसावले शेरबहादुर देउवा र दलीय हिसावले नेपाली कांग्रेस (प्रजातान्त्रिक) ले सरकारको नेतृत्व गरेको भएतापनि हैसियत र भूमिकाको दृष्टिले नेकपा (एमाले) ले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नुपर्दछ। जनताको चाहना पनि यस्तै रहेको छ। दृष्टिकोण, प्रतिबद्धता र दलीय हैसियतका दृष्टिले पनि यो अपेक्षा नितान्त स्वभाविक छ।

यतिबेला सरकारको सफलता वा असफलताको एकमात्र मापक युद्धको अन्त्य र शान्तिको स्थापना बन्न पुगेको छ। शान्ति स्थापनाबिना अरू काम गरेर सरकार सफल हुन सक्तैन। त्यसरी नै शान्तिबिना प्रजातन्त्र र अग्रगमनको पक्षमा अरू कुनै उल्लेखनीय काम गर्न पनि संभव छैन।

तर शान्ति स्थापनको मार्गमा हाम्रासामु केही गम्भीर चुनौतीहरू विद्यमान छन् । नेपाली कांग्रेसलगायत सडकमा रहेका पार्टीहरूले यो सरकारलाई प्रतिगमनको निरन्तरताको अर्थमा लिएका छन् र तदनुरूपको व्यवहार गरिरहेका छन् । दरवारियाहरू यो सरकार आफ्नो मतियार बनोस् र असफल होस् भन्ने चाहन्छन् । उनीहरू सरकारलाई राम्रो काम गर्न नदिने, गलत कामका निम्ति दबाब दिने र बदनाम गर्ने प्रयासमा केन्द्रित छन् । समस्याको शान्तिपूर्ण समाधानको सवालमा नेकपा (माओवादी) को भूमिका अविश्वसनीय छ । नेपालको आन्तरिक मामलामा दखल राख्ने वैदेशिक शक्तिहरू समस्याको समाधानमा आफ्नो भूमिका अग्रणी होस् र आफ्नो स्वार्थ पूरा होस् भन्ने चाहन्छन् । सरकारमा संलग्न राजनीतिक पार्टीहरू समस्याको समाधान र शान्ति स्थापनाका सम्बन्धमा एक समान दृष्टिकोण राख्दैनन् । उनीहरूमध्ये कतिपयले समस्याको प्रतिगामी समाधान चाहन्छन् त कसैले यथास्थितिवादी समाधान चाहन्छन् । स्वयं प्रधानमन्त्री शान्तिपूर्ण समाधानको पक्षमा त्यति उत्साहित देखिएका छैनन् । सरकारमा नेकपा (एमाले) मात्र यस्तो एउटा पार्टी छ, जसले समस्याको अग्रगामी समाधान चाहन्छ र शान्तिपूर्ण समाधान चाहन्छ । शान्ति, प्रजातन्त्र र अग्रगमनको सुनिश्चितता चाहन्छ ।

नेकपा (एमाले) ले सरकारमा सामेल हुँदा यी सबै प्रतिकूलताहरूलाई मध्यनजर गरेको छ र सामना गर्न सकिन्छ भन्ने विश्वास लिएको छ । यो विश्वासलाई सार्थक तुल्याउन पार्टीलाई प्रतिनिधित्व गरेर सरकारमा जानुभएका कमरेडहरूले नीतिमा दृढ र व्यवहारमा लचिलो भएर सरकारलाई पार्टी दृष्टिकोणअनुरूप डोऱ्याउनका लागि बौद्धिक र तार्किक ढंगले प्रस्तुत हुन जरूरी छ । समस्यालाई प्राथमिकताका आधारमा सूचिकृत गर्न र समाधानका लागि पहलकदमी लिन जरूरी छ । शान्ति, प्रजातन्त्र र अग्रगमनको पक्षमा प्रभावकारी र हस्तक्षेपकारी भूमिका निर्वाह गर्न जरूरी छ । मन्त्री कमरेडहरूलाई दर्जनौं नेता, हजारौं कार्यकर्ता, हजारौं-हजार सदस्यहरू र लाखौं-लाख शान्तिकामी तथा प्रजातन्त्रप्रेमी जनताको समर्थन र सहयोग प्राप्त छ । उहाँहरूले यो संगठनात्मक शक्ति र जनाधारमाथि निर्भर भएर दृढतापूर्वक अघि बढ्न जरूरी छ ।

**२. शान्ति, प्रजातन्त्र र अग्रगमनका लागि जनदबाब :**

मुलुकमा विद्यमान द्वन्दको सैनिक समाधान संभव छैन । त्यसैगरी युद्धरत शक्तिहरूमध्ये एकले अर्कोलाई सैनिकबल वा शान्तिपूर्ण तरिकाबाट निषेध गर्न पनि संभव छैन । राष्ट्रिय स्वाधिनताको मूल्यमा विदेशी सैन्य हस्तक्षेपलाई आमन्त्रण गरेर समाधान खोज्ने र अर्ध पराधिन अवस्थामा रहेको मुलुकलाई पूर्णरूपले पराधिन तुल्याउने कुरा कुनै पनि देशभक्त नेपालीले मन्जुर गर्न सक्तैन । यो बाहेक कुनै पनि सकारात्मक विकल्पमा जान तयार हुने हो भने हाम्रासामु शान्तिपूर्ण संवादको माध्यमबाट समाधान खोज्ने एउटामात्र तरिका, शान्तिपूर्ण संवादको तरिका बाँकी छ । नेकपा (एमाले) वर्तमान सरकारमा सामेल हुनुको केन्द्रीय तात्पर्य पनि शान्तिपूर्ण संवादका माध्यमबाट समस्याको समाधान खोज्नु नै हो ।

तर शान्तिपूर्ण संवादको मार्गमा माथि उल्लेखित अवरोधहरू विद्यमान छन् । यसबीचमा एकातिर नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले वार्ताका निम्ति संविधानसभालाई पूर्वशर्तका रूपमा अघि सारेका छन् भने अर्कातिर प्रधानमन्त्री देउवाले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई वार्ताको पूर्वशर्तका रूपमा अघि सारेका छन् । वस्तुतः यी दुवैथरी अभिव्यक्तिहरूले वार्ताका निम्ति वातावरण बन्न नदिन भूमिका खेलेका छन् । वार्ता शान्तिपूर्ण समाधान खोज्ने उद्धेश्यका निम्ति केन्द्रित हुनुपर्छ । तर, यो वा त्यो कुनै पनि पक्षले पूर्वशर्त अघि सार्ने हो भने वार्ताको वातावरण बन्न सक्तैन । दुवैतिरबाट प्रचार गरिएका शर्त वा पूर्वशर्तहरूले वार्ताको वातावरण बन्न नदिनकै निम्ति भूमिका निर्वाह गरेका छन् ।

शान्ति, प्रजातन्त्र र अग्रगमनको भविष्य सफल शान्तिवार्ताको आयोजना हुन्छ वा हुँदैन भन्ने कुरामा निर्भर हुन पुगेको छ । वार्ताको मार्गमा रहेका सबै प्रकारका अवरोधहरूलाई नपन्छाइकन युद्धविराम, शान्तिवार्ता र समस्याको शान्तिपूर्ण समाधानको पक्षमा वातावरण बन्न सक्तैन । हामी पनि सरकारले राष्ट्रिय आवश्यकता र जनताको चाहना पूरा गरिदेओस् भनेर कामना गरेर बस्न सक्दैनौं । यसनिम्ति सबैभन्दा प्रभावकारी र सशक्त उपाय जनदबाब नै हो । तसर्थ अहिले हाम्रो सम्पूर्ण पार्टी शक्ति, शान्तिकामी राजनीतिक शक्ति र जनशक्तिलाई माओवादी, सरकार र वार्ताविरोधी शक्तिहरूलाई वार्ताको पक्षमा उभ्याउन प्रभावकारी ढंगले परिचालित गर्न जरूरी छ । माओवादी र सरकार कसैलाई पनि शान्तिवार्ताको विरूद्धमा उभिन नदिन सशक्त जनदबाब सृजना गर्न जरूरी छ ।

**३. जनतासँग घनिष्ट सम्बन्ध :**

जनताबाट अलग थलग रहेको पार्टीले जनताको भावनालाई अगुवाई गर्न सक्तैन र यस्तो पार्टीले जनअभिभारा पूरा गर्न पनि सक्तैन । यसै अर्थमा हामीले सदा जनतासँगको सम्बन्धलाई महत्व दिंदै आएका छौं । पार्टी र जनताबीचको सम्बन्ध पानी र माछाको जस्तो हुनुपर्छ, जनतालाई पानी र पार्टीलाई माछा ठान्नुपर्छ र पार्टी सदा जनताकै माझमा रहनु पर्दछ । तर अहिले पार्टीका नेता, कार्यकर्ता र सदस्यहरूको उल्लेखनीय संख्या राजधानी र शहरी केन्द्रहरूमा सीमित हुने अवस्था देखापरेको छ । पार्टी सरकारमा सामेल भएयता त राजधानीका मन्त्रालय र पार्टी कार्यालयमा कार्यकर्ताहरूको ओइरो नै लाग्न थालेको छ । अत्यावश्यक कामले योजनाका साथ आउने बाहेक अन्य प्रकारको भीडलाई दुरूत्साहित गर्नु पर्दछ । र, कार्यकर्तालाई कार्यक्षेत्रमै फर्किन प्रेरित गर्नुपर्दछ ।

माओवादीबाट हुने गरेको हत्या, हिंसा, आक्रमण र लुटपाटको कारणले कार्यकर्ताहरूको एउटा महत्वपूर्ण हिस्सा पीडित र विस्थापित हुन बाध्य छ । कार्यकर्ताको यो पंक्तिलाई सहयोग र सुरक्षाको प्रबन्ध गर्दै पार्टी काममा फार्काउने चुनौती पार्टीका सामु उपस्थित छ र यो चुनौतीलाई हामीले सामना गर्नैपर्छ । पार्टीको मेरूदण्डका रूपमा रहेका कार्यकर्ताहरूले सामना गर्नुपरेको यो कठिनाईप्रति पार्टीले बेवास्ता गर्न सक्तैन । तर हामी कुनै पनि अवस्थामा कार्यक्षेत्र खाली गर्न सक्तैनौं । हामीले हाम्रो पार्टी गाउँ बस्ती, टोल मोहल्ला र जनताको न्यानो काखबाट विस्थापित भएको हेरेर बस्न सक्तैनौं ।

माओवादीको हातमा रहेको अविवेकी बन्दुकले हामीलाई जनताको माझमा जान बाधा खडा गरिरहेको छ । तर पनि हामी पार्टीका नीति र विचार लिएर वैचारिकरूपमा मुकावला गर्दै जनताको माझमा जान तयार हुनैपर्छ । वर्तमान सन्दर्भमा हामी सरकारमा निरूद्धेश्य ढंगले गएका छैनौं । हाम्रो उद्धेश्य संविधानसभामा गएर भएपनि विद्यमान द्वन्दलाई संवाद र शान्तिपूर्ण

तरिकाले समाधान गर्नुपर्छ भन्ने नै हो । यस सन्दर्भमा हामीले सुविचारित ढंगले आफ्नो मान्यतालाई सूत्रबद्ध गरेका छौं र सार्वजनिक पनि गरेका छौं । पार्टीको यो विचार र मान्यता बोकेर जनताको माझमा जान चाहने नेता तथा कार्यकर्ताहरूमाथि आक्रमण गरेर माओवादीहरूले कसको सेवा चाहेका हुन् ? उनीहरूले विपक्षी राजनीतिक पार्टीका गतिविधिलाई निषेध गरेर चाहेको परिणाम के हो ? हामी पार्टीका निर्णित विचारहरूका साथमा यी र यस्तै प्रश्नहरू बोकेर जनताका जनताका माझमा जानुपर्छ र राजनीतिक तथा संगठनात्मक कामलाई निरन्तरता दिनुपर्छ । राजधानी र शहरी केन्द्रहरूमा थुप्रिएको कार्यकर्ता पंक्तिलाई कार्यक्षेत्रमा फर्काउनुपर्छ ।

**४. पार्टीको आन्तरिक एकतामा जोड :**

बलियो शत्रुको आक्रमणले पराजित नभएको पार्टी आन्तरिक एकता कमजोर हुँदा पराजित हुन पुग्छ । यसर्थ विचारधारात्मक, संगठनात्मक र भावनात्मक दृष्टिले पार्टी एकता बलियो हुन जरूरी छ। पार्टीभित्र एकताको आधार व्यक्तिहरूबीचको निजात्मक सम्बन्ध हुनुहुँदैन । एकताको आधार पार्टीका विचार र निर्णयहरू हुनुपर्छ । निर्णय प्रक्रियामा सम्बन्धित सबैको सक्रिय सहभागितको सुनिश्चितता र निर्णय कार्यान्वयनमा निष्ठापूर्ण प्रयास हुनसक्दा मात्र पार्टी एकतालाई खँदिलो बनाउन सकिन्छ ।

हामीलाई यतिबेला राष्ट्रिय समस्याको समाधानका लागि सर्वदलीय सहमति चाहिएको छ । राष्ट्रिय सहमति चाहिएको छ । हामीले हाम्रो मुलुकमा विद्यमान द्वन्दको सकारात्मक समाधानका निम्ति संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय शक्तिहरूको पनि साथ, समर्थन र सहयोग चाहेका छौं । तर विडम्बनाको पक्ष के छ भने हामीले पार्टीभित्रको एकतालाई आवश्यक मात्रामा मजबुत बनाउन सकेका छैनौं । अहिले हामी जस्तो राष्ट्रिय अभिभारा निर्वाह गर्ने तयारीमा जुटिरहेका छौं, यसका लागि पार्टी एकता अनिवार्य शर्त हो । पार्टी एकतालाई मजबुत नबनाई हामीले यो अभिभारा निर्वाह गर्न सक्नेछैनौं । तसर्थ हामीभित्र विद्यमान विभाजित मानसिकताको दुखद् अवस्थालाई अविलम्ब अन्त्य गर्न जरूरी छ । नीति, विचार र विधिको जगमा पार्टी एकतालाई खँदिलो बनाउन जरूरी छ ।

अन्तमा,

हामी यतिबेला अभूतपूर्व चुनौतीको माझमा छौं र त्यसरी नै ऐतिहासिक संभावनाको संघारमा पनि छौं । हामीले चुनौती सामना गर्न सक्यौं, शान्ति बहाल गर्दै प्रजातन्त्रलाई सुदृढ तुल्याउन सक्यौं र मुलुकलाई अग्रगामी दिशामा अगाडि बढाउन सक्यौं भने हामी इतिहासको अजेय शक्तिमा रूपान्तरित हुनेछौं । कदाचित असफल भयौं भने इतिहासले प्रदान गरेको सुनौलो संभावना गुम्ने छ र हाम्रो क्षमतामाथि पनि गम्भीर प्रश्नचिन्ह खडा हुनेछ । यो सरकारको असफलतासँगै मुलुक सैनिकीकरणतर्फ अघि बढ्नेछ, विदेशी हस्तक्षेप सन्निकट हुनेछ, राष्ट्रको स्वाधिनता संकटमा पर्नेछ र नागरिक सरकारलाई सैनिक सरकारले विस्थापित गर्नेछ । यसअर्थमा पनि हामीले चुनौती र संभावनालाई ठीक ढंगले ठम्याउन सक्नुपर्छ । हामीले चुनौतीलाई सामना गर्ने र संभावनालाई प्राप्त गर्ने सामर्थ्य प्रदर्शित गर्नैपर्छ ।

◆

### एसियाली राजनीतिक दलहरूको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन

# बेजिङमा आदान–प्रदान सहयोग र विकासको उद्घोष

**' भीम रावल**

**सेप्टेम्बर २००० मा स्थापित एसियाली राजनीतिक दलहरूको अन्तर्राष्ट्रिय सम्मेलन एउटा महान कार्यारम्भ हो । यस अन्तर्गत एसियाली राजनीतिक दलहरू शान्ति र विकासको समसामयिक प्रवृत्तिसँग समायोजन गर्छन्, तीव्र गतिमा विकसित क्षेत्रीय सहयोगसँग तादात्म्यता कायम राख्छन् र अन्तर्राष्ट्रिय आदान–प्रदान र सहयोगको विस्तार गर्छन् ।**

उक्त कुरा गत भदौ १८ गतेदेखि २० गतेसम्म चीनको राजधानी बेजिङमा सम्पन्न एसियाली राजनीतिक दलहरूको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन (थर्ड आइक्याप– 3rd ICAPP) को घोषणापत्रको आरम्भमा नै उल्लेख छ । उक्त सम्मेलनमा ३५ देशका ८१ राजनीतिक दलका ३ सय प्रतिनिधिहरूको सहभागिता थियो । सहभागी राजनीतिक दलहरूमा सत्ताधारी र विपक्षी दुबै किसिमका प्रमुख राजनीतिक दलहरू थिए । सम्मेलन शुरू हुनुअघि भदौ १७ गते दिउँसो थर्ड आइक्यापको संस्मरणात्मक हुलाक टिकटमा प्रथम टाँचा एवं पोष्टकार्डको विमोचन कार्यक्रम सम्पन्न भयो । चिनियाँ कम्युनिष्ट पार्टी, केन्द्रीय कमिटीको विदेश विभागका मन्त्री वाङ चियारूईले हुलाक टिकट र पोष्टकार्डको विमोचन गर्नुभएको थियो । सोही दिन राति आइक्यापको स्थायी कमिटीको बैठक भएको थियो । बैठक फिलिपिन्सको प्रतिनिधिसभाका सभामुख तथा त्यहाँको लाकास-सीएम्डी पार्टीका उपाध्यक्ष होसे द भेनेसियाको अध्यक्षतामा भएको थियो । बैठकमा उपस्थित अन्य सदस्यहरूमा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, थर्ड आइक्यापको

आयोजक कमिटीका प्रतिनिधि तथा चिनियाँ क.पा., के.क. को विदेश विभागका उपमन्त्री चाङ्ग चिचेन, थाइल्याण्डको थाइ राक थाई पार्टीका उपनेता तथा विदेशमन्त्री डा. सुराकियार्त साथिराथाई, कम्बोडियाको फुनसिकपेक पार्टीका अध्यक्ष राजकुमार सामदेक नरोदम रनरिध उपस्थित हुनुहुन्थ्यो । बैठकले थर्ड आइक्यापको तयारी, स्थायी कमिटीको चयन, सम्मेलनको प्रक्रिया र बेजिङ घोषणापत्र लगायतका विषयहरूमा गम्भीर छलफल गरी त्यससम्बन्धमा आवश्यक निर्णय गऱ्यो ।

भदौ १८ गते बिहान ९ बजे देखि ११ बजेसम्म भएको उद्घाटन समारोहमा चिनियाँ कम्युनिष्ट पार्टी, केन्द्रीय कमिटीको राजनीतिक ब्यूरोका सदस्य एवं थर्ड आइक्याप आयोजक समितिका अध्यक्ष लिउ युनशानले सम्मेलन आरम्भ भएको घोषणा गर्नुभयो । तत्पश्चात् चीनका उपराष्ट्रपति तथा चिनियाँ कम्युनिष्ट पार्टी, केन्द्रीय कमिटीको पोलिटव्युरोको स्थायी समितिका सदस्य तथा थर्ड आइक्यापका मानार्थ अध्यक्ष चेङ्ग किङ्गहोङ्गले सम्मेलनमा मुख्य वक्ताका रूपमा मन्तव्य प्रकट गर्नुभएको थियो । उद्घाटन समारोहका अन्य वक्ताहरूमा फिलिपिन्सकी राष्ट्रपति तथा लाकास-नेशनल युनियन अफ क्रिश्चियन मुस्लिम डेमोक्र्याट्सकी अध्यक्ष ग्लोरिया माकापागल-आरोयो, थाइल्याण्डका प्रधानमन्त्री तथा थाई राक थाई पार्टीका नेता थाक्सिन सिनावात्रा, कम्बोडियाका प्रधानमन्त्री तथा कम्बोडिया पिपुल्स पार्टीका उपाध्यक्ष हुनसेन र पूर्वी टिमोरको राष्ट्रियसभाका सभामुख तथा रिभोल्युसनरी फ्रण्ट फर एन् इण्डिपेन्डेण्ट इस्ट टिमोरका अध्यक्ष लु-ओलो/फान्सिस्को गुतेरे हुनुहुन्थ्यो । वक्ताहरूले एसिया महादेशको विकास, समृद्धि र स्थिरतामा जोड दिँदै यसका लागि एसियाली राजनीतिक दलहरूका बीचको पारस्परिक सहयोग तथा मित्रताको आवश्यकतामाथि प्रकाश पार्नुभएको थियो ।

उद्घाटन समारोहपश्चात् विभिन्न राजनीतिक दलका प्रतिनिधिमण्डलका नेताहरूका मन्तव्य प्रकट गर्न सम्मेलनका सहभागीहरूलाई तीन हिस्सामा विभक्त गरिएको थियो । सोही अनुरूप विभिन्न राजनीतिक दलका नेताहरूले सम्मेलनमा मन्तव्य प्रकट गर्नुभएको थियो । यसक्रममा नेकपा (एमाले) का महासचिवले सम्मेलनलाई सम्बोधन गर्नुहुँदै विगतका सम्मेलनहरूको स्मरण गर्नुका साथै एसियाली संसदको निर्माण गर्ने जस्ता कुराहरूमा भएको सहमतिको चर्चा गर्नुभएको थियो । उहाँले जनसहभागितामूलक प्रजातन्त्र, सामाजिक न्याय, साधन र स्रोतहरूको न्यायोचित वितरण र उपभोगको कुरा उठाउनुहुँदै विभिन्न एसियाली मुलुकहरूमा उत्पन्न अस्थिरता र अशान्तिको अन्त्यका लागि बेरोजगारी, गरिबी, अशिक्षा जस्ता समस्याहरूको समाधान गर्दै अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभएको थियो । यसको लागि एसियाका विभिन्न भागहरूमा विद्यमान अशान्तिको अन्त्य तथा सबै किसिमका उग्रवादी र आतंककारी क्रियाकलापहरूमा नियन्त्रण आवश्यक रहेको कुरामा महासचिव नेपालले जोड दिनुभएको थियो । उहाँले एसियाली राजनीतिक दलहरूका बीचको पारस्परिक समझदारी र सहयोगलाई अगाडि बढाउन सबै पार्टीहरूका बीच पारस्परिक समानता, सम्मान र हितमा आधारित सुमधुर सम्बन्ध कायम हुनुपर्ने कुरा गर्नुहुँदै एसियाको उन्नतिमा योगदान पुऱ्याउने कुरामा जोड दिनुभएको थियो । महासचिव नेपालले आफ्नो मन्तव्यमा नेपालको वर्तमान जटिल र कठीन अवस्थाको चर्चा गर्नुहुँदै समस्याको शान्तिपूर्ण समाधानका लागि नेकपा (एमाले) ले विभिन्न प्रयत्न गर्दै आएको, हाल साझा सहमतिको न्यूनतम कार्यक्रमका आधारमा गठित संयुक्त सरकारमा गएर मुलुकमा शान्ति कायम गर्न प्रयास गरिरहेको तथा उच्चस्तरीय शान्ति समितिको स्थापना भई शान्ति प्रक्रियालाई अगाडि बढाउने कोसिस भइरहेको तथ्य स्पष्ट पार्नुभयो ।

सोही दिन साँझ चीनका राष्ट्रपति तथा चिनियाँ कम्युनिष्ट पार्टीका माहासचिव हु जिनताओले सम्मेलनका सहभागीहरूका लागि ग्रेट हल अफ द पिपुलमा स्वागत समारोहको आयोजना गर्नुभएको थियो । सो समारोहका अवसरमा राष्ट्रपति हुले मन्तव्य दिनुहुँदै आइक्याप एसियाली राजनीतिक दलहरूका बीच क्षेत्रीय सहयोग र विकासको एउटा महत्वपूर्ण माध्यम भइसकेको, एसियाली जनताका बीच समझदारी र मित्रता बृद्धि गर्न तथा आपसी विश्वास एवं एकता कायम गर्न राजनीतिक दलहरूका बीच सम्मेलन महत्वपूर्ण कडी भएको कुरा उल्लेख गर्नुभयो । उहाँले विश्वले शान्ति चाहेको, देशहरूले विकास चाहेको र जनताले पारस्परिक सहयोग चाहेको तथा समाजले उन्नति चाहेको वर्तमान इतिहासको नकार्नै नसकिने तथ्य हो भन्ने कुरामा जोड दिनुहुँदै पञ्चशीलका सिद्धान्तहरू अहिले पनि उत्तिकै महत्वपूर्ण भएको, न्यायपूर्ण र समतामूलक अन्तर्राष्ट्रिय राजनीतिक र आर्थिक व्यवस्था आवश्यक भएको एवं एसियामा दीगो शान्ति संबृद्धि र सुरक्षाका लागि संवाद एवं सहयोगको आवश्यकता रहेको तथ्यमा प्रकाश पार्नुभयो । उहाँले चिनियाँ जनताले साम्राज्यवाद, सामन्तवाद र नोकरशाही पूँजीवादको अन्त्यका लागि २८ बर्ष लामो कठीन संघर्ष गर्नुपरेको कुराको स्मरण गर्नुहुँदै एसियाविना चीनको विकास हुनसक्दैन र चीन विना एसियाको समृद्धि हुनसक्दैन भन्नुभयो ।

सम्मेलनको दोस्रो दिन राजनीतिक नेताहरूको मन्तव्य कार्यक्रम जारी रह्यो। त्यसक्रममा सम्मेलनमा नेपालका अन्य राजनीतिक दलहरू नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेपाली कांग्रेस र राप्रपाको प्रतिनिधिमण्डलका नेताहरूले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

भदौ १९ गते बिहान नेपाली प्रतिनिधिमण्डलका नेता र सदस्यहरूसँग चिनियाँ क.पा., केन्द्रीय कमिटीको राजनीतिक ब्यूरोका सदस्य उ गुआनझेनको ग्रेट हल अफ द पिपुलमा भेटवार्ता भयो। भेटवार्ताका अवसरमा नेपाल र चीनका बीच मैत्री सम्बन्ध अत्यन्त राम्रो रहेको र दुबै देशका बीच कुनै समस्या नरहेको कुराको चर्चा हुनुका साथै आगामी दिनमा दुई देशका बीचको सम्बन्ध अझै सुमधुर एवं विकसित हुँदै जाने विश्वास दुबै पक्षबाट व्यक्त गरिएको थियो । सोही दिन चिनियाँ क.पा., केन्द्रीय कमिटीको राजनीतिक ब्यूरोका सदस्य तथा बेजिङ म्युनिसिपल पार्टी कमिटीका सचिव लिउ कि द्वारा सम्मेलनका सहभागीहरूको सम्मानमा भोजको आयोजना गरिएको थियो । सो अवसरमा श्री लिउले एक स्वागत मन्तव्य दिनुहुँदै आइक्यापको माध्यमबाट एसियाली राजनीतिक दलहरूका बीच पारस्परिक सहयोग र समझदारीको विस्तार हुँदै जाने कुराको चर्चा गर्नुभयो । साथै उहाँले चीनले हासिल गरेका उपलब्धिहरू तथा प्रमुख भावी कार्ययोजनाहरूको उल्लेख गर्नुभएको थियो । सोही दिन साँझ सहभागीहरूको सम्मानमा साँस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा सम्मेलनका सहभागीहरूका साथै उच्चपदस्थ चिनियाँ नेताहरूको पनि उपस्थिति थियो । साँस्कृतिक कार्यक्रमको पहिलो प्रस्तुतिमा सहभागी सबै देशका लोकप्रिय संगीतहरू बजाइएको थियो र समग्र कार्यक्रम अत्यन्त उत्कृष्ट रहेको थियो ।

साँस्कृतिक कार्यक्रमपश्चात् राति १० बजेदेखि १२ बजेसम्म स्थायी कमिटीको बैठक बसेको थियो । बैठकले बेजिङ घोषणालाई सम्मेलनमा प्रस्तुत गर्नको लागि अन्तिम रूप दिने निर्णय गर्नुका साथै १५ सदस्यीय स्थायी कमिटीको नामावली सम्मेलनको पूर्ण बैठकमा पेश गर्ने निर्णय गऱ्यो । बैठकमा आगामी सम्मेलन कुन देशमा गर्ने भन्ने सम्बन्धमा छलफल हुनुका साथै एसियाली राजनीतिक दलहरूका बीचको गहिरो समझदारी तथा साझा प्रयासका सम्बन्धमा पनि विवेचना भएको थियो । स्थायी कमिटीको

बैठकमा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको सक्रिय सहभागिता रहेको थियो । यस पंक्तिकारको पनि बैठकमा उपस्थिति थियो ।

सम्मेलनको अन्तिम दिन भदौ २० गते बिहान टेम्पल अफ हेभेनमा थर्ड आइक्यापका सबै सहभागीहरूद्वारा शान्तिका लागि हस्ताक्षर कार्यक्रम सम्पन्न भयो । शान्तिका लागि आह्वान गरिएका विभिन्न रङका टी-सर्ट लगाएका राजनीतिक दलका नेताहरूले त्यहाँ शान्तिको कामना गर्दै ठूलो कपडामा हस्ताक्षर गरे । यसरी हस्ताक्षरित कपडा बेजिङको इतिहास संग्रहालयमा राखिने निर्णय भएको छ ।

सोही दिन बिहान साढे दश बजेदेखि साढे एघार बजेसम्म सम्पन्न समापन समारोहको अध्यक्षता चिनियाँ क.पा., विदेश विभागका उपमन्त्री चाइ उले गर्नुभएको थियो । सो समारोहमा चिनियाँ क.पा., केन्द्रीय कमिटीको विदेश विभागका प्रमुख वाङ्ग चियारूई, बेजिङ म्युनिसिपल पार्टी कमिटीका उपसचिव लङ्ग सिनमिन, थाइल्याण्डका विदेश मन्त्री सुराकियार्त साथिराथाई तथा फिलिपिन्सको प्रतिनिधिसभाका सभामुख तथा आइक्याप स्थायी समितिका अध्यक्ष होसे द भेनेसियाले मन्तव्य प्रकट गर्नुभएको थियो । सबै वक्ताहरूले एसियाली राजनीतिक दलहरूको पारस्परिक समभ्कदारी र एकतामा जोड दिनुहुँदै २१औं शताब्दीमा एसियाको सर्वतोमुखी प्रगतिमा जोड दिनुभएको थियो । समापन समारोहको पूर्ण बैठकबाट स्थायी कमिटीको बैठकबाट प्रस्तावित निम्नलिखित पार्टीका निम्नलिखित नेताहरू रहनुभएको स्थायी कमिटीको चयन भएको छ :

१) होसे द भेनेसिया- सभामुख, फिलिपिनी प्रतिनिधिसभा तथा उपाध्यक्ष, लाकास-सीएम्डी (अध्यक्ष, आइक्याप), फिलिपिन्स ।
२) माधवकुमार नेपाल- महासचिव, नेकपा (एमाले), नेपाल ।
३) चाई उ- उपमन्त्री, विदेश विभाग, केन्द्रीय कमिटी, चिनियाँ कम्युनिष्ट पार्टी, चीन ।
४)) सुराकियार्त साथिराथाई- उपनेता, थाई राक थाई पार्टी, विदेशमन्त्री थाइल्याण्ड ।
५) राजकुमार रनरिध- अध्यक्ष, फुनसिनपेक पार्टी, कम्बोडिया ।
६) नुएन हे क्वाङ्ग- उपाध्यक्ष, भियतनाम कम्युनिष्ट पार्टीको विदेश सम्बन्ध आयोग, भियतनाम ।
७) थियो एल्. साम्बुगा - अध्यक्ष, गोलकार पार्टी, इण्डोनेसिया ।
८) दातुक राजी शेख अहमद - महासचिव, युनाइटेड मलाया नेशनल अर्गनाइजेशन, मलेसिया ।
९) मुसाहिद हुसेन सयद- महासचिव, पाकिस्तान मुस्लिम लिग, पाकिस्तान ।
१०) सैफुदिन सोज- बरिष्ठ नेता, भारतीय राष्ट्रिय कांग्रेस (आई), भारत ।
११) अब्दुल्लाह अल नोमन- संयुक्त महासचिव, बंगलादेश नेश्नलिस्ट पार्टी, बंगलादेश ।
१२) उदा इसामु- महानिर्देशक, अन्तर्राष्ट्रिय कमिटी, न्यू कोमेइटो पार्टी , जापान ।
१३) लि बु योङ्ग- नेता, यूआरआई पार्टी, गणतन्त्र कोरिया ।
१४) एच्. गाफुरीफाद - अध्यक्ष, इरान पार्टी हाउस, इरान ।
१५) आजात पेरूआसेभ- प्रथम सचिव, सिभिल पार्टी अफ काजाकास्तान, गणतन्त्र काजाकास्तान ।

सम्मेलनको समापनपश्चात् संसारकै मानव निर्मित आश्चर्यमा पर्ने सम्पदा ग्रेटवालको भ्रमणको कार्यक्रम थियो ।

सम्मेलनका औपचारिक कार्यक्रम समाप्त भएपछि २१ गते बिहान नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको नेतृत्वमा रहेको हाम्रो दुई सदस्यीय प्रतिनिधिमण्डल र चिनियाँ क.पा. को विदेश विभागका उपमन्त्री चाइ उले नेतृत्व गर्नुभएको चिनियाँ क. पा. को विदेश विभागका विभिन्न अधिकारीहरू सम्मिलित टोलीसँग भेटवार्ता भयो । भेटवार्ताका अवसरमा आपसी हित र सम्बन्धका विविध पक्षहरूमा हार्दिक वातावरणमा कुराकानी भएको थियो । दुबै पक्षबाट वार्ताका अवसरमा आगामी दिनहरूमा दुबै पार्टी तथा देशहरूका बीचको सम्बन्धलाई अझै प्रगाढ तुल्याउँदै जाने कुरामा पूर्ण सहमति जनाइएको थियो ।

सम्मेलनका अवसरमा हाम्रो पार्टीको प्रतिनिधिमण्डल तथा भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी), जापानी कम्युनिष्ट पार्टी, भियतनाम कम्युनिष्ट पार्टी, रूसी कम्युनिष्ट पार्टी, लाओ पिपुल्स रिभोल्युसनरी पार्टी, जनता विमुक्ति पेरामुना- श्रीलंका, न्यूजील्याण्ड लेवर पार्टी लगायतका पार्टीका प्रतिनिधिमण्डलका नेता र सदस्यहरूसँग भेटवार्ताहरू भएका थिए । जापान कम्युनिष्ट पार्टीसँगको वार्तापछि दुबै पार्टीका बीच औपचारिक सम्बन्ध कायम गर्ने सहमति भएको छ । विगतमा दुई पार्टीका बीच औपचारिक सम्बन्ध कायम गर्नको लागि पत्राचार र कुराकानी हुँदै आएको थियो । सम्मेलनका अवसरमा अन्य पार्टीका नेताहरूसँग पनि अनौपचारिक कुराकानी भएको छ ।

बेजिङमा रहँदा हामी चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको कार्यालयमा पनि गएका थियौं । त्यहाँ हामीले नेपाली विभागकी प्रमुख छाङ्ग हो (नेपाली नाम कुसुम दिइएकी) लगायतका संचालकहरूसँग कुराकानी गरेका थियौं । रेडियोका तर्फबाट हामीहरूसँग संक्षिप्त कुराकानी गर्नुका साथै नेपाली कार्यक्रमका लागि महासचिव माधवकुमार नेपालसँग अन्तर्वार्ता पनि लिइएको थियो ।

यसप्रकार बेजिङमा सम्पन्न थर्ड आइक्याप एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलनका रूपमा सम्पन्न भएको छ । यसप्रति राजनीतिक दलहरूको समर्थन र सहभागिता यसपटक झनै टड्कारोरूपमा देखिएको छ । आगामी सम्मलेनको आयोजनाको लागि विभिन्न देशका पार्टीहरूले इच्छा जाहेर गरेका छन् । यस सम्बन्धमा स्थायी कमिटीले विभिन्न राजनीतिक दलहरूसँग परामर्श गरी निर्णय गर्नेछ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) आइक्यापको संस्थापक सदस्यको रूपमा प्रथम सम्मेलनदेखि नै स्थायी कमिटीको सदस्यको रूपमा सक्रिय रहँदै आएको छ । बेजिङमा तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनसम्म आइपुग्दा आइक्यापले निकै महत्वपूर्ण स्थान प्राप्त गरिसकेको छ । यस महत्वपूर्ण मञ्चको माध्यमबाट नेकपा (एमाले) ले एसियाका विभिन्न राजनीतिक दल तथा सरकारहरूसँग सम्बन्ध विस्तार र विकास गर्नसक्छ । मुलुकले हाल ब्योहोर्नु परिरहेको समस्याको समाधानका लागि अन्तर्राष्ट्रिय सहयोग, सद्भाव र समर्थनका लागि आइक्याप निकै नै सहायक हुनसक्छ । यसको हाम्रो पार्टी नेकपा (एमाले) ले क्षमता र सक्रियताका साथ पूर्ण सदुपयोग गर्नुपर्दछ ।

***२७ भदौ, २०६१***

# सहकारी आन्दोलनको इतिहास र नेपालमा यसको महत्व

**' केशव बडाल**

**स**हकारीबारे विषय सुरू गर्दा रबर्ट ओवेनलाई नसम्झनु अन्याय हुन्छ । आफू गरिब परिवारमा जन्मेका भएपनि सम्पन्न परिवारकी एक्ली छोरीसँग प्रेमविवाह भएकाले रबर्ट ओवेनले प्रशस्त धन प्राप्त गरेका थिए । संसारमा विपन्नले धन पाएपछि घमण्डी हुन्छन् भन्ने परम्परागत भनाइ उनमा लागू भएन । आफ्नो समकालीन अवस्थाका अनेक समाजसुधारकहरूलाई रबर्ट ओवेनले धेरै पछि पारेका छन् । सारा युरोपभरी सामन्ती राज्यसत्तालाई परास्त गरेर मजदुर र पूँजीपति वर्गको संयुक्त प्रयत्नमा सफल भएको पूँजीवादी क्रान्तिले सामन्ती कुडाकर्कट त बगाएर लग्यो तर नयाँखाले समस्याको जन्म पनि गरायो । पूँजीवादी क्रान्तिसँगै बाफबाट चल्ने इन्जीनको विकास हुनथाल्यो । सैयौं जनाले गर्ने काम एउटै मेसिनले गर्न थाल्यो । पूँजीको केन्द्रीकरण हुनथाल्यो । सामन्ती शोषणको ठाउँ पूँजीवादी शोषणले लिन थाल्यो । अझै बढी क्रुर खालका शोषण हुन थाले । मान्छे बेरोजगार हुन थाले । दैनिक जीवन चलाउन भएको जमिनका टुक्रा पनि बिक्री गर्न थाले । झन्झन् उत्पादनका साधनविहीन, रोजगारविहीन हुँदै गरिब हुन थाले ।

यो स्थिति रबर्ट ओवेनका लागि सहन सक्ने भएन । उनले ई.सं. १८२५ तिरबाट नै सामाजिक गतिविधिलाई तीव्र पार्दै गए । स्कुलहरूको सुधार गर्ने, केटाकेटी खेल्ने बालउद्यान बनाउने, मजदुरलाई ८ घण्टामात्र काम गराउने, मजदुर बस्तीलाई सफासुग्घर बनाउन थाल्ने, साझा पसलहरू खोलेर सरल मूल्यमा उपलब्ध गराउन प्रयास गर्ने, ब्रिटेनमा मात्र होइन, संयुक्त राज्य अमेरिकामा समेत कम्युन स्थापना गर्ने, मजदुरका केटाकेटी पढाउने सहकारी प्रकृतिका पाठशाला खोल्नेजस्ता अनेक काम गरेका थिए । ई.सं. १८३३ मा बेलायतमा मजदुर तथा सहकारी आर्थिक संरचनाका पक्षधरहरूको विशाल सम्मेलन भएको थियो । यो सभाको अध्यक्षता रबर्ट ओवेनले गरेका थिए । त्यो महासम्मेलनमा सहभागी भएका युरोपका छिमेकी देश र बेलायतका मजदुर, सहकारीकर्मी र त्यसका अगुवाहरूले गरिबी, अकाल र समस्याको सामना गर्न सहकारी आर्थिक संरचनाको निर्माण गरेर समाधान गर्न मिलीजुली अघि बढ्नुपर्ने आवश्यकता महसुस गरी नयाँ अठोटसाथ सहकारीलाई अघि बढाउने निर्णय गरे ।

यसैगरी अर्का सहकारी नेता, पेरे जोसेफ प्रुंधोले पनि सहकारीबारे विचार व्यक्त गर्दै भनेका छन्-" उत्पादक र उपभोक्ताहरूको सहकारी गठन गर्ने । सुलभ ऋणको व्यवस्था गर्ने, त्यस्ता उत्पादन सहकारी, वितरण सहकारी, बैंक सहकारी विकसित हुँदै गएपछि, पूँजीवादी शोषण समाप्त हुँदै जान्छ, राज्यको ठाउँ ती सहकारीले लिन्छन्, समाजको प्रबन्ध स्वतन्त्र आपसी सहयोग संघहरूले गर्छन्" भनेर सहकारीको बृहत् कल्पना गरेका थिए । यसरी रबर्ट ओवेन, प्रुधो, सेन्ट साइमण्ड, फूरिएलगायतका समाजमा परिवर्तनका लागि सहकारीका लागि प्रयत्नरत नेताहरूको निरन्तरको प्रयासपछि १८४४ मा गएर ब्रिटेनको सहरउन्मुख गाउँ "रोचडेल" भन्ने ठाउँका २८ जना मजदुर, स-साना व्यापारी, किसानसमेत भएर सुरूमा २८ पाउण्ड जम्मा गरेर संसारको पहिलो विधि र उद्देश्यसहितको सहकारी संस्थाको स्थापना गरे ।

यसपछि सारा युरोपभरी सहकारीको व्यापक अभियानै सुरू भयो । स्वीडेन, नेदरल्याण्ड, नर्वे, फिनल्याण्ड, जर्मनी, स्वीट्जरल्याण्ड, फ्रान्स, इटालीलगायत युरोपेली देशमा सहकारी आर्थिक संरचनाले जरो गाड्यो । युरोपमा आर्थिक समृद्धि र सामन्ती उत्पादन सम्बन्धलाई कहिल्यै उठ्न नदिने गरी अघि बढ्नुमा र निरंकुशताविरूद्धको लडाइँमा सफलता पाउनुमा सहकारी कल्चरको महत्वपूर्ण भूमिका छ । सहकारी र एकतन्त्रीय तानाशाहीबीच कहिल्यै समन्वय नहुने हुनाले, हिटलर, मुसोलिनीजस्तो तानाशाहको निशाना सहकारी आर्थिक संरचना भई नै रहयो । तर सहकारी भावना, संस्थागत भावना, संस्थागत चिन्तनको जग बलियो भएको हुनाले बेलाबखत तानाशाही प्रवृत्तिले शीर उठाए पनि त्यसलाई परास्त गर्न युरोपेली जनता सफल भए । आज अन्त कतैको भन्दा बढी मेलजोल हुनुमा, युरोपियन युनियन, एकल मुद्रा, एकताबद्ध बजार व्यवस्था हुनुमा कर्पोरेट कल्चरको महत्वपूर्ण भूमिका छ । यसमा रबर्ट ओवेनदेखि कार्लमार्क्ससम्मको योगदान छ ।

सहकारीबारे लेनिन भन्नुहुन्छ-"यसबर्षको अप्रिल महिनामा बसेको जनकमिसार परिषद्को बैठकमा यी प्रस्तावहरूमाथि छलफल भएको थियो र सहकारी संस्थाहरूसँग हामी सम्झौतामा पुगेका थियौं । यो एकमात्र त्यस्तो बैठक थियो जसमा जनकमिसार कम्युनिष्टहरूबाहेक नागरिक सहकारी संस्थाहरूका प्रतिनिधिहरू उपस्थित थिए । हामी उनीहरूसँग सम्झौतामा पुग्न सफल भयौं । यो एकमात्र त्यस्तो बैठक थियो जसमा कम्युनिष्टहरूको बहुमतद्वारा होइन, अल्पमतद्वारा अर्थात् सहकारी प्रतिनिधिहरूद्वारा प्रस्तुत प्रस्ताव पारित भएको थियो । सहकारी संस्थाहरूको अनुभव र ज्ञान उपयोग गर्नु आवश्यक छ भन्ने ठानेर नै जनकमिसार परिषद्ले यो प्रस्ताव स्वीकार गरेको हो ।"

(लेनिन संकलित रचना खण्ड ३७, पृष्ठ ३४२ बाट)

**२०४८ जेठ महिनाको न्यूजविक पत्रिकामा दिनुभएको अन्तर्वार्तामा पत्रिकाले प्रश्न गरेको थियो- 'एमालेको भावी आर्थिक नीति कस्तो हुन्छ ?' जवाफमा कमरेड मदन भण्डारीले भन्नुभएको थियो-"हामी मिश्रित अर्थव्यवस्था अंगाल्नेछौं र आर्थिक क्रियाकलापको मुख्य क्षेत्र सहकारी हुनेछ ।"**

**यसैगरी पाँचौं राष्ट्रिय महाधिवेशनले पारित गरेको कृषि क्रान्तिको कार्यक्रमको पृष्ठ १९ मा भनिएको छ–"उद्योग, व्यापार–व्यवसायको क्षेत्रमा विदेशीहरूको व्यापक घुसपैठलाई नियन्त्रण गर्न आफूहरूसँग छरिएर रहेको पूँजीलाई सही ढंगबाट परिचालन गर्न, नयाँ रोजगारीको सिर्जना गर्न, समाजमा विद्यमान शोषण, उत्पीडन र पछौटेपनबाट समाजलाई मुक्त गर्न आफैंमा उत्पादन, वितरण र व्यवस्थापन क्षमताको व्यवस्था र कृषि बजारको प्रबन्ध गर्नेछौं ।"**

यसैगरी जनताको बहुदलीय जनवाद नीतिगत कार्यपत्र नामक "मदन-आश्रित स्मृति प्रतिष्ठान" ले प्रकाशित गरेको पुस्तकको पृष्ठ १९ र पृष्ठ ५७ मा भनिएको छ-"सहकारी आन्दोलनको विकास र सहकारी स्वामित्वको घेरालाई फराकिलो बनाउन आवश्यक सबै सामाजिक तथा आर्थिक उपायहरूको अवलम्बन जरूरी छ ।"

यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व तथा संस्थाहरूले सहकारी आर्थिक संरचनाको महत्वलाई दर्शाएका छन् । युरोपबाट सुरू भएको सहकारी आन्दोलन एसिया र दक्षिण एसियामा आइपुग्न समय लाग्यो । छिमेकी भारतमा पनि अलिक ढिलै सुरू भयो । भारतको पुनामा सन् १८८४ मा कृषि ऋण ऐन ल्याएर किसानलाई सस्तो ब्याजदरमा ऋण दिने काम सुरू भयो । आम श्रमजीवी जनता र किसानको हितका लागि सहकारी आवश्यकता महसुस भयो । सन् १८९२ मा बचत तथा ऋण सहकारी संस्था सुरू गर्न मद्रास सरकारले सर फ्रेडरिक निकल्सनलाई सहकारीबारे अध्ययन गरेर आउन युरोप पठायो । निकल्सनले १८९९ को मे महिनामा रेफिसन प्रकारको बचत तथा ऋण सहकारीको आवश्यकता, महत्व र त्यसले गरिबी निवारणमा पार्ने प्रभावबारे राम्रो सुझाव दिएका थिए । यसबेला भारतका विभिन्न भागमा खासगरी मद्रास र उत्तरप्रदेशमा लगभग २ सय सहकारी स्थापित भएका थिए । फ्रेडरिक निकल्सनकै सिफारिसमा सन् १९०४ मा सहकारी समिति अधिनियम पारित भयो । त्यसपछि क्रमशः भारतव्यापी आन्दोलनले आकार लिंदै गयो । हाल भारतभर सहकारीको संजाल झन् व्यापक भएको छ । भारतका प्रसिद्ध सहकारी आन्दोलनका नेता इफकोका महानिर्देशक डा. वीरेन्द्रकुमारका अनुसार भारतमा हाल ५४५३५४ सहकारी संस्था छन् र २३, ६२२६००० सदस्य छन् । भारतीय अर्थतन्त्रमा सहकारीको भूमिका अत्यन्त महत्वपूर्ण भएको कुरा बताउँदै डा. सिंह भन्छन्- भारतमा कुल कृषि ऋणको ४६.१५ प्रतिशत सहकारीले पूरा गर्छ । भारतमा चिनी उत्पादनमा सहकारीले ५९ प्रतिशत ओगट्छ । भारतमा हस्तकला उत्पादनमा ५५ प्रतिशत सहकारीले ओगट्छ । प्रस्तुत केही उदाहरणले सहकारीलाई भारतमा कति महत्व दिइँदोरहेछ भन्ने पुष्टी गर्छ ।

यसैगरी अर्को छिमेकी देश चीनमा पनि सहकारीले कुल राष्ट्रिय उत्पादनको अत्यन्त महत्वपूर्ण हिस्सा आगेटेको कुरा विभिन्न माध्यमबाट जानकारी भएकै छ ।

नेपालमा सहकारी प्रकृतिका गुठीलगायतका संस्थाहरूको इतिहास लामो भएतापनि सहकारी संस्था गठन निकै ढिला सुरू भयो । वि.सं. २००० वैशाख १० गतेको आदेशपत्रमा "इण्डष्ट्रियल सर्भे गर्न र कोअपरेटिभ सोसाइटी कहाँ कहाँ खडा हुनसक्छ भन्ने सर्भे गर्न पठाउने काम भएको थियो" भनेर सरदार भीमबहादुर पाण्डेले लेख्नुभएको २०३७ मा प्रकाशित लेखमा उल्लेख छ भनेर शंकरराज जोशीले लेख्नुभएको कार्यपत्रमा उल्लेख छ । त्यसैगरी वि.सं. १९९० मै काभ्रेपलाञ्चोक जिल्लाको उग्रचण्डी नाला गाविसमा दूध सहकारी संकलन केन्द्र स्थापना भएको कुरा स्थानीय किसानहरू बताउनुहुन्छ ।

उक्त कुरा अध्ययन अनुसन्धानका विषय हुन् । यथार्थमा नेपालमा वि.सं. २०१० सालमा कृषि मन्त्रालयअन्तर्गत सहकारी विभाग गठन भएको र त्यसपछि २०१३ सालमा सरकारको आदेशबाट सहकारी गठन, व्यवस्थापन र परिचालन गर्ने कार्य अनुमति भएपछि त्यसै बर्षको चैत २० गते चितवनमा नेपालकै पहिलो सहकारी स्थापना भयो । २०१६ सालमा संसदबाट नै सहकारी ऐन पारित भयो । सहकारीको अन्तर्राष्ट्रिय सर्वमान्य सिद्धान्त र मान्यताअनुरूप सहकारीको कार्य सुरू भएकै एक बर्षपछि २०१७ सालमा बहुदलीय व्यवस्थालाई समाप्त गरिएपछिका ३० बर्ष राजनीतिक व्यवस्था जस्तै सहकारी पनि निर्देशित र नियन्त्रित भयो । सहकारीका सर्वमान्य सिद्धान्तअनुरूप संचालित भएनन् । सहकारीको सर्वमान्य सिद्धान्तलाई पालना गरिएन । सहकारीमा "एकका लागि सबै र सबैका लागि एक"को सिद्धान्त, एक सदस्य एकमतको सिद्धान्त, प्रजातान्त्रिक विधि र प्रक्रियाहरू कुनै पनि पालना गरिएन । यद्यपि २०१८ सालमा सहकारी नियमावली तर्जुमा, २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना, २०२० सालमा सहकारी बैंकको स्थापना, २०२१ सालमा साझा प्रकाशन, साझा भण्डार, साझा यातायात, साझा स्वास्थ्य सेवा गठन गरियो तर ती कुनै पनि संस्था सहकारी सिद्धान्तअनुरूप स्थापित र परिचालित गरिएका थिएनन् ।

२०४६ सालको राष्ट्रिय जनआन्दोलन सफल भएपछि नेकपा (एमाले)ले कमरेड राधाकृष्ण मैनालीको संयोजकत्वमा क. सुवास नेम्वाङ, डा. चैतन्य मिश्र, कुलचन्द्र अधिकारीसमेतको राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको निर्माण गरेर सहकारी आन्दोलनलाई प्रष्ट र सशक्त ढंगले अघि बढाउने निर्णय गऱ्यो । त्यसपछि २०४८ को प्रथम आमनिर्वाचन सम्पन्न गरेपछि सहकारी ऐन-२०४८ पारित भयो । २०४९ मा सहकारी नियमावली पारित भयो । त्यसपछि मूलतः सहकारी मूल्य-मान्यता र अन्तर्राष्ट्रिय मान्यता प्राप्त सिद्धान्तभित्र संचालन हुन थाल्यो । हाल देशमा एक राष्ट्रिय सहकारी संघ, तीनवटा केन्द्रीय संघहरू, बचत तथा ऋण सहकारी केन्द्रीय संघ, दुग्ध उत्पादक केन्द्रीय सहकारी संघ, उपभोक्ता सहकारी संघ छन् । प्रारम्भिक सहकारी संस्थाहरू ७४४५ छन् । १२१ वटा जिल्लास्तरका संघ र विषयगत संघहरू छन् । लाखौं शेयर सदस्य छन् । आर्थिक बर्ष २०६१/०६२ को बजेटमा, 'गाउँगाउँमा सहकारी घरघरमा रोजगारी'को नाराका साथ अनेक कार्यक्रम अघि सारेर राज्यले सहकारीलाई महत्व दिन खोजेको बुझिन्छ । तर पनि सहकारी क्षेत्रमा अनेक समस्या छन् । राज्यको प्रष्ट सोच, दृष्टिकोण, आँट र अठोट देखिंदैन । अन्तर्राष्ट्रिय वित्तीय संस्थाका दबावहरू, उदारीकरण, निजीकरण, बजारीकरणको माहोलले सहकारीप्रतिको प्रष्ट नीति, कार्यक्रम, दृष्टिकोण र अठोटसाथ अघि बढ्न राज्यपक्षलाई अवरोध गरेको पाइन्छ ।

सहकारी क्षेत्रमा ६८ जिल्लामा दर्ता कार्यालय भएकोमा विगत वैशाखदेखि थापा सरकारले ३० वटा जिल्ला कार्यालय कटौती गरेर सहकारीलाई कुण्ठित पारेको छ । कृषि तथा सहकारी मन्त्रालय भने पनि सहकारीबारे सोच्ने निकाय मन्त्रालयमा भेटिंदैन । बर्षको २ लाख सहकारी कार्यकर्तालाई प्रशिक्षण दिंदा पनि एकपटक प्रशिक्षण दिन दश वर्ष लाग्छ तर बर्षको ५ हजारलाई पनि तालिम दिने व्यवस्था छैन । सहकारी प्रशिक्षक, विशेषज्ञ, प्रोफेसरहरूको अभाव छ । राज्यले सहकारीविज्ञ उत्पादन गर्ने योजना वनाएको पाइँदैन ।

उता सहकारी संघ-संस्थाका संचालक व्यवस्थापकहरूमा पनि समस्या देखिएका छन् । सहकारी सिद्धान्तको ज्ञानको अभाव, कुशल व्यवस्थापन कौशलको अभाव, सदस्यहरू निस्क्रिय रहने, ठोस योजना नहुने, पूँजीको कतै अभाव कतै अपरिचालित हुने, निरन्तरता र धैर्यताको अभाव देखिन्छ । समग्रमा कुशल नेतृत्वको अभाव जतातत्तै खट्केको छ । यतिमात्र होइन, हरेक जिल्लामा

सहकारी संचालन गर्न चाहनेहरूले सहकारीबारे सामान्य ज्ञान पाउन सकेका छैनन् । सहकारीको ऐन-कानुन, नियमावली, विनियम, दर्ता प्रक्रियाबारे सरल ढंगले थाहा पाउने माध्यम छैन । सबै जिल्लाका सदरमुकाममा यस्ता सामग्री प्राप्त गर्ने, प्रशिक्षण प्राप्त गर्ने, दर्ता प्रक्रियामा सघाउ पुऱ्याउने सहजकर्ता पाउनुपर्ने, विनियमका नमूना पाउनुपर्नेमा दर्ता कार्यालय भएका ठाउँबाट समेत गतबर्षको थापा सरकारले ६८ जिल्लाबाट घटाएर ३८ जिल्लामा झारेको छ । यसले सामान्य मानिसले सहकारी दर्ता गर्नै नसकिने स्थितिमा पुऱ्याएको छ ।

कतिपय जिल्लामा जिल्ला सहकारी संघ स्थापित भएका छन्, त्यसमा कतै सामेल नगराउने समस्या र कतै हुन नचाहने जस्ता समस्या पनि छन् । स्थानीय निकायले स्थानीय सरकारको भूमिका निभाउने हुनाले ती संस्थाले पनि सहकारी क्षेत्रलाई सघाउने र उत्प्रेरित गर्नुपर्ने हुन्छ । त्यस्तो पनि हुन सकेको छैन । तालिम, प्रशिक्षणका लागि स्थानीय निकाय र स्थानीय शिक्षालयमार्फत् पनि अल्पकालीन तालिमको व्यवस्था हुनुपर्ने तर त्यसो हुन सकेको छैन । राष्ट्रव्यापीरूपमा सहकारीविज्ञको पंक्ति तयार हुनुपर्नेमा त्यसतर्फ पनि राज्यको ध्यान गएको छैन ।

उक्त अनेक समस्यालाई समाधान गर्न राज्यले तत्कालै कदम चाल्नुपर्छ । पचहत्तरै जिल्लामा कृषि विकास कार्यालय वा जिल्ला विकास समितिको कार्यालयमा एउटा कोठा लिएर पाक्षिक वा एक महिने तालिम दिएर एक अधिकृत खटाउनुपर्छ र माथि उठाइएका समस्या समाधान गर्ने गरी राज्यको ठोस नीति तय गरी लागू गर्नुपर्छ । सहकारीलाई प्रोत्साहन गर्न प्रत्येक गाविस वा निकटका केही गाविसबीच स्थानअनुसारका सहकारीलाई आवश्यक सेवा पुऱ्याउन पूर्वाधार तयार गर्ने काम राज्यले गर्नुपर्छ ।

- बचत तथा ऋण सहकारीलाई गाउँगाउँमा काम गर्नसक्ने अवस्थाको सिर्जना गर्न आवश्यक पूर्वाधार र तालिम दिनुपर्छ । राज्यले अभिभावकको भूमिका निभाउनुपर्छ ।
- दुग्ध सहकारीलाई सशक्त बनाउन, सेकेण्डरी उत्पादन अघि बढाउन तालिम, औजार उपकरण, पूर्वाधार दिनुपर्छ । पशुपालन व्यवसायमा लाग्न चाहने गरिब किसानलाई सस्तो ब्याजदरमा भैंसीगाई किन्न ऋण दिनुपर्छ । प्रत्येक सेन्टरमा "पशु खाद्य उत्पादन बढाउन र सँगसँगै तरकारी, फलफूल, डालेघाँसका बिरूवा उत्पादन र वितरण गर्न नर्सरी व्यवस्था र त्यसका लागि एकजनाको तलवभार राज्यले व्यहोर्नुपर्छ ।
- प्रत्येक स्थानीय केन्द्रहरूमा सामुदायिक भवन, संकलन केन्द्र र त्यसलाई बजारसम्म पुऱ्याउन यातायातको साधनको व्यवस्था गर्न राज्यले विशेष लगानी गर्नुपर्छ ।
- उत्पादन बढाउन र व्यवस्थित गर्न सिंचाइ, विद्युतीकरण, भण्डारणको व्यवस्था, शितभण्डार र यसका लागि अलगै तालिमको व्यवस्था गर्नुपर्छ ।
- स्थानीय किसान तथा अन्य सर्वसाधारण जनताको आवश्यकता पूर्ति गर्न सुलभ बजार र त्यो बजारबाट आयात तथा निर्यातको सुप्रबन्ध गर्न स्थानीय उपभोक्ता सहकारी, फलफूल र तरकारी सहकारी, विभिन्न उत्पादक सहकारीलाई पूर्वाधार विकास सहयोग गरेर "गाउँगाउँमा सहकारी र घरघरमा रोजगारी"लाई सार्थक बनाउन सकिन्छ ।
- विभिन्न सहकारीलाई हतोत्साहित गर्ने होइन, राज्यले त्यसलाई प्रोत्साहन गर्न, रोजगारमूलक क्षेत्रमा लगानी गर्न र सहकारी सिद्धान्तअनुरूप परिचालित गर्न मद्दत गर्नुपर्छ । यी सबै विषयमा सहकारी सदस्यहरू, व्यवस्थापकहरू, संचालकहरू र लेखासमितिका सदस्यहरूलाई आजको युग सुहाउँदो तालिम गर्न विशेष अभियान चलाउनुपर्छ । साथै सहकारी अनुसन्धान तथा विकासका लागि दक्ष सहकारीविज्ञको पंक्ति तयार गर्न राज्यले ठोस कदम चाल्नुपर्छ । गाउँका सहकारी संस्थालाई परिचालन गरी राज्यले कृषि, व्यापार, वित्तीय कारोवार, सीपमूलक तालिम, प्राविधिक तथा सैद्धान्तिक शिक्षा, स्वास्थ्य, साना तथा कुटिर उद्योग, निर्माण तथा परिवहन लगायतका क्षेत्रमा सहकारीमार्फत् कार्य संचालन गर्न सकिन्छ । राज्यले एनजीओलाई जतिपनि सहकारीलाई विश्वास गरेन भन्ने गुनासो छ । यसलाई रहन दिनुहुँदैन । कुनै सहकारीले गल्ती गरे भने दण्डित गर्नुपर्छ । इमान्दारीपूर्वक काम गर्नेलाई सम्मान र पुरस्कृत पनि गर्नुपर्छ । यसरी सहकारी आन्दोलनलाई समाज विकास र परिवर्तनको बाहक क्षेत्रको रूपमा विकास गर्न सकिन्छ ।

□

# नेपालको कम्युनिष्ट आन्दोलनमा गुटबन्दीको समस्या

**' युवराज कार्की**

**पा**र्टीभित्र भिन्नभिन्न विचारहरू प्रकट हुनु, तिनीहरूको बीचमा अन्तरसंघर्ष चल्नु र एउटा निश्चित विधि एवं प्रक्रियामार्फत् निष्कर्षमा पुग्नु कम्युनिष्ट पार्टीको स्थापित मान्यता हो । वैज्ञानिक पद्दतिमा आधारित वैचारिक संघर्षले जहिलेसुकै पनि पार्टीको विकासमा सहयोग पुऱ्याउँछ । तर विचार, सिद्धान्त र नीतिका सीमाहरू नाघेर जब पार्टीभित्र स्थायी प्रकृतिको स्वार्थ समूहले आकार ग्रहण गर्छ तब त्यसले गुटबन्दीको रूप लिन्छ । गुटबन्दी कम्युनिष्ट आन्दोलनमा उत्पन्न हुने एउटा विजातीय प्रवृत्ति हो । यसलाई समयमै नियन्त्रण गर्न सकिएन भने त्यसले पार्टी र आन्दोलनको

विकासमा गम्भीर नोक्सानी पुऱ्याउँछ । पार्टीभित्र उत्पन्न भएको गुटबन्दीलाई नियन्त्रण गर्न नसक्दा त्यसले पार्टी र आन्दोलनमै विभाजन ल्याएका नकारात्मक अनुभवहरू नेपालको कम्युनिष्ट आन्दोलनमा थुप्रै छन् । त्यसैले पार्टीपंक्ति हरहमेशा यस्तो गलत प्रवृत्तिसँग सजग र सचेत रहनुपर्दछ ।

नेपालको कम्युनिष्ट आन्दोलनमा गुटबन्दीको समस्या एउटा दीर्घकालीन समस्याको रूपमा रहँदै आएको छ । गुटबन्दीकै कारण नेपालको कम्युनिष्ट आन्दोलनमा पटकपटक विभाजन आएको कुरा सर्वविदितै छ । इतिहासको एउटा कालखण्डमा विभाजित भएको नेपालको कम्युनिष्ट आन्दोलन निकै ठूलो प्रयत्नका बाबजुद अझै पनि पूर्णरूपले एकीकृत भइसकेको छैन । विगतमा कम्युनिष्ट आन्दोलनमा आएको विभाजनले मुलुकको प्रजातान्त्रिक आन्दोलनमा पुऱ्याएको क्षतिको भुक्तभोगी हामी आफैं छौं । कम्युनिष्ट आन्दोलनमा विद्यमान फुट र विभाजनवादी प्रवृत्तिका विरूद्ध जुझ्दै अगाडि बढेको हाम्रो पार्टी नेकपा (एमाले) पनि यो समस्याबाट पूर्णरूपले मुक्त हुन सकेको छैन । विगतमा हाम्रो पार्टीभित्र पटकपटक गुटबन्दीका समस्याहरू प्रकट भएका छन् र त्यसलाई समयमै नियन्त्रण गर्न नसक्दा पार्टीले विभाजनको दुःखद् परिणाम समेत व्यहोर्नुपरेको छ ।

नेपालको कम्युनिष्ट आन्दोलनमा विद्यमान गुटबन्दीको एउटा विशेषता के देखिएको छ भने यसका पात्रहरू फेरिंदै जान्छन् तर समस्या भने ज्यूँका त्यूँ रहन्छ । एक समयमा गुटबन्दीका विरूद्ध अग्रपंक्तिमा उभिएर लडेका व्यक्तिहरू अर्को समयमा आफैं गुटबन्दीको नायक बनेका रोचक प्रसंगहरू पनि हाम्रो आन्दोलनमा पाइन्छन् । तसर्थ गुटबन्दीविरूद्धको संघर्ष भनेको कुनै व्यक्ति विशेषविरूद्धको संघर्ष होइन । यो त पार्टीभित्र प्रकट हुने गलत प्रवृत्तिविरूद्धको संघर्ष हो । यस्तो प्रवृत्ति आज एउटा व्यक्तिमा देखापरेको छ भने भोलि अर्को व्यक्तिमा पनि देखापर्न सक्छ । यस्तो प्रवृत्ति कुनै एउटा व्यक्तिमा देखापर्दा त्यसका विरूद्ध संघर्ष गर्ने तर त्यस्तै प्रवृत्ति कुनै अर्को व्यक्तिमा देखापर्दा चुप लागेर बस्ने कुरा आन्दोलनको हितमा हुन सक्दैन । त्यसैकारण गुटबन्दी जोसुकैबाट सुरू गरिएको भएपनि त्यसका विरूद्ध दृढतापूर्वक जुझ्नैपर्छ ।

गुटबन्दीको प्रमुख आधार भनेको निम्न पूँजीवादी व्यक्तिवाद र महत्वाकांक्षा नै हो । त्यसैले हाम्रो जस्तो अल्पविकसित मुलुकमा कम्युनिष्ट पार्टीको निर्माण गर्नुपर्दा गुटवादी प्रवृत्तिविरूद्धको संघर्षले दीर्घकालीन रूप लिने वस्तुगत यथार्थलाई हामीले देख्न सक्नुपर्छ । हामीहरू गुटबन्दीका विरूद्ध धेरैपटक लडिसकेका छौं । एकपटक एउटा प्रवृत्तिका विरूद्ध लड्यो, त्यसको प्रतिनिधि पात्र पराजित हुन्छ । त्यसपछि अब त त्यस्तो समस्या नआउला कि भन्यो, फेरि अर्को पात्र देखापर्छ र गुटबन्दी शुरू गर्न थाल्छ । यस्तो स्थिति देखेर हाम्रा कतिपय कमरेडहरू खुइय्य गर्दै भन्नुहुन्छ -'गुटबन्दीका विरूद्ध अब कतिन्जेल लड्ने ? लड्दालड्दै अब त जिन्दगी नै थाकिसक्यो ।' तर यो समस्यालाई त्यसरी हेर्नुहुँदैन । यदि तपाईं सामाजिक न्यायको पक्षमा निरन्तर लडिरहने क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण गर्न र समाजमा आमूल परिवर्तन ल्याउन चाहनुहुन्छ भने पार्टीभित्र गलत प्रवृत्तिसँग लड्ने कुरामा कहिल्यै पनि थाक्न पाउनु हुन्न । यसलाई तपाईंले आफ्नो जीवनचर्या नै बनाउनुपर्छ । यस सन्दर्भमा हामीले 'राजनीतिमा थकाई भन्ने शब्दावली हुँदैन' भन्ने कमरेड मदन भण्डारीको भनाइलाई सम्झनुपर्छ ।

नेपालको कम्युनिष्ट आन्दोलनमा जति पनि गुटबन्दीका समस्याहरू देखापरेका छन् तिनीहरू सबैमा एउटा समान विशेषता के देखिएको छ भने बाहिर भन्दा सबैले नीतिगत मतभेदका कारणले यसो गरेको भन्छन् । तर वास्तविकता भने अर्कै हुन्छ । गुटबन्दी प्रायः व्यक्तिगत महत्वाकांक्षा पूरा गर्ने माध्यमको रूपमा प्रयोग गर्ने गरिन्छ । हाम्रो पार्टीभित्र २०३९ साल, २०४९ साल र २०५४ सालमा प्रकट भएका गुटबन्दीका समस्याले यस तथ्यलाई राम्रैसँग पुष्टी गरिसकेका छन् ।

कतिपय नेताहरू व्यक्तिगत महत्वाकांक्षा पूरा नहुने बित्तिकै पार्टीसँग असन्तुष्ट बन्न पुग्छन् । त्यसपछि उनीहरू पार्टीसँग के के सवालमा असहमति राख्न सकिन्छ भनेर विषयवस्तुको खोजी गर्न थाल्छन् । यस्ता विषयवस्तुलाई आधार बनाएर उनीहरू कार्यकर्ताहरूलाई आफूतर्फ आकर्षित गर्न खोज्छन् । यसका साथै उनीहरू पार्टीभित्र असन्तुष्ट मानिसहरूको खोजी गर्दै हिंड्न थाल्छन् । एउटा विशाल पार्टीमा दुई चार जना असन्तुष्ट मानिसहरू भेट्न कुनै गाह्रो कुरा हुँदैन । असन्तुष्ट मानिसहरूलाई जम्मा गर्न ढोक्सा थापेर बस्ने प्रवृत्ति कम्युनिष्ट आन्दोलनमा देखिएको अत्यन्त गलत प्रवृत्ति हो । यही प्रवृत्तिका कारण कुनै एक समयमा एक अर्काका विरूद्ध आम्नेसाम्ने उभिएर लडेका मानिसहरू अर्को समयमा एक अर्कामा घनिष्ट सहयोद्धामा परिणत भएका उदाहरणहरू पनि प्रशस्तै छन् । यस्तो प्रवृत्तिले विगतमा हाम्रो आन्दोलनमा धेरै नोक्सानी पुऱ्याइसकेको छ । त्यसैले यस्तो प्रवृत्तिसँग सधैं होसियार रहनुपर्छ ।

नेपालको कम्युनिष्ट आन्दोलनमा देखापर्ने गरेका गुटबन्दीका केही ज्वलन्त अभिव्यक्तिहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

कुनै खास व्यक्ति आफ्नो महत्वाकांक्षा पूरा गर्न असफल भएपछि पार्टीसँग असन्तुष्ट बन्न पुग्छ । त्यसपछि ऊ विभिन्न ढंगले पार्टीसँग निहुँ खोज्न थाल्छ । ऊ जहाँ पायो त्यहीँ आफ्ना असन्तुष्टीहरू पोख्दै हिंड्न थाल्छ । पार्टीभित्र असन्तुष्टहरूको बीचमा मोर्चाबन्दी गरेर आधिकारिक निर्णयहरूको विरोध गर्न थाल्छ र पार्टीको स्थापित नेतृत्वलाई खुइल्याउन थाल्छ । संचार माध्यमहरूमा आफ्ना असन्तुष्टी र पार्टी गोपनीयताहरू चुहाउन थाल्छ । पार्टीभित्र समान्तर गतिविधि संचालन गर्न थाल्छ । ऊ आफूलाई पार्टीभित्रको स्थायी प्रतिपक्ष जस्तो देखाउन थाल्छ र पार्टीका सामु आइलाग्ने प्रत्येक अप्ठेरा क्षणहरूलाई आफ्नो हितमा प्रयोग गर्न थाल्छ । यी सब क्रियाकलापबाट ऊ पार्टीको नेतृत्व कब्जा गर्न चाहन्छ । तर गुटबन्दीको माध्यमबाट आजसम्म कसैले पनि पार्टी नेतृत्व कब्जा गर्न या आफ्नो विचार स्थापित गर्न सकेको छैन । लेनिनवादी संगठनात्मक सिद्धान्तको मार्गदर्शनमा अघि बढेको कम्युनिष्ट पार्टीमा त्यस्तो कुरा सम्भव पनि

हुँदैन । पार्टीको नीति या नेतृत्व बेठीक छ र त्यसलाई परिवर्तन गर्नुपर्छ भन्ने कसैलाई लागेको छ भने पनि त्यसको लागि अघि बढ्ने सही माध्यम गुटबन्दी हुन सक्दैन । त्यसको लागि सिंगो पार्टी पंक्तिको विश्वास जित्न जरूरी छ र विधिसम्मत ढंगले अघि बढ्नुपर्छ । कसैले अघि सारेको विचार सही छ या कोही नेतृत्वको लागि योग्य छ भने कामकै दौरानमा त्यो पुष्टी हुँदै जान्छ र एक दिन स्थापित भइछाड्छ । त्यसलाई कसैले रोक्न सक्दैन । हाम्रो विगत अनुभवले पनि यसलाई पुष्टी गरिसकेको छ । तर आफ्नो योग्यता र क्षमताले नभ्याउने भएपछि मानिसले गुटबन्दीको बाटो समात्ने गर्छ । त्यसले उसलाई असफलताको खाडलमा जाक्नु अनिवार्य छ ।

कम्युनिष्ट पार्टीमा पैदा हुने गुटबन्दी भनेको मानिसको शरीरमा लाग्ने क्यान्सरजस्तै हो । समयमै ध्यान दिन सकेको खण्डमा त्यसलाई नियन्त्रण गर्न सकिन्छ, अन्यथा त्यसले पार्टी र आन्दोलनमा ठूलो नोक्सानी पुऱ्याउँछ । तसर्थ कम्युनिष्ट आन्दोलनको अग्रगति चाहने प्रत्येक व्यक्तिले पार्टीभित्र उत्पन्न हुने गुटबन्दीका बारेमा गम्भीर चासो राख्नुपर्दछ र त्यसका विरूद्ध लड्न हरहमेशा तयार रहनु पर्दछ । पार्टीभित्र गुटबन्दीको समस्या पैदा नहोस् भन्नका लागि केही कुरामा ध्यान दिनु जरूरी छ । सबभन्दा पहिलो कुरा, पार्टीभित्र जनवादी वातावरण हुनुपर्दछ र निर्णय प्रक्रियामा व्यापक सहभागिता हुनुपर्दछ । त्यसले असन्तुष्टीको आधारलाई साँघुरो बनाइदिन्छ । दोस्रो कुरा, पार्टीमा वैज्ञानिक प्रणाली स्थापित गर्नुपर्छ र त्यसैको आधारमा काम गर्ने परिपाटी बसाल्नु पर्दछ । पद्दति र प्रणालीमा जोड दिने कुराले गुटबन्दीका प्रयासहरू स्वतः कमजोर बन्न पुग्छन् । तेस्रो कुरा, निर्णय गर्दा आम कार्यकर्ता पंक्तिको भावनालाई कदर गर्नुपर्दछ । यसले पार्टी नेतृत्वप्रति कार्यकर्ताहरूको विश्वासमा बृद्धि हुन्छ । चौथो कुरा, गुटबन्दीका विरूद्ध आम कार्यकर्ता पंक्तिलाई सचेत, संगठित र परिचालित गर्नुपर्छ ।

◆

# षड्यन्त्रप्रति सजग रहन अपिल

काठमाडौं । अगष्टको अन्त्यमा इराकमा बन्धक बनाइएका बाह्र नेपालीहरूको नृशंस हत्याबाट मुलुक शोकाकूल भएको अवस्थामा राष्ट्रिय सद्भाव र एकतालाई कमजोर पार्ने षड्यन्त्रप्रति सजग रहन नेकपा (एमाले) का कार्यवाहक महासचिव अमृतकुमार बोहराले प्रेस विज्ञप्ति जारी गर्दै अपिल गर्नुभएको छ । उक्त प्रेस विज्ञप्तिमा भनिएको छ - "इराकी आतङ्कवादी समूह 'अन्सार-अल-सुन्ना'द्वारा बाह्रजना श्रमजीवी नेपाली युवाहरूको नृशंस हत्याको खबरमा परेको बज्रपातले आम नेपाली जनता र सिंगो राष्ट्र शोकाकुल रहेको छ । शोकको यस घडीमा राष्ट्रका विभिन्न अंगहरूले आ-आफ्नो तर्फबाट विज्ञप्ति प्रकाशित गर्दै दिवंगत युवाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिरहेका छन् ।

यतिबेला सिंगो राष्ट्र अत्यन्तै स्तब्ध, मर्माहत र आक्रोशित स्थितिबाट गुज्रदै संवेदनशील मोडमा आइपुगेको छ । सडकमा पोखिएको भावविह्वलता एवं संवेदनशीलताको लाभ लिने केही कुत्सित तत्वहरू जातीय तथा साम्प्रदायिक सद्भाव, अक्षुण्ण राष्ट्रिय एकता र धार्मिक- सामाजिक सहिष्णुतामाथि कुठाराघात गर्दै अझ संवेदनशील बनाएर घातक परिणामतर्फ धकेल्न खोजिरहेका छन् । बन्द र तोडफोडका कारण दुधमुखे नानीहरू भोकै रहन बाध्य छन् र दैनिक ज्यालादारीमा पालिने पेटहरू खाली खाली रहेका छन् ।

यस्तो अवस्थामा इराकी आतंककारीहरूद्वारा क्रुर, पाशविक तथा कायरतापूर्वक हत्या गरिएका नेपाली युवाहरूप्रति शोक व्यक्त गर्ने नाममा धार्मिक संस्था, संचार संस्था लगायतका क्षेत्रहरूमा भएको तोडफोड, आगजनी र सन्त्रासले कुनै पनि किसिमको नकारात्मक परिणाम उत्पन्न हुन नपाओस् भन्ने दिशातर्फ सबैको ध्यान आकृष्ट हुन अत्यावश्यक छ । साम्प्रदायिक सद्भाव, धार्मिक-सामाजिक सहिष्णुता र आपसी विश्वासको सूत्रमा हाम्रो राष्ट्रिय एकता समेटिएको छ । विविधतामा एकता नै हाम्रो राष्ट्रिय विशिष्टता हो । यो विशिष्ट पक्षलाई अझ बलियो बनाउन सबै जात-जाति, भाषा-भाषी तथा धर्म र संस्कृतिका जनसमुदायबीचको आपसी एकतालाई अझ सुमधुर बनाई राष्ट्रिय सद्भाव र एकतालाई कमजोर पार्ने कुत्सित षड्यन्त्रप्रति सजग हुँदै समान सम्मान तथा संरक्षण गर्ने दिशामा अघि बढ्नुपर्छ । यस कार्यमा सबै धर्म र सम्प्रदायका व्यक्तिहरूसँग सचेत, संवेदनशील तथा सहिष्णु रही आपसी एकता र विश्वास कायम राख्न हार्दिक अपिल गर्दछु ।

# नाटकले कम्युनिष्टतिर आस्था जगायो

## ' रामकुमार ज्ञवाली

आज हत्या, हिंसा र आतंकले गर्दा कहीँ कतै जमघट र भेला हुँदैनन् । नेपालका विभिन्न ठाउँमा आ-आफ्नै संस्कृति र रीतिरिवाज पर्याप्त मात्रामा छन् । त्यस्ता रीतिरिवाजहरू विभिन्न समयमा विभिन्न ठाउँमा मेला, जात्रा र रमिताहरूबाट पनि प्रस्फुटित हुन्छन् ।

२०२७/२८ सालतिरको कुरा हो । म दाङको विजौरीमा जनता माध्यमिक विद्यालयमा पढ्थें । हाम्रो ठूलादाइ भक्तिराज ज्ञवाली त्यो विद्यालयको शिक्षक हुनुहुन्थ्यो । जनता माध्यमिक विद्यालय र जनता महाविद्यालय एउटै प्रशासनबाट संचालित थियो त्यतिबेलासम्म । २०२८ सालमा नयाँ शिक्षा योजना लागु भएपछि मात्र महाविद्यालय र माध्यमिक विद्यालयको प्रशासन अलग भएको हो । २०२२ सालमा भूमिसुधार लागु हुनेबेलामा त्यो ठाउँका मझगैयाँ थर भएका शिक्षाप्रेमीहरूले विद्यालयको दीगो विकासका लागि देउखुरीमा १२ सय विगाहा जमिन विद्यालयलाई उपलब्ध गराएका रहेछन् । दान गरेका रहेछन् । त्यसैबाट विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई छात्रवृत्ति दिने गरिन्थ्यो । सो विद्यालयका कारण दाङ र त्यसमा पनि बिजौरी शिक्षाको जागरणको केन्द्रका रूपमा स्थापित थियो । विद्यालयको हिसाबबाट र शिक्षित समुदायहरूको जमघटबाट अग्रणी स्थानमा रहेपनि सामाजिक रूपमा दाङ अगाडि बढ्न सकेको थिएन र हालसम्म पनि त्यति उल्लेख्य प्रगति गर्न सकेको छैन । प्राकृतिक बनोटका दृष्टिले समेत दाङ राम्रो ठाउँ हो ।

राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा ठूलो असमानता थियो त्यतिबेला । धनी जमिन्दार वर्गहरूको चरम शोषण र दमनका कारण दासप्रथाको अवशेष कमैया प्रथा व्याप्त थियो । आज आएर दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरजस्ता जिल्लामा रहेको कमैया प्रथा दाङका जमिन्दारहरूको उपहार हो भन्दा अत्युक्ति मान्नुपर्दैन । घोर दक्षिणपन्थी सामन्ती मनोवृत्ति व्याप्त थियो त्यतिबेला । हामी जस्ता बाहिरबाट अध्ययन अध्यापनका लागि गएकाहरूलाई हेर्ने दृष्टिकोण नकारात्मक थियो । त्यसैगरी त्यहींका रैथाने, आदिवासी थारू समुदाय भनेका अत्यन्त सोझा जाति थिए । अपठित थारू समुदायलाई पहिलेदेखि नै जमिन्दारहरूले मुर्ख जातको रूपमा व्यवहार गरेको देखिन्थ्यो । उपयुक्त अवसरहरू उनीहरूले पाउन्नथे कहिले पनि । कमैया-कमलरी बस्नु नै उनीहरूको जीविकोपार्जनको आधार थियो । आज आएर विभिन्न गैरसरकारी संघ संस्थाहरूले मानव बेचविखनको रूपमा रहेको कमैया प्रथा अन्त्य गर्ने नाममा कामकाज गरिरहेका छन् । वास्तवमा त्यो प्रथाको जन्मदाता दाङ नै हो । सम्भवत: कमैया भनी व्यवहार गरिएका र आज मुक्त भए भनी घोषणा गरिएका समुदायमा दगौरा चौधरीहरूको संख्या करीब ९५ प्रतिशत हुनसक्छ । अरू जातमा पश्चिममा (कैलाली, कञ्चनपुर)मा राना थारू र रजघटिया, खुना र केही पहाडीहरू होलान् । त्यस्तो खाने प्रथालाई निरन्तरता दिने ठाउँ भनेपछि प्रष्ट हुन्छ सबै कुरा । जेहोस् यस्तो अव्यवस्थाबाट समेत कैयौंको मन कुँडिन्थ्यो त्यतिबेला । भित्रभित्रै जति मुर्मुरिए पनि उपाय केही थिएन ।

दाङको वनकट्टीमा हामी बस्थ्यौं । म त्यहींबाट विजौरी पढ्न जान्थें । हाम्रो घरमा त्यतिबेलाका दाङमा कहलिएका कम्युनिष्ट पार्टीका नेताहरूको जमघट हुने गर्थ्यो । पहिले-पहिले नेत्रलाल अभागी, मोहन वैद्यहरू आउनुहुन्थ्यो भने पछिपछि खासगरी मेरा दाइ क. युवराज पुष्पलालको पार्टीमा हुँदाका बखत माधव ज्ञवाली (मधुगुरू) हरू आउनुहन्थ्यो । जो जस्ता नेताहरू आए पनि चर्काचर्की बहस हुने गरेका घटनाहरूको याद आउँछ । अझ पछि गएर दाङको तत्कालीन जिल्ला पार्टी (सन्देश समूह) समेत नेकपा (माले) हुँदा र भइसकेपछि पार्टीको ठूलो जालो फैलियो दाङ र त्यसदेखि पश्चिमतिर । त्यतिबेला क. जीवराज आश्रित, क. वामदेव गौतमलगायतका नेताहरूको बराबर आवागमन हुनथाल्यो । त्यतिबेला हामी बाल कम्युनिष्टहरूको काम भनेको चिट्ठीपत्रहरू ओहोर दोहोर गराउने, नेताहरूलाई निर्देशित स्थानसम्म पुऱ्याउने र ल्याउने, बाहिर को कस्ता मान्छेहरूको आवत जावत भयो त्यसको यथार्थ विवरण मौखिक बुझाउने काम हुन्थ्यो । त्यसैगरी कैयौं पटक पर्चाहरू कार्वनपेपर राखेर लेख्ने र छर्ने वितरण गर्ने कामसमेत गरिएको छ । आजजस्ता छाप्ने प्रेसहरू थिएनन् त्यतिबेला । पञ्चायतकालीन समयमा कसैको लेटरप्रेसमा पनि छाप्न गाह्रो थियो । त्यसैले धमाधम लेखेरै पर्चा टाँस्ने काम निकै धेरै गरिएको छ ।

२०२८ सालको भदौको आखिरी सोह्र श्राद्ध लाग्ने अघिल्लो पूर्णिमाका दिनमा दाङको मनिकापुरमा बर्षेनी 'सुवाकोटी' मेला लाग्दथ्यो । भोलिदेखि सोह्रश्राद्ध लाग्ने भएकाले सायद दशैंको सुरू नहुन्जेल काटमार नगर्ने चलनले होला त्यो दिनको दिउँसो पूजाआजा गर्ने र पाठा काट्ने अनि साँझ जाग्राम बस्ने प्रचलन गर्थे रे । त्यसपछि निरन्तर त्यहाँ मान्छेहरू जम्मा हुने, नाचगान गर्ने गर्छन् । त्यो पूजाआजा लगायतका काम भयो भएन थाहा भएन । तर जाग्राम, रमिता, नाचगान हुँदै गर्दा त्यो ठूलो मेलाका रूपमा लाग्न थाल्यो । एक रातभर त्यो मेला लाग्दथ्यो । त्यो मेला पनि दाङमा लाग्ने केही मेलाहरूमध्येको महत्वपूर्ण नै मानिन्छ । विभिन्नखाले नाचगान, रामरमितामा कतिपय व्यक्ति र समुदायले त्यसको फाइदा पनि लिन्थे नै । बर्षेनी हुने उक्त मेलामा केही नौला कुरा सुन्न र देख्न पाइन्थ्यो । त्यही २८ सालकै मेलाको समय हुनुपर्छ, त्यहाँका वामपन्थीहरूले एउटा नाटक प्रदर्शनको आयोजना गर्नुभएको थियो । त्यो नाटकको शीर्षक ठ्याक्कै याद भएन । त्यसका लेखक र निर्देशक हाम्रो जेठादाइ भक्तिराज गुरू र गोविन्दप्रकाश आचार्य हुनुहुन्थ्यो । उहाँहरू दुईजना मञ्चमा उभिएपछि कुनै लिपिबद्ध नाटक तयार नभए पनि उहाँहरू राम्रो कथा वा प्रहसन गर्नुहुन्थ्यो । त्यो ताक उहाँहरू २ जना कुनै मेलामा आउने भन्नासाथ १०/२० जनाको जमघट थपिन्थ्यो । त्यो साँझको मेलामा उहाँहरूले नाटक प्रदर्शन गर्नुभयो । त्यो नाटकका पात्रहरू र सहयोगीहरू मैले चिनेकामध्ये धेरै हुनुहुन्थ्यो मञ्चमा । हाम्रो घरमा आइरहने व्यक्तिहरूसमेत हुनुहन्थ्यो । नाटक भयो, रमाइलो भयो, सकियो । निकैबेरपछि त केही हुलदङ्गा भएको भन्ने हल्ला सुनियो । हामी स-साना केटाकेटी पनि त्यो हुल भएतिर गयौं । त्यहाँ के के वादविवाद जस्तो भइरहेको थियो । एउटा समूहमा त्यो नाटकका पक्षधरहरू थिए भने अर्कोतिर केही केही मैले पनि चिनेका तर हाम्रो घर सम्पर्कमा नरहेका मान्छेहरू थिए । त्यो हुलहालमा अलि तानातान पनि भएछ । त्यो के भएको थाहा थिएन तर पनि नाटक देखाउनेहरूको हुलतिर आफ्नो पनि सहमति थियो । वास्तवमा त्यो नाटककै विषयलाई लिएर केही भनाभन भएको रहेछ । त्यो नाटकको विरोध गर्ने कांग्रेसहरू रहेछन् । पछि पो थाहा पाइयो केही दिनपछि ।

दोस्रो दिन विद्यालयमा गएको मेरै केही सहपाठीहरूले अघिल्लो दिनको मेला र त्यहाँ प्रदर्शित नाटकका बारेमा कुरा चलाए । त्यसैगरी त्यो नाटकका साथै त्यहाँ भएको आपसी भनाभन र हातापाईको कुरासमेत चर्चा हुन थाल्यो । त्यो मेलाको चर्चा अलि दिनमै चल्यो । बेलाबखत मेरो केही साथीहरू त्यो मेला र नाटकको विषयलाई लिएर मलाई घोचपेच पनि गर्थे । किनभने त्यो नाटकका प्रमुख व्यक्ति मेरा दाइ हुनुहुन्थ्यो । स्वाभाविकरूपमा मैले नाटक पक्षधरहरूको पक्ष लिन जरूरी थियो । समाज परिवर्तन गर्ने सन्देश

दिने खालको उक्त नाटकको विरोधमा टिकाटिप्पणी गर्ने मेरा साथीहरू र अन्य कतिपय पठित भन्नेहरूलाई देखेर कताकता असजिलो महसुस भयो ।

एकदिनको कुरा हो, म विजौरी विद्यालयबाट घरतर्फ आउँदै गर्दा विजौरीकै शिवकुमार गौतमसँग आएँ । उहाँ हाम्रै घर आउनुभएको रहेछ । उहाँ बेलाबखत हाम्रो घरमा आइजाई गर्नुहुन्थ्यो । सँगै आउँदा उहाँले त्यो मेला र त्यहाँ भएको हुलहुज्जतका विषयमा समेत कुरा गर्नुभयो । उहाँ पनि त्यो नाटकका एउटा पात्र हुनुहन्थ्यो । उहाँले नै आफूहरू कम्युनिष्ट भएको सुनाउनुभयो । त्यसपछि अन्याय-अत्याचार, शोषण-दमनको विरोधमा लाग्ने कम्युनिष्टहरू रहेछन् भन्ने जानकारीका साथै स्वभावैले आकर्षण बढ्न थाल्यो । कम्युनिष्ट पार्टीका नेताहरूसँग नजिक भएर जिज्ञासा जाग्न थाल्यो । यसैक्रममा २०३२ सालमा पहिलोपटक क्याम्पसमा प्रवेश गरेपछि पार्टीका सम्पर्कहरू बढ्न थाले । त्यसपछि कम्युनिष्ट पार्टीका विभिन्न समूहका नेताहरूसँग छलफल पनि हुन थाले । यसरी कम्युनिष्ट पार्टीको विषयमा जानकारी र पहिलो आकर्षण मेरो जीवनमा सुवाकोटी मेला नै भयो ।

◆

# खाद्य सम्प्रभुत्ताको विषय र एसियाली जनमार्च

**' प्रेम दंगाल**

**खा**द्य सम्प्रभुत्ता (Food sovereignty) कायम गर्ने मुख्य उद्धेश्य लिएर यही सेप्टेम्बर १ तारिखबाट एक महिना लामो एसियाली जनमार्चको आयोजना हुन गइरहेको छ । खाद्य सम्प्रभुत्ता कायम गर्ने भन्नासाथ यसमाथि आँच आएको बुझ्न सकिन्छ । खाद्य सम्प्रभुत्ता के हो र यसमाथि कसरी आँच आएको छ ? निकट भविष्यमा आयोजना गर्न लागिएको जनमार्च (People's Caravan) के हो र यसको आयोजना कसरी भइरहेको छ भन्नेबारेमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

खाद्य सम्प्रभुत्ताको विषय अत्यन्त जटिल र बृहत् विषय हो । आज यो विषयलाई संसारका खासगरी किसानहरूले विश्वव्यापीकरणको विकल्पको रूपमा लिएका छन । र, यो एक बृहत् अवधारणासहित संसारका किसानको मूल माग बन्न पुगेको छ । खाद्य सम्प्रभुत्ताको पहिलो विषय जनताको खान पाउने अधिकार (Right to food) को प्रत्याभूति हो । खान पाउने अधिकार मानवअधिकारको मूल पक्ष हो किनभने मानवअधिकारका अन्य कुराहरूको उपयोग गर्न सबैभन्दा पहिला कुनै पनि व्यक्ति जिउनका लागि खाना चाहिन्छ । नागरिकको खान पाउने अधिकारको संरक्षण पनि राज्यले गर्नुपर्दछ । यो राज्यको दायित्वभित्र पर्ने कुरा हो । तर के आज स्थिति यस्तो छ ? छैन । आज विश्वका १ अर्ब १५ करोड जनता निरपेक्ष गरिबीको रेखामुनी रहेका छन र तिनीहरू सबै विकासन्मुख देशमा बसोवास गर्दछन । १ अर्ब १५ करोड गरिब जनतामध्ये ८० करोड एसियामा बसोबास गर्दछ जुन संख्या सम्पूर्ण गरिबीको ७२ प्रतिशत हो । ८० करोड एसियाका गरिवमध्ये लगभग ५० करोड गरिबहरू दक्षिण एसियामा बसोवास गर्दछन । दक्षिण एसियालाई गरिबहरूको घर भनेर पनि भनिन्छ । त्यसैगरी आयको असमान वितरण छ । अहिले २० प्रतिशत धनीहरूले संसारभरीको ८५ प्रतिशत साधनस्रोत कब्जा गरेका छन् । अर्कोतिर बाँकी १५ प्रतिशत साधनस्रोतमा विश्वका लगभग ८० प्रतिशत जनता आश्रित हुनुपरेको छ । विश्वका झण्डै आधा जनताको प्रतिदिन आय २ अमेरिकी डलरभन्दा पनि कम छ भने एक चौथाई जनताको प्रतिदिनको आय १ अमेरिकी डलरभन्दा पनि कम छ । विश्वका ३ ठूला धनाढ्यहरूले ४८ वटा अल्पविकसित देशको राष्ट्रिय उत्पादनभन्दा बढी धन कब्जा गरेका छन् । गरिब झन्झन् गरिब र धनी झन्झन् धनी भइरहेका छन् । त्यसैगरी भोकमरीको स्थिति संसारमा ज्यादै गम्भीर बनेर आएको छ । अहिले पनि विश्वमा ८० करोड जनता भोकमरीबाट पीडित छन् । सन १९९६ मा आयोजना गरिएको विश्व खाद्य शिखर सम्मेलनले उक्त भोकमरीको संख्या सन २०१५ सम्ममा आधाले घटाउने निर्णय गरेको थियो । तर २००२ मा आयोजना गरिएको सम्मेलनमा समीक्षा हुँदा तोकिएको भोकमरीको संख्या घटाउने लक्ष्य प्राप्त गर्न सक्ने दिशातर्फ काम हुन सकेको छैन भन्दै उक्त लक्ष्य प्राप्त गर्न नसकिने ठहर गऱ्यो । सोही क्रममा समानान्तर रूपमा आयोजना गरिएको गैरसरकारी संस्थाहरूको सम्मेलनले दुनियाँबाट भोकमरी हटाउन खाद्य सम्प्रभुता कायम गर्नुपर्ने कुरामा जोड दियो ।

कृषिक्षेत्र र किसानको यो स्थिति यस्तो हुनमा अरू कुनै कारण नभएर विश्वव्यापीकरण र उदारीकरणका गलत नीतिका कारणले नै हो भन्ने कुरा स्पष्ट छ । खासगरी कृषिजन्य जैविक वस्तुहरू सदियौंदेखि किसानले हुर्काउँदै र संरक्षण गर्दै आएको कुरा निर्विवाद भए जैविक विविधताको उपभोग, साटासाट (विनिमय) र बेचविखनमा पूर्ण स्वामित्वसहितको बेरोकतोक अधिकारमा चुनौती आएको छ । विश्व व्यापार संगठनको बौद्धिक सम्पत्तिको अधिकार (ट्रिप्स) सम्झौतामा जैविक विविधता उपर निहीत रहेको किसानको अधिकार छिन्ने खालका प्रावधानहरू राखिएका छन् । संगठनको सदस्यता भएपछि व्यापार प्रयोजनका लागि कुनै पनि देश, व्यक्ति वा कम्पनीले आफ्नो ज्ञान, सीप, क्षमता, लगानी र अनुसन्धान गरी कुनै नयाँ अनुसन्धान र आविष्कार गर्न सक्दछन् । यसरी अनुसन्धान गरी पत्ता लगाइएको कुनै नयाँ आविष्कारउपर लगानीकर्ता वा अनुसन्धानकर्ताले आफ्नो एकाधिकार कायम गर्न चाहन्छ । विश्व व्यापार संगठनको सदस्यता पश्चात् कुनै पनि राज्यले कुनै अनुसन्धानकर्ताले

आफ्नो नयाँ चिजको व्यापारिक तथा औद्योगिक उपयोगको लागि आफ्नो प्रविधि, खोजको प्रकृति, प्रक्रियासमेतका आधारमा पेटेन्ट दर्ता गरी हाम्रो अधिकार छिन्नेछन् ।

त्यसैगरी अर्को महत्वपूर्ण पक्ष संगठनको सदस्य भएपछि हाम्रो कृषि बजार दुनियाँका लागि खुल्ला गर्नुपर्नेछ । खासगरी विकासोन्मुख देशको कृषिक्षेत्रलाई गम्भीर असर पार्ने यो विषय विकसित देशको दोहोरो मापदण्ड नै बन्न पुगेको छ । विकसित देश आफ्नो कृषिक्षेत्रलाई जब्बर संरक्षण गर्ने पक्षमा देखिएका छन् भने विकासोन्मुख देशको कृषिक्षेत्रलाई तीव्र उदारीकरण गराउने पक्षमा । उनीहरूले अहिले पनि विश्व व्यापार संगठनको कृषि सम्बन्धी सम्झौताको पूर्णरूपमा बर्खिलाप गरी आफ्ना कृषि उत्पादक तथा किसानहरूलाई भारीमात्राले आन्तरिक सहयोग तथा निर्यात अनुदान दिइ अन्तर्राष्ट्रिय कृषि बजारलाई ध्वस्त गराहेका छन् वा आफ्नो पकडमा पारिरहेका छन् । जसको कारणले उत्पादन अत्यन्त सस्तो भई हाम्रो आफ्नो उत्पादन विस्थापित भइरहेको छ । यस स्थितिमा खाद्य सम्प्रभुत्ता कायम गर्नुपर्ने विषय निकै चुनौतीपूर्ण बन्न पुगेको छ ।

यी माथिका प्रसंगहरूले के कुरा बताउँछन् भने अहिले संसारभरी भोकमरीको समस्या ज्यादै डरलाग्दो अवस्थामा रहेको छ । यसो हुनको कारण खानाका लागि पर्याप्त उत्पादन नभएर भएको हैन बरू सामाजिक न्यायका आधारमा वितरण नभएकोले नै यो समस्या आएको छ । अर्कोतर्फ उत्पादनका साधनमाथि धनीहरूको मात्र पहुँच रहेको छ । जो उत्पादनमा सामेल भएको छ, उत्पादनका साधनमा उसको अधिकार छैन । त्यसैगरी खान पाउने जनताको अधिकार कुण्ठित हुन पुगको छ । नीति निर्माणको तहमा जनताको भूमिका ज्यादै कमजोर रहेको छ । विकासका नाममा अत्यन्त विनासकारी तौरतरिकाबाट कामहरू भइरहेका छन् । यस्तो खालको विकासले गरिबलाई अझ गरिब र धनीलाई झन् धनी बनाउने काम भइरहेको छ । राज्यहरूलाई लोककल्याणकारी राज्यको अवधारणाबाट च्यूत गराई नाफा उन्मुख नीति तथा कार्यक्रमहरू लागू गर्न बाध्य बनाइएको छ । र, यो नाफा पनि स्वयं राज्यका लागी नभएर खासखास संस्था र बहुराष्ट्रिय निगमहरूका लागि भइरहेको छ । त्यसैले खाद्य सम्प्रभुत्ताको विषयले राज्य सवल हुनुपर्दछ, जनताको नीति निर्माणमा महत्वपूर्ण भूमिका रहनुपर्दछ, उत्पादनका साधन जमीन, जल, जंगल, जडिबुटी, प्रविधि, सूचना लगायतका विषयमा जनताको पहुँच/अधिकार स्थापित हुनुपर्दछ, मुलुकको विकास पनि दीगो विकासको आधारमा हुनुपर्दछ, राज्यले उसका जनतालाई खाद्यको सम्पूर्णरूपमा व्यवस्था गर्नुपर्दछ, जनताको खान पाउने अधिकारको पूर्ण प्रत्याभूति हुनुपर्दछ भन्ने लगायतका थुप्रै विषयलाई समेटेर खाद्य सम्प्रभुत्ताको अवधारणा आएको छ ।

हामीले गर्न खोजेको जनमार्चका उद्देश्यहरू के के हुन् ? माथि चर्चा गरिएको यही विषय खाद्य सम्प्रभुताको विषयमा किसान र जनसाधारणमाझ व्यापक जागरण फैलाउने यसको पहिलो उद्देश्य रहेको छ । त्यसैगरी निकट भविष्यमा संसारभरीका किसान तथा अन्य संघ-संस्थाहरूको संयुक्त आयोजनामा खाद्य सम्प्रभुता विषयक अभिसन्धिलाई जनताकोतर्फबाट अनुमोदन गराउने गतिविधिहरू पनि भइरहेका छन् । उक्त अभिसन्धि विभिन्न देशका सरकार तथा संयुक्त राष्ट्रसंघ, विश्व खाद्य तथा कृषि संगठनद्धारा हस्ताक्षर गर्न गराउन आवश्यक जनमत सिर्जना गर्ने यो मार्चको दोस्रो महत्वपूर्ण उद्देश्य रहेको छ । त्यसैगरी विश्व व्यापार संगठन, जैविक इन्जीनियरिङ, विषादि तथा कृषि रासायनिक सम्बन्धी बहुराष्ट्रिय निगमहरूले लिएका जनविरोधी नीतिका सम्बन्धमा जनसाधारण तथा किसानलाई जानकारी दिने, यस्ता नीतिको विरोध र भण्डाफोर गर्ने तथा जनपरिचालनको माध्यमबाट जनपक्षीय नीति निर्माणमा दबाब सिर्जना गर्न तेस्रो महत्वपूर्ण उद्देश्य रहेको छ । त्यसैगरी कृषिको दीगो विकासको समर्थन र प्रवर्द्धन गर्ने यो जनमार्चको अर्को महत्वपूर्ण उद्देश्य रहेको छ ।

यो जनमार्चका अवसरमा के कस्ता गतिविधिहरू आयोजना हुनेछन् ? खासगरी खाद्य सम्प्रभुताको विषयमा गोष्ठी, कार्यशाला, भेला, र्‍याली र सम्मेलनहरू आयोजना गरिनेछन् । त्यसैगरी यस विषयमा सरकारी अधिकारी तथा नीति निर्माताहरूसँग विभिन्न स्तरमा वार्ता तथा छलफल गर्ने कार्यक्रमहरू रहेका छन् । खाद्य सम्प्रभुत्ता कायम गर्न आम किसानको हस्ताक्षर संकलन गर्ने कार्यक्रम रहेको छ । त्यसैगरी खाद्य सम्प्रभुत्ताको विषयमा एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने गरिने छ । जनमार्चको क्रममा कृषिक्षेत्रमा ज्यादैमात्रामा विषादिको प्रयोग भइरहेको हुनाले विषादिको प्रयोग नगरौं र कृषिको दीगो विकास गरौं भनी व्यापक जनतामा आह्वान गरिनेछ । त्यसैगरी खाद्य सम्प्रभुता कायम गर्न खाद्यपर्व, चलचित्र महोत्सव, सडक नाटक लगायतका सांस्कृतिक गतिविधि संचालन गरिनेछन् ।

यो जनमार्चको उद्घाटन मलेशियामा र समापन नेपालको काठमाडौंमा गरिने छ । यो मार्च एसियाका १३ वटा देशहरूमा आयोजना गरिनेछ । जनमार्चले पूर्वी एसियाका मलेशिया, थाइल्याण्ड, इन्डोनेसिया, फिलिपिन्स, जापान, कोरिया, चीन, हङकङ (चीन), कम्वोडिया र मंगोलियाका विभिन्न स्थानमा आफ्ना गतिविधि गर्दै नेपाल आउने छ । त्यसैगरी अर्को टोली मलेशियाबाट शुरू भई दक्षिण एशियाका श्रीलंका, भारतका विभिन्न प्रान्तहरू र बंगलादेश हुँदै नेपालको पूर्वी सिमाना काकडभित्ताबाट हाम्रो देशमा प्रवेश गर्नेछ । त्यसैगरी युरोपका बेलायत, फ्रान्स र बेल्जियममा जनमार्चको सन्देश फैलाएर अर्को टोली नेपाल आउनेछ । त्यसैगरी भारतको पंजावबाट भारतका विभिन्न प्रान्त हरियाणा, दिल्ली, मध्यप्रदेश, उत्तरप्रदेश र उत्तराञ्चल हुँदै अर्को एक समूह नेपालको पश्चिम सिमाना कंचनपुर जिल्लाको गड्डा चौकी हुँदै नेपाल प्रवेश गर्नेछ । सेप्टेम्वर २६ (असोज १० गते) तारिखमा सबै समूहहरू नेपालमा प्रवेश गरी २८ ( असोज १२ गते) तारिखसम्म ३ दिन जनमार्च संचालन गर्नेछन् । यो जनमार्च नेपालका तराईका सम्पूर्ण जिल्लाहरू र उपत्यकाका र बागमती अंचलका अन्य केही जिल्लाहरूमा आयोजना गरिनेछ । जनमार्चमा संसारभरीबाट लगभग १०० जना विदेशी प्रतिनिधिहरू सहभागी हुनेछन् । जनमार्चको समाप्ति सेप्टेम्वर ३० (१४ असोज) तारिखमा काठमाडौंमा गरिनेछ । यसभन्दा अगाडि २९ सेप्टेम्वर (असोज १३ गते) का दिन काठमाडौंको प्रज्ञाभवनमा खाद्य सम्प्रभुताको विषयमा एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिने कार्यक्रम रहेको छ । उक्त सम्मेलनमा स्वदेशी तथा विदेशी गरी करिव १२०० जना प्रतिनिधिहरूले भाग लिनेछन् । सम्मेलनले जनमार्चको अनुभव आदानप्रदान, खाद्य सम्प्रभुताको विषयमा आफ्नो कार्ययोजना, अन्तर्राष्ट्रिय अन्तरसरकारी निकायहरूसमक्ष प्रस्तुत गरिने सुझाव र आह्वान, समसामयिक राष्ट्रिय अन्तर्राष्ट्रिय प्रस्तावहरू समेटेर एक काठमाडौं घोषणापत्र जारी गर्नेछ । सम्मेलनले पारित गरेका प्रस्ताव तथा जारी

गरेको घोषणालाई ३० सेप्टेम्वर २००४ (असोज १४ गते) का दिन हजारौंको संख्यामा जनऱ्यालीसहित काठमाडौंमा आयोजना गरिने जनसभामा सार्वजनिक गरिनेछ । यसरी खाद्य सम्प्रभुत्ता कायम गर्न आयोजित एसियाली जनमार्चको समापन गरिनेछ ।

◆

# बादशाहको खेल

*' शार्दूल भट्टराई*

बादशाहलाई
खेलमा रूचि छ
उनी आफू खेल्छन्
र अरूलाई खेलाउँछन्

उनी चलन चल्तीमा रहेका
हरेक खेलमा निपूर्ण छन्
त्यसैले
अनेकौं खेल खेल्ने गर्छन्

बादशाह
कहिले घोडा दौडाइरहेका हुन्छन्
कहिले कपर्दी खेलिरहेका हुन्छन्
कहिले कराँतेमा हुन्छन्
कहिले रेस्लिङमा हुन्छन्

कुनै बेला गाउँमा पसेर
मुरली बजाउनु पनि उनको खेल हो
कुनै बेला शहरमा दमाहा ठटाउनु पनि
उनको खेल हो

यो बेला बादशाह
बाघचाल खेल्दैछन्
तर
थर्कीमा बाखा छैनन्
बाघ र मान्छे छन्

बादशाह
बाखाको सट्टामा
मान्छेलाई खेलाउँदैछन्

उनको विश्वास छ
मान्छे पनि बाखा नै हुन् ।

उनको खेलमा

*खेलको नियम लाग्दैन*
*उनको आफ्नै नियम छ*
*बादशाह घोषणा गर्छन् -*
*बाघचालमा बाघले मात्र चल्न पाउँछ*

*उनी उज्यालोमा कहिल्यै खेल्दैनन्*
*यो उनको परम्परागत प्रचलन हो*
*बादशाहको खेल*
*अँध्यारोमा शुरू हुन्छ*
*र अँध्यारोमै सकिन्छ*

*चार्ल्स प्रथमले*
*आफ्नो नक्कली मन र मुस्कानमा*
*अरूलाई खेलाए जस्तै*

*लुई सोह्रौंले*
*मान्छेको मृत्युमा*
*हात्ती जुधाएर रमाउने*
*खेल खेले जस्तै*

*म्याकवेथले घाँटीमा तरवार राखेर*
*अरूलाई खेलाए जस्तै*

*निकोलाई द्वितीयले*
*बम र बन्दुकलाई*
*आफ्ना खेलौना बनाए जस्तै*

*र फारूखले*
*षड्यन्त्रलाई शासनको खेल बनाएर*
*अरूलाई खेलाए जस्तै*

*बादशाह*
*बाघचाल खेल्दैछन्*
*र अरूलाई खेलाउँदैछन्*

◆

# समानताका लागि जेण्डर मूलप्रवाहीकरण प्रक्रियाः युरोपेली अनुभव

' बिन्दा पाण्डे

"**सा**माजिक न्याय उन्नत समाजको एउटा आधार हो ।" यस्तो सोचाइ राख्ने जो कसैले पनि समाजको हरेक क्षेत्रमा महिला र पुरूषको समान र सन्तुलित सहभागिता हुनुपर्ने अनिवार्यतालाई नकार्न सक्दैनन् । जेण्डर विभेदित समाजमा सामाजिक न्यायको कल्पना नै गर्न सकिंदैन । त्यसैले, विकसित समाज र सामाजिक न्यायका लागि जेण्डर समानता, यस युगको आवश्यकता र माग दुवै हो भन्ने कुरा विश्वव्यापीरूपमा स्थापित भइसकेको छ । अवको छलफलको विषय भनेको युगको यो आवश्यकता र मागलाई व्यवहारमा उतार्न कसरी सकिन्छ भन्ने उपायको खोजी र कार्यान्वयन नै हो ।

विश्वमा महिला समानताको कुरा उठ्न थालेको लामो समय भइसकेको छ । महिला आन्दोलनले धेरै आरोह-अवरोह पार गरिसकेको छ । आन्दोलनको क्रममा महिला समानताका लागि धेरै किसिमका प्रयास र प्रक्रियाहरूको परीक्षण हुँदै गए । अन्ततः सन् १९८० को दशकमा आइपुग्दा महिला समानता होइन, जेण्डर समानताको प्रक्रियाबाट मात्र समतामूलक समाजको सृजना गर्न सकिन्छ भन्ने नयाँ सोच महिला आन्दोलनमा देखापर्‍यो । जेण्डर अवधारणा सँगसँगै जेण्डर भूमिका, विश्लेषण, आवश्यकता पहिचान र सकारात्मक विभेदका कार्यक्रमहरू अगाडि सारिए । यसै अवधारणा अन्तर्गत महिला आरक्षण र महिला केन्द्रित विशेष कार्यक्रम जस्ता प्रक्रियालाई व्यवहारमा ल्याइयो ।

सकारात्मक विभेदको कार्यक्रम अन्तर्गत, सुरूका दिनमा जेण्डर समानताको लागि महिला सशक्तिकरण नै काफी हुन्छ भन्ने सोच रहे पनि क्रमशः यो परिवर्तन हुँदै गयो । सामाजिक विभेद हटाउन समाजमा रहेका महिला र पुरुष दुवै यस विषयमा सचेत हुँदै उनीहरूको सोच, व्यवहार र सामाजिक जेण्डर भूमिकामा परिवर्तन हुनु आवश्यक छ भन्ने सोच स्थापित हुन थाल्यो । यसले जेण्डर समानताको सोचमा परिवर्तन ल्याइदियो । अव महिला समानताको लागि सकारात्मक विभेद अन्तर्गत गरिने महिला सशक्तिकरण, महिला केन्द्रित विशेष कार्यक्रम र आरक्षण लगायतका प्रक्रियाबाट मात्र समानता कायम हुन सक्दैन । यसका लागि पुरुषहरू पनि यस विषयमा सचेत र जागरूक हुनुपर्छ भन्ने सोचको विकास भयो ।

समयको क्रमसँगै १९९५ मा बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनसम्म आइपुग्दा "जेण्डर मूलप्रवाहीकरण" को प्रक्रिया अगाडि आयो । समाजमा शताब्दिऔंदेखि पछाडि परेका वा पारिएका महिलाको विकासका लागि सकारात्मक विभेदका कार्यक्रम त आवश्यक छ, तर पर्याप्त छैन । राज्यका हरेक नीति, कार्यक्रम, गतिविधि र सामाजिक चालचलन जेण्डर दृष्टिकोणबाट समता आधारित बनाइनु पर्दछ । अनि, हरेक क्षेत्रका नीति निर्मातादेखि सामान्य जनतासम्म महिला र पुरुष दुवै जेण्डर विषयमा सचेत र सजग हुनुपर्दछ । यसका लागि जेण्डर विषय अव महिलाको मात्र होइन, सिंगो समाजको साझा विषय बन्नुपर्दछ । समाजका दुवै पक्ष, महिला र पुरुषको भिन्न आवश्यकता र मागलाई बुझ्न सक्नुपर्दछ र समाजको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक लगायत हरेक पक्षलाई जेण्डर दृष्टिकोणबाट हेरिनुपर्छ । यो सोच र प्रक्रिया क्रमशः विकास हुँदै गयो ।

**१. जेण्डर विषय महिलाकरण मात्र होइन, राजनीतिकरण हुनुपर्दछ**

"जेण्डर" भन्नेवित्तिकै महिला र जेण्डर विषय भनेको महिलाको विषय भन्ने धारणा हाम्रो समाजमा अझै कायम छ । जेण्डर शब्दले महिला र पुरूष दुवैलाई बुझाउँछ र जेण्डर विषय महिला र पुरूष दुवै वा सिंगो समाजको साझा विषय हो भन्ने कुरा अझै आम बुझाई भइसकेको छैन ।

यस विषयमा युरोपको अनुभव फरक छ । युरोप शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको दृष्टिकोणबाट हेर्दा धेरै अगाडि छ । तर, जेण्डर समानताको दृष्टिकोणबाट नियाल्दा अझै पनि त्यहाँ असमानताहरू कायम छन् । यस कुरालाई ध्यानमा राख्दै युरोपभरी नै "जेण्डर विषय महिलाकरण होइन, राजनीतिकरण" गरिनुपर्दछ भन्ने कुरा एउटा मूल विषय बनेको छ । सन् १९९५ को बेइजिङ सम्मेलनपछि युरोपियन कमिसनमा पनि जेण्डर मूलप्रवाहीकरणको नीति लागु भयो । यसपछि कमिसन अन्तर्गतका हरेक क्षेत्र र तहमा जेण्डर सूचना संकलन, त्यसको विश्लेषण र त्यसको आधारमा समानता उन्मुख नीति, कार्यक्रम र योजना निर्माणको कामको थालनी भयो ।

यसैक्रममा उनीहरूलाई थाहा भयो, युरोपियन कमिसन अन्तर्गत अनुसन्धानको क्षेत्रमा जम्मा ५ प्रतिशत बजेटमात्र जेण्ड सम्बन्धी अनुसन्धानमा खर्च भएको रहेछ भने शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा "सवैका लागि शिक्षा र स्वास्थ्य" भन्ने नाममा प्राकृतिकरूपमा महिलामा निहीत थप क्षमता र दायित्वका कारण आइपर्ने भिन्न आवश्यकताको बारेमा ध्यान नै पुगेको रहेन छ । यसपछि अध्ययन, अनुसन्धान र विश्लेषणको काम झनै व्यापक पारियो र यस खालका सूचना संकलन, विश्लेषण र सुझावको काम प्रायः क्षेत्रमा गर्न थालियो ।

"व्यक्तिगत विषय राजनीतिक विषय" हो र जेण्डर असमानता व्यक्तिगत, पारिवारिक वा सामाजिक जुन तहमा भए पनि यसको समाधान राजनैतिक तहबाट खोजिनु पर्दछ भन्ने अवधारणा जेण्डर मूलप्रवाहीकरणले नै स्थापित गराउन सक्यो । त्यसैले, युरोपको अनुभवमा जेण्डर समान र सन्तुलित समाज निर्माणको प्रक्रियामा यो नै हालसम्मको सवैभन्दा प्रभावकारी प्रक्रिया बनेको छ ।

२. शिक्षामात्रै होइन, सामाजिक सुरक्षा संजाल र जेण्डर सचेतना आवश्यक छ ।

"छोरीलाई अंश होइन शिक्षा" भन्ने कुराले हाम्रो समाजमा समय-समयमा निकै चर्चा पाउने गर्दछ । युरोपियन देशको अनुभव छ– शिक्षा स्वभाविकै रूपमा आधारभूत कुरा हो । यो सवैले पाउनुपर्दछ । तर, शिक्षाले मात्र समाजलाई जेण्डर समान बनाउन सक्दैन । युरोपियन देशमा शिक्षाको रेकर्ड हेर्दा उच्च शिक्षामा समेत पुरूषभन्दा महिलाहरू अगाडि छन्, तर समाजका नीति निर्माणका उच्च तह र क्षेत्रमा महिलाहरू पुरूषभन्दा अझै धेरै पछाडि छाडिएका छन् । युरोपियन संसदले एक दशकअगाडि हरेक क्षेत्रमा कम्तिमा ३० प्रतिशत महिला सहभागिताको नीति पारित गरेको छ । तर, युरोपियन कमिसनभित्रै पनि यो पूर्ण कार्यान्वयन हुन सकेको छैन । त्यहाँ रहेका ३०,००० कर्मचारीमध्ये उच्च निकायमा १५ प्रतिशत र म्यानेजमेन्ट तहमा २३ प्रतिशतमात्र महिला रहेको तीतो सत्य उनीहरूका सामु छ । यद्यपी यो संख्या १९९५ को आँकडासँग तुलना गर्दा उच्च निकायमा पाँच गुणा र म्यानेजमेन्ट तहमा डेढ गुणाले बढेको छ ।

उनीहरूको भनाइ छ-महिलाहरू पुरूष समान शिक्षित भए पनि, समाजले जेण्डर आवश्यकता र अवधारणालाई आत्मसात गर्न सकेन भने फेरि पनि जेण्डर समान र सन्तुलित समाजको कल्पना गर्न सकिंदैन । त्यसैले, शताब्दिऔंदेखि समाजमा जकडिएर रहेको पितृसत्तात्मक सोच, प्रवृत्ति र व्यवहारमा परिवर्तन गर्नु जेण्डर सन्तुलित समाज निर्माणको पहिलो आधार हो । यो शिक्षामा समान अवसरले मात्र हुन सक्दैन, राजनीतिक–सामाजिक पक्ष पनि सँगसँगै जेण्डर सचेत बन्नुपर्दछ ।

अर्को पक्ष, नीति कार्यान्वयनको सन्दर्भमा कम्तीमा पनि उच्चतहमा रहेका सवै पदाधिकारीहरू पूर्णरूपमा जेण्डर सचेतना, महिलाहरूमा प्रतिष्पर्धी क्षमता र सोच, अनि पारिवारिक जिम्मेवारीमा पुरूषको सहभागिता र बालबच्चा, बुढापाका र असक्तको हेरचाहको लागि सामाजिक सुरक्षा संजालको उपयुक्त विकास हुनुपर्दछ । अन्यथा महिला शिक्षाले मात्रै नीति निर्माण, कार्यान्वयन र सामाजिक जीवनमा जेण्डर समानता सम्भव छैन । महिला आन्दोलनले यी सवै कुरालाई सन्तुलितरूपमा उठाउँदै निरन्तर पहल जारी राख्नुपर्छ ।

**३. जेण्डर नीतिसँगै उपयुक्त संयन्त्र र संजाल बन्नुपर्छ**

समतामूलक समाज निर्माणलाई प्रभावकारी बनाउनका लागि नीति र त्यस अनुसारको संयन्त्र दुवै त्यत्तिकै महत्वपूर्ण कुरा हुन् । यी दुईमध्ये एउटाको अभावमा अर्को प्रभावकारी हुन सक्दैन । संयन्त्रका फरक तहहरू हुन्छन् ।

युरोपियन संसदमा सामान्यतया सांसदहरूको दुईवटा झुकाव हुन्छ, एउटा राष्ट्रको पक्षमा र अर्को पार्टीको पक्षमा । संसदमा धेरै जसो छलफल पार्टीगत आधारमा गर्दछन् । मतदान नै हुने अवस्था आयो भने विषयअनुसार कहिलेकाहीं राष्ट्रको आधारमा र धेरैजसो पार्टीको आधारमा हुने गर्दछ । महिला सांसदहरूलाई भने तेस्रो झुकाव पनि राख्न छुट छ, त्यो हो महिलाको विषय । यस विषयमा सवै राष्ट्र र पार्टीका महिला एकै ठाउँमा आएर एउटै मत बनाएर संसदमा लविङ गर्दछन् । जेण्डर समानताको बारेमा छलफल गर्न, विचार राख्न र लविङ गर्न उनीहरूले राष्ट्र र पार्टीभन्दा फराकिलो दायरा बनाएका छन् ।

युरोपियन कमिसनभित्र रहेका २४ वटा डाइरेक्टरेटमध्ये एउटा जेण्डर समानता डाइरेक्टरेट छ । बाँकी २३ वटा डाइरेक्टरेटभित्र पनि जेण्डर विषय हेर्न उच्चतहका कर्मचारी समूहहरू रहेका छन् । यी सवै संयन्त्रबीच कामको योजना, कार्यान्वयनको अनुगमन र मूल्यांकनको समन्वय जेण्डर समानता डाइरेक्टरेटले गर्दछ । कुन तहका कर्मचारीलाई जेण्डर सम्बन्धी कस्तो तालिमको आवश्यकता छ भन्ने कुरा पनि यही संयन्त्रले सिफारिस गर्ने गर्दछ ।

कमिसन बाहिर युरोपभरीका झण्डै २०० वटा विकाससम्बन्धी सहयोग संस्थाहरूबीच नेटवर्किङ बनेको छ । उनीहरूको सहयोग नीति र काम गर्ने तरिका प्रायः एउटै खालको छ । यी संस्थाहरूको बीचमा पनि विकास सहयोगको लागि एउटै जेण्डर नीति रहेको छ भने युरोपियन कमिसनले विभिन्न देशमा गर्ने विकास सहयोगमा समेत जेण्डर विषयलाई प्राथमिकता राख्नका लागि छुट्टै संयन्त्र बनाइएको छ । यसबाहेक विभिन्न देशमा रहेका युरोपियन कमिसनका प्रतिनिधिहरूलाई सम्बन्धित देशमा जानुभन्दा पहिला दिइने तालिममा जेण्डर विषयसमेत पारिन्छ । हाल हरेक क्षेत्रमा एक/एक जना जेण्डर विशेषज्ञ राख्नेबारेमा समेत योजना बन्दै छ ।

जनस्तरबाट युरोपभरी नै जेण्डर विषयमा लविङ गर्ने कामलाई संस्थागत गरिएको छ । जेण्डर मूलप्रवाहीकरणलाई प्रभावकारी बनाउने क्रममा झण्डै ३०,००० संघसंस्थाबीच संजाल बनाइएको छ । यही संजालको माध्यमबाट महिला आरक्षण र सहभागिता बृद्धि र जेण्डर सचेतना जस्ता विषयमा छलफल निरन्तर जारी छ ।

हाल आएर सरकारी र गैरसरकारी सवै क्षेत्रमा रहेका जेण्डर विशेषज्ञहरूका बीचमा "थिंक ट्यांक" को रूपमा सन् २००६ भित्र युरोपियन कमिसन अन्तर्गत रहने गरी "युरोपियन जेण्डर इन्स्टिच्यूट" को स्थापना गर्ने र जेण्डरसम्बन्धी कामलाई अरू व्यवस्थित गर्ने पहल जारी छ ।

**४. सकारात्मक विभेद जेण्डर मूलप्रवाहीकरणको महत्वपूर्ण पाटो**

नीति निर्माण तहमा महिलाको समानुपातिक सहभागिता र प्रतिष्पर्धात्मक क्षमता विकासको लागि तीनवटा कुरा- राजनीतिक नेताहरूमा निहीत इच्छाशक्ति, महिला कोटा र महिला केन्द्रित विशेष नीति र कार्यक्रम कार्यान्वयनमा ध्यान दिनु जरूरी छ ।

यसमध्ये पहिलो कुरा नेताहरूलाई जेण्डर विषयमा जानकारी गराउने र महिला सहभागिताको आवश्यकता महसुस गराउनुका साथै समानताका लागि कुन कुन क्षेत्रमा परिवर्तन आवश्यक छ र कसरी गर्न सकिन्छ भन्ने विषयमा सचेत पार्दै,

त्यस कामको लागि  इच्छाशक्ति जगाउने र प्रतिबद्ध बनाउने कुरा हो । यसो हुँदा सम्बन्धित निकायमा स्पष्ट जेण्डर नीति निर्माण गर्न सकिन्छ । यसो हुँदा  सम्बन्धित ठाउमा महिला सहभागिता कम हुँदा पनि जेण्डर विषयसँग सम्बन्धित नीति र प्रक्रिया प्रभावकारी हुन सक्दछ । यसले काममा महिला र पुरूषबीच सौहार्दता र सहयोगको लागि वातावरण सहज बनाउन पनि मद्दत गर्दछ ।

महिला कोटा र महिला केन्द्रित विशेष नीति र कार्यक्रम सकारात्मक विभेदको नीति अन्तर्गत बनाइने योजना हो । यसमध्ये महिला कोटाले संख्यात्मक सहभागिता बृद्धि गराउँछ भने विशेष कार्यक्रमले महिलाहरूमा आवश्यक दक्षता र प्रतिष्पर्धात्मक क्षमता विकास गराउँदछ । जेण्डर समानताको आन्दोलनमा यी तीनै पक्षलाई समन्वयात्मकरूपमा अगाडि बढाउन सक्दा जेण्डर सन्तुलित समाज निर्माणको प्रक्रिया प्रभावकारी हुन सक्दछ । युरोपमा धेरै राजनीतिक पार्टीहरूले महिला कोटाको व्यवस्था गरेका छन् । उदाहरणका लागि बेल्जियममा संविधानतः पार्टी र संसदमा एक तिहाइ महिला हुनुपर्ने व्यवस्था छ । स्वीडेनको सोसियल डेमोक्र्याटिक पार्टीमा महिला-पुरूष बराबरीको नीति छ भने जर्मनीमा दुवै लिंगका लागि ४०/४० प्रतिशत र २० प्रतिशत खुल्ला प्रतिष्पर्धाको नीति छ । प्रायः सवै युरोपियन देशका लेफ्ट पार्टीहरूमा महिला र पुरूष ५०/५० प्रतिशतको व्यवस्था छ । यी नीतिहरू सम्बन्धित देशका पार्टी र संसद दुवै ठाउमा लागु हुन्छ ।

हाल युरोपमा महिला आन्दोलन कमजोर हुँदै गएको छ । तर, अन्य संगठनको सन्दर्भमा, यी नीतिहरू प्रभावकारी बनेका छन् । ट्रेड युनियन आन्दोलनमा विश्वभर नै महिला सहभागिता बृद्धि भएको छ । इन्टरनेसनल कन्फेडेरेसन अफ फ्रि ट्रेड यूनियन (आइसीएफटीयू) ले आफ्नो संरचना र कार्यक्षेत्रभित्र हरेक तहमा ३० प्रतिशत महिला हुनुपर्ने नीति लागु गरेपछि हाल यसको महिला सदस्य संख्या १९४९ को भन्दा १० गुणाले बढेको छ । साढे एक्काइस करोड सदस्यमध्ये ४० प्रतिशत महिला छन् । महिला सदस्यतामा बृद्धि र युनियन आन्दोलनमा आएको जेण्डर सचेतनाको कारण विश्वभरका ट्रेड युनियनहरू रोजगारी र श्रमसम्बन्धी नीति बनाउने सम्बन्धमा जेण्डर विषयलाई महत्वकासाथ समावेश गर्ने र प्रभावकारीरूपमा लविङ गर्ने अवस्थामा रहेका छन् ।

युरोपियन देशमा विद्यार्थी र युवा संगठनहरूमा महिला सहभागिताको लागि निश्चित कोटा निर्धारण गर्नुका साथै संगठनका प्रमुख पदहरूमा महिला र पुरूषबीच आलोपालो गर्ने व्यवस्था छ ।

हाम्रो परिवेशमा जेण्डर समान र सन्तुलित समाज निर्माणको प्रक्रियामा युरोपका यी अनुभवहरू जस्ताको तस्तै लागु गर्न सकिँदैन । तर, हाम्रो सन्दर्भमा हाल उठिरहेका जेण्डर माग र आवश्यकतालाई केन्द्रविन्दुमा राखेर सामाजिक न्यायसहितको उन्नत नेपाली समाज निर्माणको दिशामा उनीहरूका यी अनुभवहरू सहयोगी नै बन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

◆

# झुटको लागि मर्नुपर्ने ?

**' अग्निशिखा**

**अ**गष्टको अन्तिम हप्ता लाखौं अमेरिकी जनताले वुश प्रशासनसमक्ष प्रश्न तेर्साएका छन्-'झूटको लागि इराकमा हामी मर्नु परेन ?' राष्ट्रपति पदको निर्वाचन नजिकिँदै गर्दा वुशविरोधी अभियान पनि बढेको छ । यसैक्रममा, इराकयुद्ध विरोधी संस्था 'युनाइटेड फर पीस एण्ड जस्टिस'ले आयोजना गरेको जनप्रदर्शनमा अढाई लाख अमेरिकी जनता सहभागी भएका थिए । र, यो विशाल जनप्रदर्शनले वुशको सातो उडाएको छ ।

विख्यात फिल्म निर्माता/निर्देशक माइकल मूरले नेतृत्व गरेको सो जनप्रदर्शनमा मूरको भनाइ थियो-'हामी नै बहुमत हौं । बहुमतले वुश प्रशासनको पक्षमा कहिल्यै मत दिएको छैन । र, आज पनि हामी यहाँ भन्छौं-अब समय आएको छ, हाम्रो मुलुक हाम्रै हातमा फर्कोस् ।' यसक्रममा मूरले वुश प्रशासनविरूद्ध लड्न अमेरिकी जनतालाई आह्वानसमेत गरेका थिए ।

गत मेमा इराकको एउटा जत्थाद्वारा घाँटी रेटिएर मारिएका निक वर्गका पिताले समेत उक्त प्रदर्शनलाई सम्बोधन गरेका थिए । आफ्नो छोराको हत्यारा जत्थाभन्दा पनि, यो दुःखद् परिणामको लागि वुश प्रशासनविरूद्ध आक्रोशित उनको भनाइ थियो-जर्ज वुश हट्नैपर्छ । उनले मेरा छोरालाई मबाट चोरेका छन् । निर्वाचन चोर्ने उनले हाम्रो प्रजातन्त्र चोरेका छन् । उनले हाम्रो स्वतन्त्रता, हाम्रो सुरक्षा र हाम्रो मनको शान्ति चोरेका छन् ।

गोहीको आँसु झार्न सिपालु छ अमेरिका । तव त ऊ एकातर्फ इराकी जनताको स्वतन्त्रताको फलाको फलाक्छ भने अर्कोतर्फ 'सेप्टेम्बर ११' को घटनापश्चात् ल्याइएको कालो कानुन 'युएसए पेट्रोएटिक एक्ट' ले अमेरिकी जनताको पाता कस्दैछ । आतंकवादको विरोधको नाममा आफ्नै जनताको मुखमा भोटे ताल्चा ठोक्ने प्रयास हुँदैछ । आतंकवादको सन्निपातले प्रशासनलाई ग्रस्त बनाएको छ र थुनछेक तथा निगरानीले जनतालाई गाँजेको छ ।

साट्ठी वर्षीय बृद्ध ब्यारी रेइनगोल्ड कुन अपराधमा संघीय ब्यूरोको फन्दामा परे ? थमस जेफर्सन तथा अव्राहम लिंकनको मुलुकमा, विश्वभर स्वतन्त्रताको ठेक्का कुम्ल्याएको मुलुकमा रेइनगोल्डको यो अभिव्यक्ति नै अपराध बन्न पुग्यो । उनले दुई वर्षअघि भनेका थिए-'वुशले घमण्ड गर्नु बेकार छ । उनी त ठूला तेल कम्पनीका दासमात्र हुन् र मध्यपूर्वमा उनको एकमात्र स्वार्थ भनेको तेल नै हो ।' फलतः सम्भावित आतंकवादीको रूपमा उनको फाइल खडा गरियो ।

यतिखेर, अमेरिकी सरकारको विरोध गर्नु, राष्ट्रपति वुशको विरोध गर्नु, आतंकवादविरूद्ध युद्धको नीतिमा फरक मत जाहेर गर्नु र शान्तिको वकालत गर्नुसमेत अमेरिकी जनताको अपराध बन्न पुगेको छ र शंकास्पद आतंकवादी ठहरिनु परेको छ । यसै

सन्दर्भमा, अमेरिकन सिभिल लिवर्टिजका कार्यकारी निर्देशक एन्थोनी रोमेरोको भनाइ छ-'जो कानुनसम्मत विरोध तथा फरक मतमा रहेका छन् ती अमेरिकी जनतालाई एफवीआईले खतरनाकरूपमा निशाना बनाइरहेको छ । आतंकवाद र बैध नागरिक अवज्ञाबीचको रेखा मेट्न खोजिएको छ ।

तब त, एक अर्का बृद्धलाई गिरफ्तार गरियो । उनको कसूर यही थियो कि, उनले गञ्जी फुकाल्न मानेनन् । गञ्जीमा छापिएको थियो-'धरतीमा शान्ति होस्, शान्तिलाई मौका दिइयोस् ।' किन पच्थ्यो वुश प्रशासनलाई बन्दूकको भाषा बोल्ने उर्दी जारी गरिएको अमेरिकामा शान्तिको सन्देश ? शान्तिको रक्षकको नाममा शान्तिकै भक्षक बनेको अमेरिकामा युद्धविरोधी कविता पाठ गरेका कारण विद्यार्थीहरूलाई निलम्बन त गरिएकै छ, कविता पाठ गर्न दिने शिक्षकहरूलाई निस्कासन समेत गरिएको छ ।

मानवीय संवेदना, मानवीय आशा, आकांक्षा र मानवीय सपनाका भक्षक डाइनोसरहरू नै ह्वाइट हाउसको कुर्सीमा गजधम्म परेर बसेका छन् । यसैकारण, एक छात्रालाई स्कुलमा निलम्बन गरियो र उनी 'स्कुलको सुरक्षाकै लागि खतरा' ठहरिइन् । खतराको कुरा यही थियो कि, उनको झोलामा टाँसिएको स्टीकरमा लेखिएको थियो-'सरकारलाई अस्वीकार गर !' नागरिक स्वतन्त्रताको यतिबिघ्न बलात्कार र वुश प्रशासनको असहिष्णुपन तथा दमन नीतिले प्रश्न तेर्साएको छ-आखिर के फरक छ सद्दाम र वुशमा ?

त्यसो भए किन नगर्ने ह्वाइट हाउसमा चाहिँ सत्ता परिवर्तन ? त्यस सत्तामा, ओकल्याण्ड हाइस्कुलका एक विद्यार्थी यसैकारण एफवीआईको केरकारमा परे कि, स्कूलको क्लासमा उनले राष्ट्रपति वुश र इराक युद्धका बारेमा बहस छेडेका थिए । र, स्कुलका प्रिन्सिपल स्वयंले यसबारे एफवीआईलाई रिपोर्ट दिएर प्रशासनको तलुवा चाटेका थिए । एटलान्टा किताव पसलका कर्मचारी मार्क शुज यसैकारण एफवीआई एजेन्टहरूको घेरामा परे कि, उनले एउटा लेख पढेका थिए, जसको शीर्षक थियो-'आम मुर्खताको हतियार' ।

प्रसिद्ध अमेरिकी विद्वान नोम चोम्स्कीले त्यसै भनेका होइनन्- 'असी प्रतिशत भन्दा बढी अमेरिकी जनता प्रजातन्त्रले काम नगरेको र सरकारले केही विशेष स्वार्थको लागि मात्र काम गर्ने गरेको विचार राख्छन् ।' चोम्स्कीको भनाइमा अमेरिकी योजनाकारहरू सधैं एउटै कुरामा मात्र स्पष्ट छन् । त्यो हो 'हामीसँग जे छ त्यो राख्छौं, जे छैन त्यो खोस्छौं ।' त्यही खोस्ने नियतकासाथ नै इराकमाथि आक्रमण गरिएको हो । प्रजातन्त्रसँग अमेरिकाको कुनै लेनादेना छैन ।

यसर्थ कि, अमेरिकाकै नेचरल पार्टीका एक पदाधिकारीले भनेका थिए-'अमेरिकाले आफूलाई प्रजातान्त्रिक राष्ट्र भनेपनि यहाँ राष्ट्रको राजनीतिक जीवनमा कुनै प्रजातन्त्र छैन ।' ब्रिटिश अखवार इन्डिपेन्डेन्टले केही वर्षअघि लेखेको थियो-'पैसा नै ह्वाइट हाउसको साँचो हो । अमेरिकी प्रजातन्त्र पैसामार्फत् सत्ता किन्ने राजनीति बन्न पुगेको छ । अमेरिकाको राजनैतिक प्रचार अभियानको व्यय मुख्यरूपमा केही ठूला आर्थिक समूह र धनी व्यक्तिमार्फत् पुर्ताल हुन्छ ।'

यसैकारण अमेरिकी सत्ताको नसा-नसामा हिंसाको रगत बग्ने गर्छ । युद्धका खातिर उसको जिब्रो लप्लपाउँछ । युद्ध भएमा नै युद्ध पीडित मुलुकको सम्पदा लुट्न सकिन्छ । त्यसको ठेक्का ठूला आर्थिक घरानाहरूलाई सुम्पिन सकिन्छ । र, ह्वाइट हाउसको कुर्सीमा थच्चिइरहन आवश्यक पर्ने डलर कुम्ल्याउन सकिन्छ । इराकविरूद्धको आक्रमणलाई यसै परिप्रेक्ष्यमा लिनुपर्ने हुन्छ । युद्धका कारण कुनै मुलुकका जनता मरे मरून्, आफ्नै सैनिक मरे मरून्-ह्वाइट हाउसलाई त्यसको पर्वाह छैन । तव त यतिखेर वुशको नामले डलर समेटेको छ । अर्थात्, BUSH भएका छन् - BU$H.

विश्वभर गुञ्जिरहेको युद्धविरोधी नारा र शान्तिको कामनासँग कतिबिघ्न त्रस्त छ अमेरिका र त्रस्त छन् संयुक्त राष्ट्रसंघका पदाधिकारीहरूसमेत । अमेरिका त्यो पुतना हो जो संयुक्त राष्ट्रसंघलाई आफ्नो काखमा खेलाई-खेलाई विषालु दुध पिलाइरहेकी छे । यसैकारण, जब एक वर्षअघि अमेरिकी विदेशमन्त्री कोलिन पावेल इराकको सवालमा संयुक्त राष्ट्रसंघमा आफ्नो भनाइ राख्न गएका थिए । सुरक्षा परिषद्को भवनको द्वारमा टाँगिएको पाब्लो पिकासोको विश्वप्रसिद्ध कलाकृति 'गुएर्निका'लाई राष्ट्रसंघीय पदाधिकारीहरूले छोपेका थिए । यसर्थ कि, गुएर्निकाले युद्धको विरोध गरेको छ र युद्धको विभीषिकालाई व्यक्त गरेको छ ।

◆

# सुडानजस्तै नबनोस् नेपाल !

**' भानुभक्त ढकाल**

**ऐतिहासिक पृष्ठभूमिः**

प्राचीन समयमा नाविवियाको नामले चिनिने आजको सुडान नेपालजस्तै गरिब र कृषिमा आधारित मुलुक हो । अफ्रिका महादेशको मध्यभागमा अवस्थित सुडानमा सुरूमा इजिप्सियनहरूले बस्ती बसाएका थिए । १५ औं शताब्दीमा अरबको विजयले सुडानमा इस्लाम धर्मलाई भित्र्याइएको थियो । १८ औं शताब्दीमा इजिप्टले सुडानमाथि कब्जा जमायो । मुहमद हमिदले १८८१ मा आन्दोलन गरेर ४ बर्षको अन्तरालमा इजिप्टलाई हराए । तर बेलायती सेनाले खार्तुममा मुहमद हमिदको हत्या गर्‍यो । बेलायत र इजिप्टको संयुक्त शासन सुडानमाथि लादियो । बेलायतले गभर्नर र मुख्य मुख्य कार्यालयका उच्चपदस्थ अधिकारी नियुक्ति गर्ने परिपाटी बसालियो ।

सन् १९२४ तिर बेलायतका विरूद्ध सुडानी जनताले इजिप्टको सेनाका मातहतमा लडाइँ लडे, तर यसमा सफलता मिलेन । पराजयपछि इजिप्सियनहरूलाई बेलायतले सरकारी नियुक्तिबाट बर्खास्त गर्‍यो । सन् १९३६ मा पुनः इजिप्ट र

बेलायतका बीचमा नयाँ सम्झौता भएको थियो । सन १९४० देखि १९५० सम्म सुडानी राष्ट्रवादी आन्दोलनले गति लियो । सन् १९५५ मा सुडानी जनताले मताधिकारको अधिकार प्राप्त गर्न सफल भए, आत्मनिर्णयको अधिकार प्राप्त गरे । यसको लगत्तै जून १, १९५६ मा सुडान स्वतन्त्र भयो । त्यसैले आजसम्म पनि जून १ लाई राष्ट्रिय दिवस मानिन्छ । स्वतन्त्रतापछि समान अधिकार र राष्ट्रिय भाषा, धर्म जस्ता विषयलाई लिएर उत्तर र दक्षिण सुडानबीच तीव्र संघर्ष भयो । जसका कारण स्वतन्त्रतापछिको सरकार असफल हुन पुग्यो ।

सन् १९५८ मा जनरल इब्राहिम अब्दुलले सेनाको माध्यमबाट सत्ता हत्याएपछि राजनैतिक पार्टीमाथि प्रतिबन्ध लगाए । राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई जेलमा थुने । सन् १९६४ मा सबै तप्काका जनता मिलेर नागरिक शासन पुनर्बहालीको लागि आमहड्ताल गरे । यो सरकारले पनि जनताको समस्या समाधान गर्न सकेन । सन् १९६९ मा निमेरीले सरकार कब्जा गरे । सन् १९७१ मा पार्टीमाथि प्रतिबन्ध लगाइयो, नेताहरूलाई गिरफ्तार गरी निमेरी राष्ट्रपति बने । सन् १९७२ मा दक्षिणी क्षेत्रको सर्मथन लिन त्यसलाई क्षेत्रीय सरकारको मान्यता दिइयो । सन् १९७३ मा निमेरीले राष्ट्रपतिको हातमा सम्पूर्ण अधिकार केन्द्रित गरी व्यवस्थापिकालाई अधिकारविहीन बनाएर संविधान लागू गरे । राज्य सञ्चालनका लागि एउटा आधिकारिक पार्टी सुडान समाजवादी संघ बनाए र निमेरी आफैं यसको प्रमुख बने ।

सन् १९८३ मा निमेरीले सुडानमा मुस्लिम कानुन लगाए । दक्षिणलाई दिइएको राज्यको मान्यतालाई पनि उनले फिर्ता लिए । दक्षिणले यसको विरूद्ध आन्दोलन गर्‍यो । सन् १९८५ मा एउटा सैनिक दस्ताले उनलाई सत्ताच्यूत गर्‍यो । राजनीतिक पार्टीहरू पुनः सक्रिय र संगठित बने । १९८६ मा निर्वाचनवाट मिलिजुली सरकार बन्यो । सन् १९८९ को जून महिनामा ब्रिगेडियर जनरल ओमार हसन अहमद बसिरले सैनिक विद्रोहमार्फत् सत्ता आफ्नो हातमा लिए । सबै पार्टीहरू निलम्बित भए, व्यवस्थापिका खारेज गरियो, देशको संविधान निलम्बन गरियो । सन् १९९३ मा सैनिक परिषद्ले अल बसिरलाई राष्ट्रपति बनायो । राष्ट्रिय मुस्लिम मञ्चलाई मात्र राज्यले मान्यता दिँदै मुस्लिम धर्म र परम्पराअनुसार राज्य सञ्चालन गर्ने घोषणा यिनले गरे ।

समयक्रमसँगै सत्ता अनुकूल बनाउँदै राज्य प्रमुख र सरकार प्रमुख बसिर आफैं भए । उनले जुन ३०, १९९८ बाट नयाँ संविधान लागू गरेका छन् । प्रत्येक पाँच बर्षमा प्रत्यक्ष वालिग मतदानका आधारमा राष्ट्रपति चुनिने व्यवस्था संविधानमा उल्लेख छ । व्यवस्थापिकामा जम्मा ४ सय सदस्य रहने व्यवस्था छ । जसमा २ सय ७५ सिटमा क्षेत्रगत आधारमा प्रत्यक्ष निर्वाचनका माध्यमबाट र १ सय २५ सिट अप्रत्यक्ष मतदानबाट राष्ट्रिय सम्मेलनमार्फत् चुनिने गरिन्छ । संसदको अवधि भने ४ बर्षको हुन्छ । जसमा महिलाको संख्या २१ छ । जुन कूल सदस्य संख्याको ५.२५ प्रतिशत हुन आउँछ । डिसेम्वर १२, १९९९ मा राष्ट्रपतिले संकटकाल लगाए । संसद भङ्ग गरे । इस्लामिक धर्म र परम्पराको नाममा सैनिक शासन अझ कडा बनाउँदै विपक्षीहरूलाई निरन्तर दबाइरहेका छन् ।

**भौगोलिक स्थिति :**

मध्य अफ्रिकी राष्ट्र सुडान उत्तरमा लिविया, इजिप्ट, पूर्वमा साउदी अरेविया, इरिट्रीया, इथियोपिया, दक्षिणमा केन्या, उगान्डा, कंगो र पश्चिममा मध्यअफ्रिकन गणतन्त्र र चाँद राष्ट्रको बीचमा अवस्थित छ । उत्तर, मध्य र दक्षिण गरी तीन क्षेत्रमा बाँडिएको सुडानलाई प्रशासकीय ढंगले भने २६ जिल्लामा विभाजन गरिएको छ । सुडानको दोस्रो ठूलो शहर खार्तुममा यसको राजधानी छ । २५०५८१३ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यो मुलुकको कूल जनसंख्या ३,४४,७५,६९० छ । रातो समुद्र, नीलो नील र सेतो नील नदीको अनौठो संगम यस देशमा कृषिका लागि उर्वरा भूमि छ । कपास, उखु, कोदो, केराउ लगायतका अन्न बालीहरू उब्जाउ हुन्छन् । विश्वकै सबैभन्दा लामो नाइल नदी (६६७१ कि.मी.) को दुबै किनारामा मानव बस्ती रहेको छ । स्मरणीय छ, सुडान क्षेत्रफलको हिसाबले विश्वको दशौं ठूलो मुलुक हो भने जनसंख्याको हिसाबले सैत्तीसौं स्थानमा रहेको छ ।

यस देशको जनसंख्या बृद्धिदर २.७१ प्रतिशत रहेको छ भने बसाइसराइँ दर १.६८ प्रतिशत छ । औसत आयु ५६.४ बर्ष छ जसमा पुरूष ५५.४१ र महिलाको ५७.४४ बर्ष रहेको छ । अरवी राष्ट्रभाषा मानिने यो मुलुकमा १०० भन्दा बढी भाषा-भाषीहरू छन् । ४६.१ प्रतिशत साक्षर छन्, जसमा ५७.७ पुरूष र ३४.६ प्रतिशत महिला साक्षर छन् । कृषिमा आधारित अर्थतन्त्र भएको यो मुलुकमा कृषिमा ३३ प्रतिशत, उद्योगमा १७ प्रतिशत र सेवा क्षेत्रमा ५० प्रतिशत मानिसहरू कार्यरत छन् । ७८ प्रतिशत मानिसहरू ग्रामीण क्षेत्रमा र २२ प्रतिशत शहरी क्षेत्रमा बसोबास गर्दछन् । यस देशको मुद्रालाई सुडानी पाउण्ड भनिन्छ ।

**द्वन्द्वको विकास र आजको अवस्थाः**

सयभन्दा बढी भाषाभाषीहरू भएको र ७० प्रतिशत मानिसहरू मुस्लिम, २५ प्रतिशत आदिबासी र ५ प्रतिशत क्रिस्चियन धर्मावलम्बी रहेको यस देशमा कहिले क्षेत्रीय (उत्तरी र दक्षिणी), कहिले जातीय र कहिले कुन रूपमा आन्तरिक द्वन्दहरू भइरहेका छन् । सुडानमा भएको सशस्त्र द्वन्द्व सुरूमा असमानता, अन्याय र दमनविरूद्धको आवाजको रूपमा भएको थियो । विपक्षी राजनीतिक पार्टीहरूलाई अमानवीय दमन र यातना दिएर सरकारले हिंसा र प्रतिहिंसाको सिर्जना गरेको थियो । दक्षिणी सुडानमा सुडानको स्वतन्त्रतापछिदेखि सुरू भएको सशस्त्र आन्दोलन डढेलोझैं देशका विभिन्न भूभागमा फैलिएको छ । अहिले आएर डाफुर प्रान्तमा अर्को सशस्त्र विद्रोहले चरम रूप लिएको छ ।

राजनीतिक आस्थालाई जबर्जस्ती बन्देज लगाउने, व्यक्तिका आधारभूत मानवअधिकारहरूसमेत उपभोग गर्न नदिने र विद्रोहीले राखेका मागहरूलाई नजरअन्दाज गरेर केवल दमनबाट मात्र विरोधीलाई तह लगाउन सकिन्छ भन्ने सरकारी पक्षको सोच, दुबै पक्षको जातिवादी दृष्टिकोणका कारण आज सुडानले भोकमरी, मानवअधिकारको घोर उल्लंघन, आन्तरिक विस्थापन, शरणार्थी समस्या, गैरन्यायिक हत्या, बर्बरतापूर्ण यातना, अपहरण, महिलाहरूमाथि यौन बर्बरता र बलात्कार, बालबालिकाहरू

आधारभूत स्वास्थ्य, शिक्षा, माया-ममताबाट बञ्चित हुनुपर्ने बाध्यता, सिंगो गाउँ र भौतिक सम्पत्तिहरूको विनास भोग्नुपरेको छ । यसलाई अन्तर्राष्ट्रिय समुदायमा एक्काइसौं शताब्दीको सबैभन्दा ठूलो मानवीय त्रासदीका रूपमा चित्रित गरिएको छ ।

राजनीतिक दमन र जातिवादी दृष्टिकोणले डाफुर प्रान्तका अफ्रिकी र अरवी मूलका मानिसहरूलाई विद्रोहका लागि उक्साइयो । सन् २००३ को फेब्रुअरीदेखि डाफुरका दुई विद्रोही समूहले स्वतन्त्रता, न्याय र समानताका लागि खार्तुम सरकारका विरूद्ध हतियार उठाए । यसको बदलामा सरकारले डाफुर क्षेत्रमा सैनिक लगाएर आक्रमण गरायो । अर्कोतर्फ, सरकार समर्थित अरवी मूलका जन्जावी मिलिसियाहरूले डाफुर क्षेत्रमा ब्यापक लुटपाट, आगजनी र बलात्कारका घटना तीव्र पारे । डाफुर तथा दक्षिणबाट आन्तरिक विस्थापनमा परेका, दोहोरो आक्रणको चपेटामा परी घरपरिवार त्याग्न बाध्य भएका, शान्तिसुरक्षाको आसमा उत्तरी क्षेत्र तथा राजधानी आएका नागरिकहरूमाथि सरकारले सहयोगभन्दा पनि दमनकारी नीति नै अँगाल्न पुग्यो । परिणामस्वरूप, डाफुर क्षेत्रमा मात्र ५० हजार मानिसहरू मारिइसकेका छन् । १२ लाख मानिसहरू विस्थापित भएका छन्, कम्तीमा १० लाख मानिसहरू आन्तरिक रूपमा विस्थापित भएका छन् । १ लाख ७० हजार मानिसहरू शरणार्थीका रूपमा छिमेकी मुलुक चाँदमा शरण लिन बाध्य भएका छन् र कतिपय मानिसहरू पहाड र उपत्यकामा लुकेर बसेका छन् । यसको आँकडा भने अझै पत्ता लगाउन सकिएको छैन भनेर एम्नेष्टी इन्टरनेशनलको आँकडाले देखाएको छ ।

सुडानको आन्तरिक द्वन्द्वको अर्को पक्ष भनेको आजको एक्काइसौँ शताब्दीको युगमा समेत प्रजातन्त्रको उपयोग जनताले गर्न नपाउनु हो । वसिरले सैनिक शासन लागू गरेर राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाएका छन् । धर्मका नाममा जङ्गली शासन थोपरेर नागरिकहरूलाई अनावश्यक हैरानी दिएका छन् । लडाइँ लडेर नै दक्षिणले १९७२ देखि १९८३ सम्म सो क्षेत्रमा स्वायत्त सरकार चलाएको र सवैखाले दमन, उत्पीडन, भेदभावको पीडालाइ अन्त्य गरेको अनुभवबाट शिक्षा लिएका सुडानी जनता लडेर आफ्नो अधिकार लिन दृढसंकल्पित छन् । समाजमा रहेको शोषण, दमन, अन्याय, अत्याचारको विरूद्ध सामाजिक न्याय, समानता, स्वतन्त्रताको झण्डा उठाएर जनमुक्ति सेनासहित सुडानी कम्युनिष्ट पार्टी क्रियाशील छ ।

**भोकमरी, आन्तरिक विस्थापन र शरणार्थी समस्याः**

बर्षौदेखिको युद्धले सुडानको अधिकांश क्षेत्रमा र डाफुर प्रान्त भोकमरी, एचआइभी, विभिन्न खाले संक्रमणकारी रोगहरूले आक्रान्त पारेको छ । न्यूनतम स्वास्थ्य सेवाको अभाव, शुद्ध पिउने पानीको अभावले जनजीवन कहालीलाग्दो भएको छ । युद्धको प्रत्यक्ष असर महिला, बालबालिका र बृद्धहरूलाई झनै बढी परेको छ । यौन बर्बरता र बलात्कारका शिकार भएका महिलाहरू मानसिकरूपमा विक्षिप्त भएका छन् भने भविष्यका कर्णधार भनिएका बालबालिकाहरू हीन भावना र प्रतिशोधको भावनाले ग्रस्त छन् । शहर वरिपरिका वस्तीहरूमा विस्थापित समुदायको चापका कारण फोहरमैला बढेको छ । विस्थापितहरूका लागि खाना, नाना र छानाको अभावले कयौं बालबालिकाहरू विभिन्न खाले सरूवा रोगका कारण मरेका खबरहरू दिनहुँ बढ्दैछन् । शान्ति, सुरक्षा र जनजीवीकाको खोजीका लागि देश छोडेर भाग्नेहरूको ताँती नै लागेको छ ।

विभिन्न मानवअधिकार संस्थाहरूले सुडानको स्थितिप्रति गहिरो चिन्ता व्यक्त गर्दै सहयोगका लागि अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरेका छन् । तर, सुडानको सरकारले यस समस्या समाधानका लागि कुनै दीर्घकालीन उपायको खोजी गरेको छैन ।

**अन्तर्राष्ट्रिय प्रयास र मानवअधिकार**

संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय रेडक्रस, एम्नेष्टी इन्टरनेशनल लगायतका मानवअधिकार संस्थाहरू, अन्तर्राष्ट्रिय समुदाय र अरबी तथा अफ्रिकी राष्ट्रहरूले शरणार्थीहरूलाई स्वेच्छाले घर फर्कन र सरकारले तिनीहरूको सुरक्षाको व्यवस्था गर्न गरेको पहललाई सुडानी सरकारले उचित ध्यान नदिएको र समस्या समाधानको निम्ति अन्य पक्षको सुझाव र सहयोगलाई हृदयदेखि नै मनन् नगर्ने र ढिलाइ गर्ने प्रवृत्तिले समस्या झनै विकराल बन्दै गएको छ । संयुक्त राष्ट्रसंघले विगत २ बर्षदेखि निरन्तर प्रयास गर्दागर्दै पनि सुडानको समस्या समाधानमा पुग्न सकेको छैन ।

**निष्कर्षः**

सुडानमा राजनीतिक, आर्थिक तथा सामाजिक समानता, न्याय र समृद्धिको चाहना राखेर सुरूमा राजनीतिक द्वन्द अगाडि बढेको भएतापनि त्यसले जुन विकराल रूप लियो, त्यो हिंसा र प्रतिहिंसाको चपेटाले सुडानलाई ज्यादै नराम्ररी सताएको छ । यसको परिपूर्ति गर्न सुडानलाई अवको एक शताब्दी नै लाग्न सक्छ । सुडानी जनताले आफ्ना आफन्तजन मात्र गुमाएनन्, हजारौं सुडानीहरू अपांग जीवन बिताउन बाध्य भएका छन् । यो गृहयुद्धको भौतिक पूर्ति गर्न त सकिएला तर सुडानी जनतामा छाएको त्रास, भय, मानसिक पीडालाई भने कुनै पनि अर्थमा पूर्ति गर्न सकिंदैन । ती कलिला नानीहरू जसले आफ्नो कलिलो मस्तिष्कमा युद्धको भयावहतालाई आफ्नै आँखाले हेरे, कहालीलाग्दो भोकमरी, रोग र त्रास भोगे त्यसको प्रभाव तिनको जीवनभरि नै रहनेछ । र, प्रतिहिंसाको ज्वाला तिनको हृदयमा उठ्नेछ, त्यसलाई निभाउन त्यति सहज छैन ।

नेपालजस्तै विकासोन्मुख, कृषिमा आधारित मुलुक सुडानको आन्तरिक गृहयुद्धको भयावह प्रभावलाई हेरेर हामी नेपालीले प्रशस्तै पाठ सिक्ने ठाउँ छन् । नेपालको हालको हिंसात्मक राजनीतिक द्वन्द र सुडानको द्वन्द धेरै हदसम्म समान देखिन्छ । हिंसा सुरू हुँदाका प्रकृतिहरू समान देखिन्छन् । हिंसालाई दबाउन सरकारले लिएका रणनीतिहरू समान देखिन्छन् । दीगो शान्तिका लागि दीर्घकालीन सोचका साथ अघि नबढ्ने हो भने नेपालले पनि छिट्टै नै सुडानकै जस्तो भोकमरी, महामारीको शिकार हुनुपर्ने निश्चितै छ । यसैले, कुनै पनि राजनीतिक द्वन्द हिंसात्मक हुनु अगाडि नै समाधानमा जानुपर्दछ, । हिंसालाई दमनबाट निमिट्यान्न पार्न सकिन्छ भन्ने सोच नराखी वार्ता र आपसी समझदारीबाट समाधान गर्नुपर्छ भन्ने यथार्थवादी सोच लिएर अघि बढ्न सकेमा मात्र समस्या समाधान हुनसक्छ भन्ने पाठ सुडानको आन्तरिक गृहयुद्धले सिकाएको छ ।

◆

# खलंगा जेल ब्रेकको इतिहास

**' सूर्य थापा**

२०३३ साल असार ७ गते हालको जनता माध्यमिक विद्यालय, बाग्दूलाको प्रांगणमा जिल्ला शिक्षा अधिकारीसँग विवाद भयो। यसैक्रममा जिशिअ भरतबहादुर संजेलले पिटाइ खानुपऱ्यो। पञ्चायती कालरात्रीको त्यस कठोर समयमा जिशिअमाथि कुटपिट गर्नु सामान्य कुरा थिएन। अझ चिनिएका कम्युनिष्ट कार्यकर्ताले कुटपिटको अगुवाई गरेको कारण घटना दमनको निहुँ बन्नु स्वभाविक थियो। त्यस घटनामा दुर्गाबहादुर के.सी. (डीबी सिंह), हरिबहादुर के.सी., सूर्यबहादुर के.सी. र रामबहादुर पहाडीमाथि प्रशासनले सार्वजनिक अपराधको मुद्दा लगायो। यस मुद्दामा डीबी सिंह पाँच महिना जेल बस्नुपर्ने सजाय तोकियो।

ऐतिहासिक नख्खु जेल विद्रोह-राजबन्दीहरूको निम्ति विशेष प्रेरणाको घटना बनेको थियो-त्यतिबेला। देशभरिका क्रान्तिकारी राजबन्दीहरू कुनै उपायले जेल तोडेर बाहिर निस्कन चाहन्थे, नख्खु जेल ब्रेकको घटनाले यही सिकाएको थियो। फेरि जेलको बसाईको कुनै ठेगान हुँदैनथ्यो। तीन महिना सजाय तोकिएको भए पनि पञ्चायतले तीस बर्ष जेलमै सडाउने षडयन्त्र रच्न सक्दथ्यो। प्यूठानकै सन्दर्भमा भन्नुपर्दा मोहनविक्रम सिंहले जेलमा नौ वर्ष गुजार्नुपरेको घटना ताजै थियो।

त्यसबखत हरेराम शर्माले नेतृत्व गरेको सर्वहारा क्रान्तिकारी संगठन (प्रोन)ले सशस्त्र संघर्षको नीति अवलम्बन गरेको थियो। डीबी सिंह त्यही समूहको केन्द्रीय सदस्य तथा दोस्रो कम्पनी कमाण्डरको हैसियतमा हुनुहुन्थ्यो। उहाँ पार्टीको फौजी रणनीतिलाई व्यवहारमा उतार्ने सिलसिलामा दाङ क्षेत्रमा गुरिल्ला युद्ध चलाउने प्रयत्न गर्दागर्दै पक्राउ हुनुभयो। उहाँमाथि राजकाज अपराधको मुद्दा लाग्यो। जसमा एउटा तीन बर्षको जेल सजायसमेत थियो। यसरी राजकाज र सार्वजनिक अपराधका दुईवटा मुद्दामा जम्मा ३ बर्ष ५ महिना जेलमा बस्नुपर्नेमा ११ महिनाको कैद भुक्तान भइसकेको थियो।

सीडीओ कार्यालयसँगै जोडिएको छ- खलंगा जेल। त्यहाँ अरू खाले बन्दीहरू पनि थिए। तर राजनीतिक बन्दीमा डीबी सिंह र राम पहाडीलाई मात्र राखिएको थियो। र, डीबी सिंह पूरै तीस महिना जेलभित्र बस्नुपर्ने तोकिएको अवधि बाँकी थियो। त्यसमा पनि जेल परेपछि कहिले निस्कने भन्ने कुनै ग्यारेन्टी हुँदैनथ्यो र भविष्य अनिश्चित थियो।

डीबी सिंह भन्नुहुन्छ-"खलंगा जेल ब्रेकको घटना अहिले एउटा कथा बनेको छ। त्यतिखेर म नख्खु जेल ब्रेकको घटनाबाट प्रभावित थिएँ। साथै दोस्रो विश्वयुद्धमा नाजीहरूले जर्मनीको गेस्टापो जेलका बन्दीहरूलाई दिएको यातनाबारे पनि पढ्दै थिएँ। ती दुवै सन्दर्भका कारण म जसरी हुन्छ, जेलबाट बाहिर जानैपर्ने हिसाबले प्रेरित भएँ र जेल ब्रेकको प्रयत्नमा जुटें।'

२०३४ साल पुस १२ गते राति डीबी सिंह खलंगा जेलबाट बाहिर निस्कनुभयो। त्यसअघि पनि आफूहरूले एघारपटक जेल ब्रेक गर्ने योजना बनाएको तर बाहिर निस्कन सफल नभएको बताउनुहुन्छ उहाँ। बाह्रौं योजना चाहिँ पूर्ण सफल भयो -आन्तरिक पहलकदमीअनुसार बन्दीहरूको काँधमा टेकेर उहाँ जेलको माथिल्लो तलामा चढ्नुभयो र पछाडिको पर्खाल भत्काएर डोरीको सहायताले बाहिर निस्कनुभयो। यसप्रकार कठोर कारावास र चार दिवारभित्रको सजायलाई सचेत प्रयत्नद्वारा अर्थहीन तुल्याएर उहाँ स्वतन्त्रताको खुला आकाश चुम्न बाहिर निस्कनुभयो। बेलुका सँगै सुत्नुभएका बन्दी साथी राम पहाडी चाहिँ उहाँका साथ जेल ब्रेकमा सहभागी हुनुभएन, किनकि १-२ महिनामै उहाँ जेलमुक्त हुने निश्चित जस्तै थियो।

सुरक्षा बन्दोबस्तलाई चुनौती दिँदै डीबी सिंह जेलबाट बाहिरिएको त्यो घटना तत्कालीन परिवेशमा अवश्य पनि साहसिक थियो। 'अहिले सम्झँदा त्यो घटना न ज्यादै ठूलो हो, न त सानो नै। मलाई लाग्छ, त्यो एउटा महत्वपूर्ण घटना हो' भन्नुहुन्छ-डीबी सिंह।

जेल तोडेर बाहिर निस्केपछि डीबी सिंह लाममेलामाथिको भीर, तेर्सो बाटो र खोल्साखोल्सी भएर मरन्ठानामाथि धुरीमा पुग्नुभयो-भुकभुकोमा। उहाँ भागेको थाहा पाउनासाथ प्रहरीहरू खोजीमा नलागेका होइनन्, तर प्रहरी दाङतिर लागे, उहाँ पुग्नुभयो-जनताको माझमा। उहाँ मरन्ठानामा सिद्धिमान केसीको घरमा पुगेर खाना खानुभयो, चिसो कपडा सेकाउनुभयो र त्यो साँझ त्यहीँ गाउँका एकजना गिरीको घरमा बास बस्नुभयो। केही दिनपछि पार्टीका साथीहरू र पुराना मित्रहरूसँग सम्पर्क भयो। 'साथीहरू लिन आउनुभएपछि म उहाँहरूका साथ लुङतर्फ लागे' सिंहले बताउनुभयो।

जेल ब्रेक गरेको २० दिनपछि आफू गुल्मी पुर्कोटदह हुँदै बाँझकटेरीस्थित कम्युनिष्ट कार्यकर्ता प्रेमचन्द्र भुसाल 'पसिना' को घरमा पुगेको बताउनुहुन्छ उहाँ। तत्पश्चात् उहाँ गुल्मीकै जैसीथोकस्थित टंक पोखरेलको घरमा पुग्नुभयो। 'त्यहाँबाट अर्घाखाँची-खिदिमका रामबहादुर मानवको घरमा पुगें र बाणगंगाको बाटो हुँदै पिपरा निस्के'- सिंहले सम्झनाको क्रममा भन्नुभयो- 'पार्टीसँग सम्पर्क भएपछि जेल ब्रेक गरेर आएको सारा बृत्तान्त रिपोर्ट गरें। यो घटना त्यति धेरै प्रकाशमा आएन। अझै पनि यस घटनाको विवरण लिखित इतिहास बन्न सकेको छ जस्तो लाग्दैन।'

जेल तोडेपछि डीबी सिंह सक्रियतापूर्वक पार्टी काममा खट्नुभयो। पछि सर्वहारा क्रान्तिकारी संगठनको तत्कालीन नेकपा (माले) सँग एकता भयो। र, उहाँ नेकपा (माले)को केन्द्रीय सदस्य बन्नुभयो। डीबी सिंह एउटा गतिशील, सक्रिय, साहसी र मिजासिलो व्यक्ति हुनुहुन्थ्यो, तर असाध्यै अस्थिर स्वभावले गर्दा उहाँ क्रान्तिकारी आन्दोलनको दीर्घकालीन प्रक्रियामा टिकिरहन सक्नुभएन। नेकपा (माले) भित्र उहाँ आलोचित हुने क्रियाकलाप देखिन थाले। त्यसैक्रममा 'अन्तर्राष्ट्रियतावाद कि नव ट्राटस्कीपन्थी पुच्छरवाद ?' शीर्षकको पुस्तिकामार्फत् पार्टीले डीबी सिंह (कुन्दन)का गलत सोचाइ, अस्थीर र अराजकतावादी चिन्तन-प्रक्रियामाथि

वैचारिक धावा बोल्यो । वैचारिक संघर्षको त्यस प्रहारलाई उहाँले आफ्ना गलत चिन्तन, व्यवहार र शैलीमा सुधार गर्ने अवसरको रूपमा सदुपयोग गर्न सक्नुभएन । अन्तिममा २०४१ वैशाखमा नेकपा (माले)ले उहाँलाई पार्टीबाटै निस्कासित गर्नुपर्‍यो । त्यसपछि उहाँले भी.आई.पी. अर्थात् 'भ्वाइस अफ इन्टरनेशनल प्रोलेटारियट' 'नेपालमा साम्राज्यवादविरोधी मोर्चा' आदि गठन गर्ने प्रयास गर्नुभयो, तर राजनीतिमा टिक्नचाहिँ सक्नुभएन । र, कम्युनिष्ट आन्दोलनबाट समेत धेरै टाढा पुग्नुभयो । 'बैकल्पिक उपचार'को व्यवसायमा डा. डीबी सिंह आजकल बुटवल र घोराहीस्थित क्लिनिकहरूमा 'सेतो एप्रोन'मा देखिनुहुन्छ ।

यसरी खलंगा जेल ब्रेकको घटना क्रमशः विस्मृतिमा धकेलिँदै गयो । डीबी सिंहको 'उपचार, व्यापार र व्यवसाय'ले त्यसको सम्झना गराउने कुरै थिएन । तर एक कालखण्डमा त्यो एउटा महत्वपूर्ण घटना थियो । भलै त्यसका पात्रको व्यवहार र भूमिकाले आज त्यो घटनालाई सम्झाउने स्थिति छैन । तथापी इतिहास इतिहास नै हो । 'त्यसबेलाको परिस्थितिमा हामीले जे गर्‍यौं, त्यसको मूल्यांकन नयाँ पिँढीले गर्ने हो । हामी आफैंले त्यसको के मूल्यांकन गर्ने ?' डीबी सिंह स्वयं खलंगा जेल ब्रेकको घटनाबारे' हिजोआज भन्ने गर्नुहुन्छ ।

भारतीय कम्युनिष्ट आन्दोलनमा अराजकतावादी प्रवृत्तिका बाहकको रूपमा चिनिने आर.पी. सर्राफको निकट सम्पर्क, प्रभाव तथा मूलतः आफ्नै गलत चिन्तन र अस्थिर स्वभाव एवं चिन्तनशैलीका कारण समयले आज डीबी सिंह र खलंगा जेल ब्रेकबीच रगतको साइनो जोगाउन सकेन । त्यसैले त्यो घटना विस्मृतिमा धकेलिएको छ । डीबी सिंहको राजनीतिक जिन्दगी नयाँ पुस्ताको लागि सिक्न लायक पनि रहेन । उहाँको राजनीतिक यात्रा वर्षाको खहरे जस्तै सामसुम भइदियो । तर खलंगा जेल ब्रेकको घटनाको ऐतिहासिक महत्व छ । र, त्यस घटनाबाट नयाँ पिँढीले अवश्य पनि धेरै सकारात्मक प्रेरणा लिनसक्ने देखिन्छ ।

◆

# कुर्दिस योद्धा लेला जाना

हाँ यस्तो मुलुक पनि छ-जो मानिसहरूलाई दिसा खान बाध्य पार्छ । यहाँ यस्तो मुलुक पनि छ- जो मृत चेलीको शरीरलाई समेत बलात्कार गर्छ र गोली हानेर छियाछिया पार्छ । यहाँ यस्तो मुलुक पनि छ- जो मानिसलाई जिउँदै काटेर टुक्रा-टुक्रा पार्छ र टाउको फोडेर गिदी छताछुल्ल पार्छ। यहाँ यस्तो मुलुक पनि छ- जो स्वतन्त्रताप्रेमीहरूको टाउको छिनाल्छ र सैनिकहरू टाउको उचाल्दै पोजदार फोटो खिचाउँछन् । त्यो कलंकित मुलुक टर्की हो, जसको सत्ताको सालनाल अमेरिकासँग जोडिएको छ ।

त्यस कलंकित मुलुकमा अल्पसंख्यक कुर्दिश जनताको हैसियत पशु जत्तिको पनि छैन । उनीहरूको मुखमा ताल्चा मारिएको छ । उनीहरू आफ्नो भाषा बोल्न पाउँदैनन्, आफ्नो लिपि पढ्न पाउँदैनन् । आफ्नो कुर्दिश नाम राख्न पाउँदैनन् । आफ्नो नववर्ष मनाउन पाँदैनन् । कुर्दिश जनताले नववर्ष मनाउँदा समारोहस्थलमा टर्किश सत्ता बम बर्साउँछ, ट्याङ्कहरूबाट गोला दाग्छ । कत्लेआम मच्चाउँछ । टर्किश सत्ता कुर्दिश जनताको जातीय पहिचान र अस्तित्व नै समाप्त पार्न चाहन्छ । तब त, उनीहरूमाथि 'पहाडी तुर्क' को लेबल चिप्काउँछ ।

जबकि, कुर्दिश जनताको आफ्नै गौरवशाली इतिहास छ । उनीहरूले २७ सय वर्षअघिको त्यो दिनलाई बिर्सेका छैनन्, जुन दिन कावा नामका एक कुर्दिश योद्धाले पर्सियाका राजा देहाकलाई युद्धमा पराजित गरेका थिए । स्मरणीय छ, कावा कामी थिए । र, त्यही दिनलाई कुर्दिश जनता आफ्नो नववर्ष नेरोजको रूपमा लिने गर्छन् । कुर्दिस्तानलाई ध्वस्त पार्ने ओट्टोमन साम्राज्य आफैं इतिहासको भग्नावशेषमा परिणत भएको थियो । सन् १८०६ यता कुर्दिश जनताले आफ्नो मुक्तिका लागि तीसौं पटक विद्रोह गरेका छन् ।

आज पनि, टर्कीकरणका खातिर शासकहरूले ४ हजार वर्ष लामो सभ्यता समेटेका कुर्दिश जनताविरूद्ध दमनचक्र चलाइरहेका छन् । तर पनि, कुर्दिशहरू आफ्नो स्वतन्त्रताका लागि निर्दयी सत्ताविरूद्ध लड्न छाडेका छैनन् । यस लडाइँमा महिलाहरूको उल्लेख्य सहभागिता रहेको छ । यसर्थ कि, कुर्दिश आमाहरू भन्छन्- 'आवश्यक परे जीवनपर्यन्त हामी लड्ने छौं । कुर्दिस्तान मुक्त हुन चाहे हजार वर्ष लागोस् । हामी यहाँ टर्किश झन्डा होइन, आफ्नै झन्डा फहराएको देख्न चाहन्छौं । यसर्थ कि, कुर्दिश आमाहरू भन्छन्- 'आमाहरूको आँसु मनग्ये बगिसकेको छ । अब आमाहरू रूने छैनन्, विलाप गर्ने छैनन् ।'

एक समय आउँछ, जब विद्रोहको चेत भएको मान्छे मर्न डराउँदैन । मर्नसमेत नडराउनुको त्यो अवस्था नै निरंकुश शासकहरूका लागि डरलाग्दो हुन्छ । मर्न नडराउनेको यो अग्रपंक्तिमा एउटी कुर्दिश आमा छिन्- जसको नाम हो लेला जाना । दस वर्षअघि लेलाले अदालतमा भनेकी थिइन्- 'म टर्कीको तहकिकातसमक्ष शीर झुकाउने छैन ।' १५ वर्षको जेल सजाय पाएकी लेला त्यसयता जेलमा बन्द छिन् । उनको अपराध फगत् यही थियो कि- उनले रातो, पहेँलो र हरियो रंग रहेको 'हेयर ब्यान्ड' कपालमा लगाएकी थिइन् । यो यसकारण अपराध भयो कि, कुर्दिश झण्डामा पनि यिनै रंग रहेका छन् । र, उनको अपराध फगत् यही थियो कि- उनले टर्कीको संसद्मा कुर्दिश शब्द उच्चारण गरेकी थिइन् ।

आज, कुर्दिश जनताको आस्थापुञ्ज बनेकी ४४ वर्षीया लेलाको जन्म गरिब परिवारमा भएको थियो । १४ वर्षको उमेरमा पुग्दानपुग्दै फुपूको छोरासँग उनको विवाह गराइएको थियो । उनका लोग्ने राजनीतिकर्मी थिए र तीन वर्षको जेल सजाय बिताएर छुटेका थिए । उनी लेलाभन्दा २१ वर्ष जेठा थिए । दियाखकिर सहरको मेयरमा निर्वाचित उनका

लोग्ने मेहदी जानालाई कुर्दिश भाषा बोलेवापत् गिरफ्तार गरियो । ३० वर्षको जेल सजाय दिइयो । एक छोराकी आमा बनिसकेकी २० वर्षीया लेला त्यतिखेर गर्भवती थिइन् । शिक्षाको नाममा उनले स्कुलमा एक वर्षमात्र पढेकी थिइन् । त्यतिखेर खुबै रोएकी थिइन् लेला । तर आज उनका आँखामा आँसु होइन, विद्रोहको लाभा छ । मेहदीलाई विभिन्न जेलमा जेलसार गरियो । जेलहरूमा लोग्नेलाई भेट्न जाने क्रममा विभिन्न मान्छेसँग उनको परिचय भयो । लेलामा परिवर्तन आउन थाल्यो । अब उनले आफैंलाई प्रश्न गर्न थालिन्- उनको पहिचान के हो ? यसअघि, कुर्दिश हुनुसँग कुनै सरोकार नराख्ने लेला अब यसबारे घोत्लिन थालिन् । उनी स्वअध्ययनमा लागिन् र स्कुलमा प्रवेशै नगरी हाइस्कुलको डिप्लोमा पाउने पहिलो कुर्दिश महिला बनिन् । जेलमा नातेदार बन्दीहरूलाई भेट्न आउने महिलाहरूको प्रवक्ता बनिन् लेला । उनी पत्रकारितामा पनि सक्रिय रहिन् र 'नव राष्ट्र' पत्रिकाको सम्पादक भइन् । यस्तै अवस्थामा एउटा घटना भयो र उनी राजनीतितर्फ प्रेरित भइन् ।

त्यस दिन लेला लोग्नेलाई भेट्न जेलमा पुगेकी थिइन् । जेलअगाडि अरू पनि थुप्रै मान्छे थिए । तर बन्दीहरूलाई भेट्न नदिइने कुरा सुनाइयो । त्यही क्षण बन्दीहरूलाई कुटपिट गरिएको सुनियो । बन्दीहरूलाई भेट्न आएका आफन्तहरूले यो निर्दयता सहन सकेनन् । लेलासँगै अरूहरूले आक्रोशित भएर ढुंगा हान्न थाले । लेलालगायत सात दर्जन मान्छे गिरफ्तार भए । लेलाले भनेकी छन्- 'त्यही समयमा मैले आफू राजनीतिक कार्यकर्ता बन्ने निर्णय गरें ।' गिरफ्तारीपछि टर्किश प्रहरीले उनलाई निर्मम यातना दिएको थियो । यो सोह्र वर्षअघिको घटना हो ।

कुर्दिश जनताको स्वतन्त्रता नै अब लेलाको एकमात्र निर्दिष्ट लक्ष्य रह्यो । १९९१ मा सोसल डेमोक्रेट पार्टीको तर्फबाट उनले दियारवकिरमा संसदीय निर्वाचन जितिन् । टर्कीको संसदमा निर्वाचित पहिलो कुर्दिश महिला लेला नै बनिन् । त्यसपश्चात् संसद्मा शपथग्रहण गर्दा कानुनअनुरूप टर्किश भाषामा शपथ लिएपछि उनले कुर्दिश भाषामा भनिन्- 'प्रजातान्त्रिक संरचनामा कुर्दिश र टर्किश जनता शान्तिपूर्वकसँगै रहन सकून्, यसका लागि म संघर्ष गरिरहनेछु ।' टर्कीकरणका पक्षपाती सांसदहरू पूरै बहुलाए र लेलाको अपमान गरे । जब कि, लेलाले के बोलेकी थिइन्, उनीहरूले बुझेका थिएनन् । संसद्मा कुर्दिश भाषा बोल्ने पहिलो व्यक्ति पनि लेला नै बन्न पुगिन् ।

लेला युरोपमा पुगिन् र कुर्दिश जनताको स्थिति पेस गरिन् । सोसल डेमोक्रेटिक पार्टी यो खतरा मोल्न चाहँदैनथ्यो । जसका कारण लेला र उनका साथीले त्यो पार्टी छोडे र नयाँ पार्टी एचईपी गठन गरे । यो पार्टीमाथि राज्यले प्रतिबन्ध लगायो । लेलाहरूले अर्को पार्टी डीईपी अर्थात् पार्टी अफ डेमोक्रेसी स्थापना गरे । पृथकतावादी गतिविधिको आरोपका साथ राज्यले यसलाई गैरकानुनी घोषणा गऱ्यो । यसअघि वासिङ्टनको निम्तोमा लेलाले अमेरिकी कंग्रेसको हेलसिन्सकी कमिसनलाई सम्बोधन गरेकी थिइन् र टर्कीमा कुर्दिश जनतामाथि भइरहेको दुर्व्यवहारको व्यहोरा प्रस्तुत गरेकी थिइन् । टर्कीको सत्तालाई यो कुरा पाच्य भएन । लेलाको त्यस सम्बोधनलाई सरकारले देशद्रोहको रूपमा लियो ।

जसका कारण, लेलाई दण्डित गर्ने वहानाको रूपमा यसलाई भजाइयो । संसद् सदस्यको हैसियतमा लेलामा रहेको उन्मुक्तिको अधिकार छिनियो । उनलाई हिरासतमा राखियो र नौ महिनापछि अन्कारा स्टेट सेकुरिटी कोर्टले लेलालाई प्रन्ध्र वर्षको जेल सजाय सुनायो । त्यसयता लेला बन्दी जीवन बिताउँदै थिइन् । पृथकतावादी गतिविधिलगायत सशस्त्र संघर्ष सञ्चालन गरिरहेको कुर्दिश वर्कर्स पार्टीको समर्थक भएको आरोप राज्यले लेलामाथि लगाउँदै आएको छ । स्मरणीय छ, यस्तै आरोपमा अन्य तीन कुर्दिश सांसद हतिप दिक्ले, ओर्हान डोगान र सेलिम सदाक पनि पन्ध्र वर्षे सजाय भोगिरहेका थिए । जब कि, लेलामाथिको आरोपको पुष्टि गर्ने कुनै प्रमाण नभएको जनाउँदै एमनेस्टी इन्टरनेसनलले उनलाई 'आस्थाको बन्दी' घोषित गरेको थियो ।

आफ्नो पहिचान, गरिमा र मानवअधिकारको लागि संघर्षमा निष्ठावान रहन लेलाले आफ्ना जनतालाई पत्र लेख्नु अर्को अपराध भएको छ । यसवापत् राज्यले थप दुई वर्षको जेल सजाय दिएको छ । जबकि कुर्दिश जनताको स्वतन्त्रता र अधिकारको लागि लेलाले छेडेको संघर्षप्रति ऐक्यबद्धता जाहेर गर्दै कैयन् अन्तर्राष्ट्रिय पुरस्कारद्वारा सम्मानित गरिएको छ । उनले वैचारिक स्वतन्त्रताको लागि दिइने साखारोभ पुरस्कार पनि प्राप्त गरेकी छन् । यसबाहेक नोवेल शान्ति पुरस्कारको लागि एकपटक नर्वेली संसद्ले र अर्को पटक अमेरिकी सांसदहरू, युरोपेली संसद् सदस्य, प्राज्ञ, मानव अधिकारवादीहरूले पनि लेलालाई मनोनयन गरेका थिए ।

विश्वव्यापी दबाबका कारण र युरोपेली संघमा प्रवेश पाउनका लागि अन्ततः ९ जुनका दिन टर्किश सरकारले लेलालाई जेलबाट रिहा गरेको छ । उनीसँगै तीन पूर्व सांसद पनि मुक्त भएका छन् । यससँगै, सरकारले पहिलोपटक कुर्दिश भाषामा कार्यक्रम प्रसारण गर्ने अनुमति दिएको छ । यसबाहेक थुनामा रहेका शीर्षस्थ कुर्दिश विद्रोही नेता अब्दुल्लाह ओभ्लानको अपिल समेतमा युरोपेली मानवअधिकार न्यायलयले ध्यान दिने भएको छ । यस सम्बन्धमा कुर्दिश पक्षधर पूर्व सांसद सिरी सार्किकको भनाइ छ-'कुर्द माथिको टर्कीको ८० वर्षे प्रतिबन्ध आज समाप्त भएको छ । यसबाट, कुर्दिश यथार्थलाई टर्कीले स्वीकारेको प्रष्ट भएको छ ।'

*१० जुन, २००४*

# सुर्खेतको कम्युनिष्ट आन्दोलन

' ऋषिप्रसाद शर्मा

सुर्खेत जिल्लामा कम्युनिष्ट पार्टीका योजनाबद्ध सांगठानिक क्रियाकलाप २०२३ सालदेखि मात्र प्रारम्भ भएपनि वाम राजनीतिको प्रचार, प्रभाव र चलखेलहरू भने अलि पहिलेदेखि नै भएको पाइन्छ। २००७ सालको राजनीतिक परिवर्तनपछि दैलेख जिल्लामा बडाहाकिम भई जानुभएका निर्मल लामा आफू सम्बद्ध पार्टी नेपाली कांग्रेससँग असहमत हुँदै पार्टी र बडाहाकिम पदबाट राजीनामा दिएर कम्युनिष्ट बनेपछि उहाँले जनताबीच वाम राजनीति पुऱ्याउन प्रयास गरेको पाइन्छ। यही बीचमा २०१३ सालमा कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्ध हटेपछि सल्यान जिल्ला निवासी क. शंकरवीर राई नामका व्यक्ति तत्कालीन सुर्खेत जिल्लाको सदरमुकाम गोठीराडामा आई गगनदेव गिरी, लवमान मानन्धरसमेतका व्यक्तिहरूलाई संगठित गर्ने प्रयास भएको थियो

। तर स्वयं निर्मित कमिटीमा रहेका सदस्यहरू पनि यो कमिटी कुन तहको र के.का. लागि भन्ने कुरामा अनभिज्ञ रहेको देखिन्छ। निर्मल लामाको व्यक्तिगत प्रभाव र युवाहरूमा देखिएको यथास्थितिविरोधी भावनाको सम्मान गर्दै २०१५ सालको आमनिर्वाचनमा हाल सुर्खेत जिल्लामा पर्ने ठूलो क्षेत्र तत्कालीन संसदीय निर्वाचन क्षेत्र नं. ७७ बाट निर्मल लामालाई कम्युनिष्ट पार्टीको घोषित उम्मेदवार बनाएर पार्टीका नीति र सिद्धान्तको आधारमा भोट मागी सम्मानजनक मत प्राप्त गर्न सकेको यथार्थले वामपन्थी राजनीतिक प्रभाव जनमानसमा थियो भन्ने कुरालाई सजिलै बुझ्न सकिन्छ। यस निर्वाचनको प्रचार प्रसारको क्रममा सिम्ता, गोठी काडा आदि ठाउँमा प्रचार कमिटीहरू गठन भएका थिए र ती प्रचार-प्रसार गर्न बनेका कमिटीहरू वाम राजनीतिलाई व्यक्तिमा पुऱ्याउन सहायक सिद्ध हुनु हुँदै जानु स्वभाविक नै थियो। तर २०१७ सालको राजनीतिक घटनाले वाम राजनीतिको प्रभाव विस्तारमा अवरोध खडा गऱ्यो।

तथापि कतिपय युवाहरू कम्युनिष्ट पार्टीसँगको सम्बन्ध सूत्र खोजीमा लागिरहे तर सम्बन्ध स्थापित हुन सकेन। वाम राजनीतिक प्रभाव हुँदाहुँदै पनि सम्बन्ध र सम्पर्कको अभावले त्यसमध्येका कतिपय तत्कालीन युवाहरू नेपाली कांग्रेसको सम्पर्कमा पुगे। लिलाधर गौतम, घनश्याम कोइराला, मदन भट्टसमेतका व्यक्तिहरू नेपाली कांग्रेसको योजना मुताविक २०१८ सालमा गोठीकाडाको अड्डा कब्जा गर्ने क्रममा यो वा त्यो रूपमा सहभागी बने। यही क्रममा लिलाधर गौतमले राज्यबाट चरम यातना र जेल सजाय व्यहोर्नुपऱ्यो भने घनश्याम कोइराला, मदन भट्टहरू प्रवासिनु पऱ्यो। २०१८ सालमा नेपाली कांग्रेसको नेतृत्वमा भएको जिल्ला सदरमुकाममाथिको सशस्त्र आक्रमणको घटनाले सचेत युवाहरूमा यथास्थितिका विरूद्ध राजनीतिक जिज्ञासा र तरंग पैदा गरे पनि कम्युनिष्ट पार्टीको सम्पर्कमा पुग्न नसकेका स्वस्फूर्त वाम चेतना बोकेका युवाहरू शैक्षिक जागरणमार्फत् अगाडि बढिरहे। कम्युनिष्ट पार्टीमा देखिएको अस्तव्यस्तता र विभाजनले पनि त्यस्ता युवाहरू सम्पर्कमा पुग्न असमर्थ भए।

यही पृष्ठभूमिमा २०२३ सालमा बनारसमा अध्ययनरत विद्यार्थी गुल्मी जिल्ला निवासी बाबुराम गौतम र सुर्खेत निवासी सत्यदेव भट्टराई क. पुष्पलालको सल्लाहअनुसार राजनीतिक उद्देश्यका साथ सुर्खेत जिल्लामा आई बाबुराम गौतम आनन्द नि.मा.वि. गुमी पण्डितकाल्नामा र सत्यदेव भट्टराई आफ्नै गाउँको प्रा.वि. चुनपानीमा शिक्षण पेशा गर्दै कम्युनिष्ट पार्टीको प्रचारमा लाग्नुभयो र स्थानीय सचेत युवाहरूसँग कम्युनिष्ट पार्टी निर्माणको सम्बन्धमा छलफल चलाउँदै अगाडि बढ्नुभयो। उहाँहरूको अथक प्रयत्नबाट स्थानीय शिक्षक एवं युवाहरू पार्टी कमिटी निर्माणको निम्ति तयार भए। क. बाबुराम गौतम सचिव रहेको र सत्यदेव भट्टराई, हस्तबहादुर पुन, मोती मिथुन र प्रेमबहादुर घले सदस्य रहेको स्थानीय पार्टी कमिटी २०२३ साल चैतमा गठन गरियो। पार्टी कामलाई विस्तार गर्न यो कमिटी योजनाका साथ अगाडि बढ्यो। त्यस भेगका शिक्षक विद्यार्थीबीच सम्पर्क बढ्दै गयो। फलतः २०२४ सालको भदौमा गुमीको पंडितकाल्नामा भेलाको आयोजना गरी क. बाबुराम गौतम सचिव र रमेशचन्द्र गौतम, सत्यदेव भट्टराई, देवेन्द्र वि.सी., हस्तबहादुर पुन, मोति मिथुन र प्रेमबहादुर घले सदस्य रहेको पहिलो जिल्लास्तरको कम्युनिष्ट पार्टी (जिल्ला संगठन कमिटी) गठन गरियो। कमिटीले सदस्यहरूको कार्यक्षेत्र तोक्दै काम गर्न सुरू गऱ्यो। विशेषगरी शिक्षक, विद्यार्थी र बुद्धिजीवीहरूबीच पार्टी फैलिंदै गयो।

गुल्मी जिल्लादेखि नै पार्टी सम्पर्कमा रहनुभएका अच्युत ज्ञवाली यस जिल्लाको घुमखहरे प्रा.वि.को शिक्षक भएर पार्टी काममा लाग्नुभयो। २०२५ सालमा सम्पन्न ने.क.पा.को ऐतिहासिक राष्ट्रिय सम्मेलनमा सहभागी भई क. बाबुराम गौतम, हस्तबहादुर पुन र अच्युत ज्ञवाली जिल्ला फर्केपछि पार्टी संगठनलाई जिल्लाव्यापी विस्तार गर्ने योजना बन्यो। सिम्ता र गुर्वाकोट क्षेत्रमा किसान र विद्यार्थीबीच पार्टीको प्रभाव बढ्दो थियो। सिम्तामा मदन मल्ल किसानबीचमा पार्टी प्रभाव विस्तार गर्न क्रियाशील हुनुहुन्थ्यो। पार्टीको बढ्दो प्रभाव र क. रमेशचन्द्र गौतम जिल्ला छाडेर गएपछि २०२६ सालमा पार्टी जिल्ला कमिटी पुनर्गठनको आवश्यकता भयो। क. बाबुराम गौतम सचिव रहेको विगत कमिटीमा अच्युत ज्ञवाली, लीला थापा, दिलबहादुर घर्ती, भक्तबहादुर मिथुन समेतलाई थपियो र २०२८ सालमा तुल्सीप्रसाद आचार्य र यज्ञबहादुर रेग्मीसमेतलाई जिल्ला कमिटीको जिम्मेवारी दिइयो। यसपछि सदस्य संख्या र कामको क्षेत्र बढ्दै जान थाल्यो। प्रशिक्षणको आवश्यकता देखियो।

गुल्मी जिल्लाबाट क. विनोद ज्ञवाली 'केशव' र नेत्रलाल पन्थी 'महेश' यस जिल्लामा आएर व्यापक पार्टी स्कूलहरू चलाउने काम गरियो। पार्टी केन्द्रका तर्फबाट यस क्षेत्रको काम हेर्ने जिम्मा केशरमणि पोखरेलको थियो। उनी भारतीय सीमाबाट कार्यकर्ताको सम्पर्कमा आउने र प्रशिक्षण दिने काम गर्दथे। २०२८ सालमा के सत्यदेव भट्टराई, तुलसीलाल समूहमा लाग्नुभयो। र, केही कार्यकर्तालाई प्रभावित गर्नुभयो, पृथ्वीबहादुर सिंह, रूद्रप्रसाद शर्मा, मदन मल्ल, टेकबहादुर रानाहरूलाई लिएर इलाका कमिटी गठन

गर्नुभयो । तर यो कमिटीको सम्बन्ध केन्द्रसँग छिट्टै विच्छेद हुन पुग्यो र केही समयपछि क. सत्यदेव पुनः पुष्पलाल समूहमा फर्कनुभयो ।

२०२८ सालमै क. माधव ज्ञवाली भेरी अञ्चलको कामको जिम्मा लिएर आउनुभयो । यसैगरी रूकुमबाट गोलीकाण्डमा घायल भएर भक्तबहादुर के.सी. सुर्खेतमा आई शिक्षण पेशाका साथ पार्टी काममा जुट्नुभयो । क. देवेन्द्र वि.सी., जनकराज शर्माको प्रेरणा र सत्यदेव भट्टराईको सम्पर्कबाट २०२८ सालमा क. जिवेन्द्रदेव गिरी कम्युनिष्ट पार्टीको सदस्य बन्नुभयो र २०३० सालमा अञ्चल कमिटीको सचिव भई सुर्खेत वीरेन्द्रनगरमा पार्टी जिम्मेवारीसहित जानुभयो । जिल्लाको पूर्वी क्षेत्रमा पार्टी विस्तार भए पनि सदरमुकाममा पार्टी काम अत्यन्तै पातलो थियो । म.व. क्याम्पस नेपालगञ्जमा अध्ययन गर्दा नै पार्टी सम्पर्कमा रहनुभएका महेन्द्रप्रसाद गिरी र बालाराम शर्मा, जिल्ला पञ्चायतका कर्मचारी टेकबहादुर रानालगायतका साथीहरूसँग सल्लाह गर्दै लिलाधर गौतम, घनश्याम कोइराला, तुलाराम भारतीहरूलाई पार्टी सम्पर्कमा ल्याउने काम भयो ।

यसपछि उपत्यकास्तरीय बुद्धिजीवी कमिटी गठन भयो । जसमा महेन्द्रप्रसाद गिरी, लिलाधर गौतम, बालाराम शर्मा, तुलाराम भारती, कृष्णबहादुर रेग्मी, देवप्रसाद भट्टराई र हरिप्रकाश हमराही हुनुहुन्थ्यो । यस कमिटीले योजनाबद्धरूपमा सदरमुकाममा पनि पार्टीको संजाल तयार गर्न सक्यो । २०२९ सालतिर पुष्पलाल समूहमा देखिएको सैद्धान्तिक मतभेद २०३१ सालमा सुर्खेतमा क. माधव ज्ञवालीले भेलाको आयोजना गरी क. पुष्पलालको विरोध गरेपछि थाहा भयो र पार्टी काममा सिथिलता आयो । तर जिल्लाव्यापी विस्तार भइसकेको कम्युनिष्ट पार्टी र त्यसका कार्यकर्ताप्रति पञ्चायती शासकहरूले गिद्देदृष्टि लगाइसकेका थिए । दमनका योजनाहरू बनाउँदै थिए ।

२०२७ सालपछि कम्युनिष्ट पार्टीको संगठनात्मक विस्तार र राजनीतिक प्रभावले क्रमशः प्रगतिशील साहित्यिक आन्दोलनको निम्ति पनि पृष्ठभूमि तयार हुँदै गएको थियो । प्रगतिशील साहित्य र रचनाको अध्ययन र लेखन रूचीको विषयमात्र होइन राजनीतिक जागरणको विधि पनि बनिसकेको थियो । शोषण, अन्याय र अत्याचारका विरूद्धमा सामाजिक न्यायको पक्षमा जागरणको सन्देश दिंदै जनकराज शर्माको सम्पादनमा 'जुनकिरी'-२०२७, लेख रचनाहरूको संगालो 'सुर्खेती-२०२८, महेन्द्रप्रसाद गिरीद्वारा रचित नाटक 'रातो रगत'-२०३१ प्रकाशित हुँदै गएका थिए । युवाहरू आफ्नो कलमको माध्यमबाट सामन्ती समाजको दिवाल भत्काउन धावा बोल्दै थिए । प्रगतिउन्मुख समाजका यी स्वरहरू दबाउन पञ्चायती शासकहरूले 'सुर्खेती' नामक लेख संगालो जफत गरे । 'रातो रगत' नाटक मञ्चन गर्ने पात्रहरू (शिक्षक) लाई अपायक सरूवा गऱ्यो । तर दमनले आक्रोश जन्मायो, घटनाले जागरणको सन्देश दियो । शिक्षकहरूको अपायक सरूवाको विरूद्ध भ्यालीका शिक्षक विद्यार्थीहरूले हड्ताल गरी विद्यालय बन्द गरिदिए र सरूवा रद्द गर्न लगाए । यसले क्रान्तिकारीहरूको मनोबल झन् उच्च भयो । २०३१ सालमा राजा त्रिभुवनको तस्वीर भएको पोष्टर हावाले टाँगेको ठाउँबाट फालिदियो तर च्यातेको आरोप लगाउँदै बालाराम शर्मा, मदन शर्मा, घनश्याम कोइराला, डम्मर नेपाली, कालीदास कोइराला, पट्टु सिं नेपाली, केदार कँडेल र अशोक पन्तलाई पञ्चायती शासकले ६ महिना जेल संजाय गऱ्यो । जिवेन्द्र गिरी, महेन्द्र गिरी र लिलाधर गौतम भारत पस्नुभयो ।

कम्युनिष्ट पार्टीमा लागेको आशंकमा ०३३ सालमा देवेन्द्र बि.सी., बालकृष्ण बि.सी. र लोकबहादुर खड्काको घर प्रहरीद्वारा खानतलासी गरियो । गुमी हाईस्कूलका प्र.अ. पोषराज निरौलाले विद्यालयको पैसा हिनामिना गरेवापत २०३० सालमा जनताले कालोमोसो दलेकोमा हस्तबहादुर पुन, खगेन्द्र घर्तीसहितका ८ जना कम्युनिष्ट पार्टीका कार्यकर्तालाई सार्वजनिक अपराध अन्तर्गत ३ महिना जेल सजाय गरियो । यी सबै खाले दमन जनताका चाहनाविपरीत हुँदा पञ्चायती शासकहरू झनै जनताबाट नांगिन र कम्युनिष्ट पार्टीप्रतिको आकर्षण झनै बृद्धि भयो ।

क. माधव ज्ञवालीले पुष्पलाल समूहको विरूद्धमा २०३३ सालमा गरेको लुम्बिनी भेलामा आउनुभएका क. हस्तबहादुर के.सी. र लिलाधर गौतम पुष्पलाल समूह छाडी को.के. (माले)को समर्थक बनी फर्कनुभयो । जिल्लामा बालाराम शर्मा, देवेन्द्र बि.सी. र घनश्याम कोइरालाले समर्थन जनाउनुभयो तर को.के. को नेतृत्वसँग भने २०३७ सालमा मात्रै प्रत्यक्ष सम्पर्कमा पुग्नुभयो । अर्कोतर्फ २०३४ सालमा चुडामणि शर्मा, केदार कँडेल, मोती मिथुन, हेमप्रकाश भुसालहरू ने.क.पा. चौ.म. गठन गर्न पुग्नुभयो । यसका अलावा अन्य कार्यकर्ताहरूको एउटा हिस्सा २०३६ सालमा मनमोहन समूहमा संगठित हुन पुग्यो । तर विभाजित कम्युनिष्टहरूले २०३६ सालको जनआन्दोलनमा एकीकृतरूपमा आन्दोलनको अग्रणी मोर्चामा उभिँदै नेतृत्व प्रदान गरे ।

जनसरोकारका विषयहरूलाई मुद्दा बनाउँदै पञ्चायती निरंकुशताका विरूद्ध सुर्खेती जनता शान्तिपूर्णरूपमा आन्दोलनमा उत्रिएको बेला २०३६ साल जेठ १५ गते दशरथपुरमा नारा जुलुशसहित शान्तिपूर्ण रूपमा अगाडि बढेको जुलुसमा पञ्चायती हत्याराहरूले गोली चलाउँदा इन्द्र बि.सी., न्याउले कामी, ब्रह्मदत्त तिवारी, लालवीर टमटा, बहादुरे कामी, कर्णबहादुर खत्री र हस्तबहादुर सार्कीले शहादत प्राप्त गर्नुभयो । ३६ जनालाई चलान गरियो । थुप्रैले प्रहरी कस्टडीमा यातना पाए । यही क्रममा दुर्गाबहादुर खत्रीको खुट्टा भाँचियो । सयौंजना घायल भए । कतिले प्रवासिन पऱ्यो । अनेकौं क्षतिको बाबजुद निरंकुशताविरोधी जनमत व्यापकरूपमा तयार भयो । २०३७ सालमा भएको कम्युनिष्ट पार्टीको पहिलो खुला जनसभामा क. मनमोहन अधिकारी र सिद्धिलाल सिंहले गर्नुभएको सम्बोधनले सुर्खेतको कम्युनिष्ट आन्दोलनमा आफ्नै छाप छोड्न सफल भयो ।

२०३६ सालको जनआन्दोलनका क्रममा गिरफ्तार हुनुभएका बालाराम शर्मा, देवेन्द्र बि.सी., भक्तबहादुर के.सी., घनश्याम कोइरालालगायतका बन्दीहरू छुटेपछि तत्काल देशव्यापी शिक्षक आन्दोलन भयो । आन्दोलनले कतिपय माग पूरा गरायो । २०३७ भदौमा ने.क.पा. मालेका दस्तावेज लगी क. देवेन्द्र घिमिरे 'सलीम' केही साथीहरूसँग सम्पर्क गरी फर्कनुभयो । ने.रा.शि. संगठनको जिल्ला समितिको तयारी उत्साहजनकरूपमा हुनथाल्यो । ०३७ असोजमा भएको संगठनको निर्वाचनमा भारी बहुमतले कम्युनिष्ट समर्थक शिक्षकहरूको प्यानलले जित्यो । यस परिणामले तत्कालीन माले समर्थकहरूमा हौसला प्रदान गऱ्यो । नेकपा(माले)ले विभिन्न क्षेत्रमा र विशेषगरी शिक्षक-विद्यार्थीबीच प्रभाव तीब्ररूपमा विकास गर्न थाल्यो ।

२०३७ कार्तिकमा क. वामदेव गौतम सुर्खेतमा आई पार्टी सम्पर्कमा रहनुभएका देवेन्द्र बि.सी., बालाराम शर्मा, भक्तबहादुर के.सी. र तुलसी आचार्यलाई पार्टी सदस्यता प्रदान गरी नेकपा (माले)को सांगठानिक आधार तयार गर्नुभयो । यसपछि २०३८ देखि ०४२ सम्ममा क. जीवन राई 'आनन्द' पार्टीको जिम्मेवारीसहित सपरिवार सुर्खेतमा रहनुभयो । क. 'उर्मिला'को नेतृत्वमा २०३८ सालमा उपत्यकास्तरमा पहिलो अनेमसंघको कमिटी बन्यो । यस अवधिमा महेन्द्र शर्मा, पूर्ण शाही, मेघबहादुर बोहरा, दीर्घ गुरूङ,

डम्बर घर्ती, खड्क घर्ती, डिल्ली महतारा, गगनसिं सुनार, नवराज रावत र महिलामा अनिता कोइराला, लक्ष्मीकान्त पन्त, लक्ष्मी बि.सी., कालिका चौधरीजस्ता पार्टी कार्यकर्ता निर्माण गरिए ।

२०४१ सालमा भएको शिक्षक आन्दोलनमा बालाराम शर्मा, केदार कँडेल, घनश्याम कोइरालालाई जेल पठाइयो र जागिरबाट अवकाश दिइयो । २०४२ पछि पार्टी काममा त्यो जिल्लाको जिम्मेवारीसहित क. मेघबहादुर बोहरा 'भीष्म' जानुभयो । पार्टीले पञ्चायती चुनावको उपयोगको नीति लियो । शिक्षकबाट अवकाश प्राप्त क. बालाराम शर्मा उम्मेदवार बन्नुभयो । निर्वाचन परिणाम चौथो स्थानमा आयो तर पञ्चायती व्यवस्थाको भण्डाफोर गर्न र पार्टीको पक्षमा जनमत सिर्जना गर्न यो निर्वाचन उपलब्धिपूर्ण रह्यो । २०४४ सालदेखि क. हरि पराजुली सुर्खेतमा पार्टी काममा खटिनुभयो तर उहाँले छोटा समयमात्र पार्टी काम गरेर फर्कनुभयो ।

२०४१ सालदेखि नै पञ्चायतइतरहरू र खासगरी कम्युनिष्ट पार्टीमाथि दमन तीब्र पारियो । वामपन्थी शिक्षकहरू र विद्यार्थीहरूलाई अवकाश दिने र झुट्टा मुद्दामा फसाउने नीति शासकहरूले लिए । नेपालगञ्जमा मसालले छरेको राजतन्त्रविरोधी पर्चा विद्यार्थी नेता झकबहादुर जि.सी.बाट बरामद गरेको नाटक रची १५ महिना जेल सजाय दिए । त्यही केशमा संलग्न भएको तथाकथित आरोप लगाई भक्तबहादुर के.सी., देवेन्द्र बि.सी. र बालकृष्ण बि.सी.लाई राजकाज मुद्दामा फसाइयो । कतिपय शिक्षकहरूलाई अवकाश दिइयो । विद्यार्थी नेताहरू खगेन्द्र थापा, अनिता कोइराला र नवराज कँडेललाई चरम यातनासहित ९ महिना जेल सजाय गरियो । कम्युनिष्ट पार्टी नजिक रहेको आरोपमा ०४४ भाद्रमा ऋषिप्रसाद शर्मा र पूर्णबहादुर शाहीलाई शान्तिसुरक्षा ऐन अन्तर्गत ९ महिना थुनामा राखियो ।

२०४६ सालको जनआन्दोलन संचालन गर्न मदन भट्टको संयोजकत्वमा लोकप्रसाद पन्त, भूषणकुमार मानन्धर, बालाराम शर्मा, केदार कँडेल र कृष्णबहादुर हमाल सदस्य रहनुभएको वाममोर्चा गठन गरी आन्दोलन संचालन गर्ने प्रयास गरियो । क. बालाराम शर्मा, केदार कँडेल र मदन भट्ट गिरफ्तारीमा पर्नुभयो । बहुदलीय व्यवस्थाको घोषणापश्चात् मात्र उहाँहरू जेलमुक्त हुनुभयो ।

२०४७ वैशाख २७ गते क. मोदनाथ प्रश्रित र जीवराज आश्रितको आतिथ्यमा विशाल जनसभा भयो । २०४७ साल जेठ १३ गते क. वामदेव गौतमको उपस्थितिमा जिल्ला पार्टी प्रचार दल गठन गरियो जसमा संयोजक बालाराम शर्मा, सदस्यहरूमा देवेन्द्र वि.सी., डिलाराम गिरी, कुलदीप भट्ट, खगेन्द्र थापा, पूर्णबहादुर शाही, हेमप्रकाश भुसाल, हरिलाल नेपाली, दयाराम गिरी, झकबहादुर जि.सी., गरीबलाल चौधरी र अनिता कोइराला रहनुभएको थियो । पार्टी केन्द्रमा नेकपा (माले) र मार्क्सवादीको ऐतिहासिक एकतापछि सुर्खेत जिल्लामा ०४७ चैत ९ गते क. हस्तबहादुर पुनको नेतृत्वमा २६ सदस्यीय एकीकृत कमिटी गठन भयो । ०४७ सालको पुस महिनामा एउटा जनसभाको आयोजना गरियो जसलाई पार्टी अध्यक्ष क. मनमोहन अधिकारी र महासचिव क. मदन भण्डारीले सम्बोधन गर्नुभयो ।

बहुदलीय व्यवस्थाको स्थापनापश्चात् पार्टी व्यापकरूपमा जनतामा फैलियो । पार्टी सदस्यहरूको संख्या बृद्धि हुँदै गयो । जिल्ला अधिवेशनको पृष्ठभूमि तयार भयो । २०४९ साल चैत १३-१४ मा सम्पन्न प्रथम जिल्ला अधिवेशन तत्कालीन पोलिटब्यूरो सदस्य क. सिद्धिलाल सिंह र के.क.स. वामदेव गौतमको उपस्थितिमा दशरथपुरको शहीदचोकमा उद्घाटन गरी रामघाटको शिखर मा.वि.मा बन्दशत्र सम्पन्न गरियो । क. यामलाल कँडेल सचिव र देवेन्द्र बि.सी. उपसचिव रहेको १६ सदस्यीय जिल्ला कमिटी निर्वाचनद्वारा निर्माण गरियो ।

२०५१ मा क. यामलाल कँडेल प्रतिनिधिसभा सदस्य निर्वाचित भएपछि क. बालकृष्ण बि.सी. सचिव हुनुभयो । ०५३ साल वैशाख ४-५ मा सम्पन्न दोस्रो जिल्ला अधिवेशनको उद्घाटन के. के.पी. ओलीले वीरेन्द्रनगरमा गर्नुभएको थियो भने के.क.स. क. विद्या भण्डारी र गोविन्द कोइरालाले पनि सम्बोधन गर्नुभएको थियो । दोस्रो अधिवेशनले क. बालाराम शर्माको नेतृत्वमा १९ सदस्यीय कमिटी निर्विरोध निर्वाचित गर्‍यो । क. बालाराम शर्मा ०५४ को निर्वाचनमा वि.न.न.पा. को नगर प्रमुखमा निर्वाचित हुनुभएपछि ०५४ असोजमा क. ऋषिप्रसाद शर्मालाई सचिवको जिम्मेवारी दिइयो ।

छैटौं महाधिवेशनपश्चात् पार्टी विभाजित भएपछि २०५४ चैत ७ गते जिल्ला कमिटी औपचारिकरूपमा विभाजित हुन पुग्यो । ११ जना सदस्य पार्टीको पक्षमा जानुभयो भने ९ जना सदस्यहरू पार्टी विभाजनको पक्षमा जानुभयो । जिल्ला कमिटी पुनर्गठन गर्दै पार्टी काम अगाडि बढ्यो । ०५७ वैशाख ७-८ मा सम्पन्न तेस्रो जिल्ला अधिवेशनले क. ऋषिप्रसाद शर्मा सचिव र क. शिव उपाध्याय उपसचिव रहेको २० सदस्यीय जि.क. निर्विरोध गठन गर्‍यो ।

नेकपा(माले) र एमालेको एकीकरण भएपश्चात् ०५८ चैत ७ गते जि.क. एकीकृत गरियो । यसैगरी २०६० जेठ ५-६ मा सम्पन्न चौथो जिल्ला अधिवेशनको उद्घाटन वीरेन्द्रनगरमा स्थायी कमिटी सदस्य क. झलनाथ खनालले गर्नुभयो । यस अधिवेशनले क. ऋषिप्रसाद शर्मा सचिव र क. भुषण मानन्धर उपसचिव रहेको २१ पूर्ण र ५ वैकल्पिक सदस्य भएको जि.क. निर्विरोध चयन गर्‍यो । ०४७ सालपूर्व ७-८ जना पार्टी सदस्य रहेकोमा ०६० सालसम्म सदस्यता प्राप्त गर्ने सदस्यहरूको संख्या करिब २१०० पुगेको छ भने करिब ६०० जति सदस्यता खारेजीमा परेका छन् । बाँकी सदस्यहरू पार्टी काममा जुटिरहनुभएको छ । विचार, संगठन र संघर्षको अनुभव बटुल्दै सुर्खेतको कम्युनिष्ट आन्दोलन अगाडि बढिरहेको छ ।

◆

# परिवर्तन

**' समिर नेपाल**

"रे बबुवा, तेरो छोरा के गर्छ ? कतै जागिर वगिर गर्छ-गर्दैन ? जागिर खाने भए भनिहाल म मिलाइदिइहाल्छु। तेरो छोराले जागिर पाइहाल्यो भने तँलाई पनि राम्रो भइहाल्छ न । नेपालमा जागिर पाएन भने के छ, हाम्रै पार्टीको मान्छे मन्त्री भइहाल्या छ न । मैले त्यो पनि भनिदिउँला । विदेश पठाए भइहाल्छ । मैले एक टेलिफोन गर्दिए भइहाल्छ । के छ र, सरकार आफ्नै पार्टीले बनाएको छ । सानोतिनो गल्ती गरेपनि मलाई कुनै अप्ठेरो पर्नेवाला छैन । भनसुन गर्छु सबै ठीक भइहाल्छ । यस्तो बेलामा पनि गाउँमा हुने कुनै पनि कामको सम्बन्धमा आफ्नो कुरा निर्णय गराउन सकिनँ भने त आफ्नो ठूलो बेइज्जत भइहाल्छ ।"

आफ्ना साथीसँगी र गाउँलेको अगाडि यस्तै कुराहरू गर्दै आफ्नो रोव जमाउने काम गर्दै आउने परमेश्वर गाउँमा अर्काको उन्नति प्रगति भएको देख्न पटक्कै रूचाउँदैनथ्यो । गाउँलेको प्यारो भएको वा हुन खोज्ने जो कोही होस् त्यसलाई कसरी बिगार्ने, भत्काउने र सक्ने भन्ने  विचारले उसलाई गाउँमा अराजक बनाउँदै लगेको थियो । नेपाली कांग्रेसकै मान्छेले पनि उसलाई मन पराउँदैनथे । अरू पार्टीका मान्छेले मनपराउने त कुरै भएन । गाउँमा उसको हाइदुहाई अलिक फरक छ । कसैलाई मनपरोस् नपरोस्, त्यो कुरासँग उसलाई कुनै मतलव छैन, सबैले आफूलाई ठूलो मान्छे मानोस्, गाउँमा प्रभुत्व रहँदै जाओस्- परमेश्वर सँधै यही सोचिरहेको हुन्थ्यो ।

"खै यस्तै हो भने त उसले एकदिन साह्रै नराम्रो दुःख पाउँछ ।" उसको आफ्नै पार्टीका मान्छेहरू परमेश्वरको बारेमा यसरी कुरा काटिरहेका हुन्थे ।

रामेश्वर पहिले त सद्भावना पार्टीमा लागेर काम गरेका मान्छे हुन् । तर अहिले केही समय भएको छ उनी एमालेसँग नजिक रहेका छन् । गाउँमा रामेश्वरलाइ धेरैले मन पराउँछन् । गाउँघरमा कसैसँग झैझगडा नगर्ने, कसैको चित्त नदुखाउने अनि कसैलाई नबिझाउने, सबैको भलो चाहने मान्छे हुन् रामेश्वर । अनि गाउँ राम्रो हुनुपर्छ, गाउँमा सबैजना मिलेर बस्नुपर्छ, आफू-आफूमा झगडा गर्नुहुन्न, दुःख पाएका गाउँलेहरूलाई कसरी सुख दिन सकिन्छ भन्नेबारेमा बसेर छलफल गर्नुपर्छ र गाउँलाई सभ्य र सुन्दर बनाउन लागिपर्नुपर्छ भनेर सधैं चिन्ता गरिरहने मान्छे थिए- रामेश्वर ।

उनी गाउँको विकास गर्ने, गाउँलेको भलो हुने खालका विकास निर्माणका बारेमा हुने हरेक बैठक, भेला जस्ता छलफलहरूमा भाग लिन पुगिहाल्थे र हरेक ठाउँमा अगुवाई गर्ने काम पनि गर्थे । गाउँ-समाजमा उठेका सबै कुराहरूलाई धैर्यपूर्वक सुन्नसक्ने अनि समाजमा सबैलाई चित्त बुझाउने कुराकानी गर्नसक्ने मिठास र सरल स्वभाव थियो रामेश्वरमा । त्यसैले पनि गाउँमा रामेश्वर दिनपप्रतिदिन लोकप्रिय हुँदै गइरहेका थिए । चुनावको तिथि नजिकै आइरहेको थियो । अधिकांश गाउँलेको नजरमा गाउँको अगुवाई गर्ने नेता बनिसकेका थिए रामेश्वर ।

कुरामात्र गर्ने काम केही नगर्ने, कसैले मानोस् या नमानोस् आफूलाई ठूलोमान्छे बनाउने, सरकारको धाक दिने, अनि गाउँमा सबैलाई हेपेर कुरा गर्ने बानीले गर्दा परमेश्वर अधिकांश गाउँलेको नजरमा दिनप्रतिदिन गिर्दै गइरहेका थिए । गाउँमा देखिएको यस्तो परिस्थिति परमेश्वरको लागि सैह्य हुन सकेन । कसरी आफ्नो विरोधीलाई खत्तम गर्ने र आफूमाथि आउने समस्याहरूबाट पार पाउँदै अगाडि बढ्ने ? परमेश्वर सधैं यही सोचाइमा मात्र लाग्यो । गाउँमा यसै विषयमा धेरै गोप्य बैठकहरू बसे । सोझासिधा गाउँलेहरूले छट्याईं-फट्याईंका सबै कुराहरू बुझेनन् ।

एकदिन गाउँमा एउटा माध्यमिक विद्यालय संचालन गर्नुपर्‍यो । यसको लागि आवश्यक पर्ने भौतिक सामग्री, जनशक्ति कसरी तयार गर्ने, यस कामलाई कसरी ब्यवस्थित गर्ने भन्ने सम्बन्धमा पिपलचौतारीमा बैठक बस्दैछ भन्ने खबर गाउँमा फैलियो । धेरै गाउँलेहरूले यसलाई चुनावी षडयन्त्रको रूपमा लिए र भने "यो बैठकमा हामी जानुहुन्न । यो परमेश्वरको चाल हो, यसले हामीलाई कता लगेर फसाइदिन्छ ।"

गाउँमा गाइँगाईं गुइँगुईंरूपमा यस्ता कुराहरू चल्न थालेको सुनेपछि रामेश्वरले आफ्ना सहयोगीहरूलाई बोलाएर सम्झाउन थाले । "विकास निर्माणको कुरा हो जानुपर्छ । विकास निर्माणको काममा राजनैतिक प्रतिशोधको कुरा गर्नु राम्रो हुँदैन । हामीले कहिल्यै पनि हाम्रो विचारलाई विकासको अवरोध बनाउनुहुन्न । त्यसैले जानुपर्छ । कुरा सुन्नु पनि पर्छ । आफ्ना कुराहरू स्पष्ट ढंगले राख्नु पनि पर्छ । आफूले सोचेअनुसार, भनेअनुसार नहुन पनि सक्छ । राजनैतिक आस्था र विचार आ-आफ्नै स्थानमा हुन्छ । तर यो गाउँको विकास हामी सबैको साझा विषय हो । राजनैतिक आस्थाको आधारमा गाउँको विकासलाई चिरा पार्नुहुन्न, पछाडि पार्नु पनि हुन्न ।"  रामेश्वरले बोलिसकेपछि सबैले रामेश्वरको कुरामा सहमति जनाए । त्यसैले अन्तमा सबैको निष्कर्ष भयो- "विकास निर्माणको बारेमा पिपलचौतारीमा हुने छलफलमा उपस्थित हुने ।"

"खाना खाने बेला भएन" रामेश्वरले आदेशात्मक भाषामा किरणसँग सोधिरहेका थिए ।

"सबै तयार छ तर एउटा तरकारी पाक्न बाँकी छ । एकैछिन पर्खिदिनुहुन्छ कि । " किरणले अनुरोधको स्वरमा भनिन् । रामेश्वरले प्रतिउत्तरमा केही भनेनन् ।

"खाना तयार भयो, खाने हैन ।" किरणको आवाज सकिन नपाउँदै रामेश्वर हत्तारिएर भान्छातिर लागे । हतार हतारमा खाना खाएर आँगनमा निस्किएका रामेश्वरले आफ्ना सहयोगीहरू तयारीसाथ आइसकेको पाए । रामेश्वर आफ्ना साथीहरूसँग कुरा गर्दै गर्दै गाउँ-समाज भेला भएको स्थानतर्फ लागे । पिपलचौतारीमा जमघट ठुलै थियो । कसरी विद्यालय बनाउने र कसरी त्यसलाई चलाउने भन्नेबारेमा निकै छलफलहरू भए । सबैले आ आफ्ना कुराहरू राखे ।

सबैको कुरा सुनिसकेपछि रामेश्वरले भने- "यसको लागि एउटा कमिटी बनाउनुपर्छ अनि त्यही कमिटीले गाउँमा जग्गा मिलाउनेदेखि लिएर केन्द्रीयस्तरसम्म गएर सरकारी सहयोगसमेत ल्याउने काम गर्नेछ ।" सबैले ताली बजाए ।

समिति बनाउने पक्का भयो तर समितिमा को बस्ने त्यो भने निर्णय भएन ।  सबैको सहमतिमा समिति बनाउने कुरा भयो ।  सबैले त्यो समितिमा बसेर काम गर्न रामेश्वरलाई नै प्रस्ताव गरे । निर्णय भयो । रामेश्वरको अध्यक्षतामा समिति बन्यो । यो निर्णयपछि परमेश्वरलाई सहिनसक्नुभयो । अब त झन् सबैको प्यारो मान्छे हुने भयो । यस्तै सोचिरहेको परमेश्वर यताउता गर्दै छटपटाउन थाल्यो । एकपछि अर्को गर्दै ऊ चुरोट पिउन थाल्यो । उसका वरिपरि बसेका लाउकेहरूले उसको त्यो

छटपटी देखेपछि आफूलाई थाम्न सकेनन् । एक्कासी रामेश्वरमाथि जाइलागे । दोहोरो भगडा सुरू भयो । निकै बेरपछि गाउँ नै थर्किने गरी आवाज आयो- ड्याङ-ड्याङ् । दुई चार पटक यस्तो आवाज आएपछि भेला भएका अरू मान्छेहरू पनि आत्तिए । कति त यताउता लाग्न थाले । ठाउँठाउँमा भीड जम्मा हुन थाल्यो । पिपलचौतारीको भीडबाट आवाज आइरहेको थियो-"मारो, मारो सालेको, जोडजोडसे मारो ।" आवाज आइरहेको भीडतर्फ सबै दगुरिरहेका थिए ।

शरीरबाट रगत बगिरहेको थियो । मानिसको भीडले उसलाई पिटिरहेको थियो । कोही ढुंगै ढुंगाले हानिरहेका थिए । कोही मुड्की उठाई उठाई बजारिरहेका थिए । लडेको शरीर इशाराले भनिरहेको थियो-"पानी-पानी ।"

भीड धेरै बढेर गयो तर त्यो रक्ताम्मे भएर लडेको शरीरलाई बचाउन कोही अगाडि बढिरहेको थिएन । उसको दर्दनाक चिच्याहट सुन्न कोही तयार थिएन ।

"अरे, सालेको मुखमा पिसाब करदे, पानी मागता है साला ।" परमेश्वरको दाहिने हात भएर बसेको राशेले ठूलो स्वरमा भन्यो ।

शायद राशेको डरले होला मान्छेहरू कोही बोल्न सकिरहेका थिएनन् । अनि कसैले रामेश्वरलाई बचाउने प्रयास पनि गरिरहेका थिएनन् । रामेश्वर कुनै प्रतिक्रिया व्यक्त नगरी लडिरहेको थियो । यो निष्ठुरी समाजमा उसलाई बचाउन आउने कोही थिएन, भएकाहरूलाई पनि बोलाउन सक्ने कुनै शक्ति रामेश्वरसँग थिएन । रामेश्वर यो समाजसँग भन्दा पनि अर्कै समाजसँग नजिक हुन लागिरहेको थियो ।

पछाडिबाट भीडलाई धकेल्दै पछार्दै राजेश आइपुग्यो । रामेश्वरको त्यो अवस्था हुँदा पनि कसैले उसलाई बचाउने कोसिस नगरेको र सबै रमिते भएर बसेको देखेर राजेश साह्रै रिसायो, तर त्यहाँ रिसाएर केही हुनेवाला थिएन । त्यसैले उसले हतार हतार रामेश्वरलाई उठायो र आफ्नो मोटरसाइकलमा राख्यो । काँधमा बेरेको गम्छा निकालेर उसले रामेश्वर र आफ्नो शरीरलाई बेजोडले कस्यो र रफ्तारमा मोटर साइकल अगाडि बढायो ।

भीडबाट बच्दै र बचाउँदै रामेश्वरलाई बोकेको बाहन अगाडि बढ्दै थियो । किन यस्तो भयो रामेश्वरलाई थाहा छैन । यस्तो होला भनेर उसले कल्पना गरेको पनि थिएन ।

गाउँको स्वास्थ्य चौकी अगाडि पुगेर मोटरसाइकल रोकियो । आफ्नो लुगा रगतले लछप्पै भिजेको देखेपछि रामेश्वर साह्रै आत्तियो । ऊ डङरङ भुईमा पछारियो, सँगैको साथीले समाउन पनि पाएन । ढल्नै लागेको मोटर साइकललाई समाएर एक ठाउँमा राखेपछि राजेशले यसो पछाडि फर्किएर हेर्‍यो, साथी रामेश्वर पनि एकटकले उसलाई हेरिरहेको थियो । रामेश्वरलाई उठाउन उसले निकै मेहनत गर्‍यो तर रामेश्वर उठेन । ऊ सुतेको सुत्यै भयो । अन्तमा साथीले भन्यो "सबैलाई छाडेर मेरो परम् मित्र रामेश्वर परलोक गयो ।" रामेश्वरको मृत शरीर लिएर राजेश रामेश्वरको घरमा पुग्यो । राजेश पुग्नु अगाडि नै घरमा हल्लीखल्ली भइसकेको थियो । यो सब घटनाको जिम्मेवार परमेश्वर हो भनेर सारा गाउँ बोलिरहेको थियो । तरपनि सदरमुकाममा गएर रिपोर्ट गर्ने काम भने कसैले गर्न सकिरहेको थिएन ।

दुःखको क्षण साह्रै नरमाइलो हुन्छ, रामेश्वरको मृत्युको खबरले सारा गाउँ शोकमग्न भयो ।

एकै छिनअगाडि खाना खाएर गएको आफ्नो लोग्ने अब कहिले खाना तयार भयो भन्न आउँदैन भन्ने थाहा पाएपछि किरण भुइँमा लडिन् । बेहोस अवस्थामा लडेकी किरणलाई ब्युँभाउन मान्छेहरू लागिरहेका थिए । "पानी ल्याऊ पानी ल्याऊ" त्यहाँ हल्लाखल्ला हुन थाल्यो । केहीले पानी ल्याएर छम्कन थाले, केहीले पंखा हम्के, साह्रै लामो समयपछि किरणको होस आयो । उनलाई खाटमा लडाइयो । "यो विधिको विधान हो टारेर टर्दैन उसको भाग यति नै थियो । अब भगवानले उसलाई बोलाउनुभयो । ऊ गयो ।" किरणलाई सम्भाउँदै मानिसहरू भनिरहेका थिए । यस्तै यस्तै आवाजहरू मात्र किरणको कानमा गुन्जिरहे ।

आँगनमा लडिरहेको रामेश्वरको मृत शरीरलाई हेरेर छोराछोरीहरू टोलाइरहेका थिए । सबैजना जम्मा भए, अन्तिम सद्गतको लागि रामेश्वरको लास बोकेर मान्छेहरू घाटतिर लागे । दिन बितेको पत्तै भएन । रामेश्वरको मृत्यु भएको पनि अठार दिन बितेछ । अब यो गाउँको विकासको लागि कसले राम्रो काम गर्न सक्छ । रामेश्वर जस्तो मानिस यो गाउँले अब पाउन सक्छ कि सक्दैन, त्यो त अहिले नै भन्न सकिन्न । तर चुनाव आयो, अब कसलाई उठाउने भनेर गाउँघरमा कुराकानी भइरहेको थियो । कसलाई जिताउने कसलाई हराउने सबैको छलफलको विषय बनिरहेको थियो ।

कोही भन्थे- रामेश्वरको कमीलाई पूरा गराउने नै हो भने किरणलाई नै चुनावमा उठाउनुपर्छ । कोही भन्थे- हामो जस्तो साँघुरो समाजमा महिलालाई घर आँगनबाट निकालेर समाजमा स्थापित गराउन सकिन्छ कि सकिँदैन, सोचबिचार गरेरमात्र अगाडि बढ्नुपर्छ । फेरि किरण त अहिलेसम्म घरआँगनबाट बाहिर ननिस्केकी मान्छे हुन् ।

किरणको बारेमा धेरै कुराकानीहरू भए । विरोध पनि रह्यो । समर्थन पनि रह्यो । विरोधको स्वर कमजोर रह्यो । समर्थनको स्वर मजबुत रह्यो । आगामी चुनावमा किरणलाई उठाउने कुरा गाउँमा हुनथाल्यो । आज भन्दा भोलि, भोलिभन्दा पर्सि गाउँमा किरणको बारेमा मात्र कुरा हुन थाल्यो । किरणको विकल्पमा अरू कोही मान्छे गाउँलेको नजरमा आएन ।

गाउँको विकासका लागि सूर्यलाई भोट देऊ । चुनाव प्रचारको क्रम सुरू भयो । सूर्यको प्रचण्डतापले सारा बैरीहरूलाई सखाप पार्नेछ । गाउँमा विकासको लहर फैलिने छ । अन्यायीहरूको अन्तको लागी पनि यो गाउँमा सूर्यको आवश्यक छ । अनि, सँगसँगै उज्यालो छर्ने किरणको पनि आवश्यक छ । गाउँमा एउटै आवाज सुनिन थाल्यो सूर्य....सूर्य....सूर्य....।

सबै गाउँ सूर्यमय भयो । सूर्यको किरण साह्रै तेजिलो हुँदै अगाडि बढ्यो । किरण हाइहाई किरण, हाइहाई ! साह्रा गाउँ किरणको न्यानोपनमा रमाउन थाल्यो । उम्मेदवारी दिने दिन पनि आइसकेछ । सबैले आ-आफ्नो नाम दर्ता गराउन थाले । समाज एक भएर आयो किरणको न्यायो काखमा । उनले नाइँ भन्न सक्ने अवस्था रहेन, गाउँ विकासको लागि किरणले नामांकन दर्ता गरिन् । परमेश्वरको मुटुमा ढ्याङ्ग्रो ठोकियो । सत्ताको आडमा उम्मेदवारी दर्ता गरेको उसले संगठित गाउँलेहरूको अगाडि अब आफ्नो हालीमुहाली नचल्ने संकेत पाइसकेको थियो ।

चुनावको प्रचार-प्रसार तीव्र गतिमा अगाडि बढ्दै गयो । गाउँभरी जतातते किरणको मात्र प्रचार प्रसार भयो । त्यत्रो गाउँमा परमेश्वरको पक्षमा १०० भोटमात्र परेछ, अरू सबै जनताको भोट किरणलाई भरेछ । चुनाव सकियो, गाउँभरी किरणको विजय यात्रा गरियो ।

अबदेखि सबै जनताको सल्लाहमा गाउँमा विकास निर्माणका कामहरू हुने भए । गाउँमा सबै कुराको नयाँ व्यवस्थापन भयो । सदरमुकाममा कोही कसैको काम परेको खण्डमा किरण तुरून्त पुगिहाल्थिन् । गाउँमा, जिल्लामा कसैले पनि गाविस अध्यक्षको अभाव कहिल्यै महसुस गरेन । मानपुर गाविसमा भएको यो चुनावमा किरणदेवी यादवको विजयले जिल्लामा समेत प्रभाव पार्‍यो ।

घरबाट बाहिर ननिस्केकी एउटी महिला आज पुरूष प्रधान समाजलाई चुनौती दिँदै खुल्ला संसारमा आइन् र महिलाको शक्तिको परिचय दिइन् । मानपुरको त्यस समाजले यस कुरालाई सहजरूपमा स्वीकार गर्‍यो । "जाने त गयो गयो बाँच्नेहरूले सुन, मेरो सारा सम्पत्ति आजैदेखि पार्टीको भयो, यही नै किरणको निर्णय भयो ।" आफ्नो सारा सम्पत्ति पार्टीलाई दिने किरणको निर्णयसहित आफ्नो बस्ने घर पार्टीको सम्पत्ति भयो । त्यही घर आज विकास निर्माणको योजना बनाउने र कार्यान्वयन गर्ने गराउने गाउँ विकास समितिको कार्यालय बन्यो । किरणको न्यानो माया पाएर मानपुर गाउँ उर्वर भूमिमा परिणत भयो ।

◆

## जापान प्रवास कमिटीको अधिवेशन

नेकपा (एमाले) जापान प्रवास कमिटीको चौधौं अधिवेशन गत १४ अगस्टमा जापानको तोयोहासी शहरमा सम्पन्न भयो ।

दुई सत्रमा विभाजित उक्त अधिवेशनको प्रथम सत्र उद्घाटन सत्रको रूपमा र दोस्रो बन्दसत्रको रूपमा सम्पन्न भयो । चौधौं अधिवेशन आयोजक कमिटीका संयोजक बमबहादुर घर्तीको सभापतित्व र गोविन्द सुवेदीको संचालनमा अधिवेशनको उद्घाटन जापान प्रवास कमिटीका पूर्व सचिव तिलबहादुर जि.सी.ले गर्नुभएको थियो ।

सो कार्यक्रममा अन्य वक्तामा विवेक निरौला, दिनेश शाक्य, विष्णु लिङ्देन र कृष्ण के.सी. हुनुहुन्थ्यो भने स्वागत भूपेन्द्र गिरीले गर्नुभएको थियो ।

बन्दसत्रको कार्यक्रममा बमबहादुर घर्तीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन तथा राम गुरूङद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सामान्य छलफलपछि पारित गरियो । दोस्रो सत्रको संचालन कृष्ण के.सी.ले गर्नुभएको थियो ।

उक्त अधिवेशनले सर्वसम्मतरूपमा बाँकी २ सदस्य पछि पूर्ति गर्नेगरी ११ सदस्यीय नयाँ निर्वाचित कमिटी गठन गरेको छ । नवनिर्वाचित जापान प्रवास कमिटीका पदाधिकारीमा सचिव गोविन्द सुवेदी, उपसचिव विवेक निरौला, कोषाध्यक्ष राम गुरूङ, सदस्यहरू भूपेन्द्र गिरी, विष्णु लिङ्देन, दुर्गा देवान, कृष्ण के.सी., दिनेश शाक्य र खिम पुर्जा रहनुभएको छ । सल्लाहकारमा तिलबहादुर जि.सी. र बमबहादुर घर्ती रहनुभएको छ ।

# शिक्षा बहिष्कार गर्ने कुरासँग सहमत थिइनँ

**' उर्मिला अर्याल**

**मे**रो जन्म २०१३ साल असोज २० गते पर्सा जिल्लाको हालको मसिहानी गा.वि.स.को मधुवाहा गाउँमा भएको थियो । हाम्रो परिवारमा तीन जना दाजुपछि चौथो सन्तानको रूपमा म जन्मेको हुँ । बुबा-आमाले हामीलाई २०१८ साल असार महिनामा शिक्षा दिने उद्देश्यले वीरगञ्जमा ल्याउनुभयो । असार महिना भएकोले त्यतिखेरको एकमात्र सवारी साधन बयलगाडा पनि आउन सक्ने अवस्था थिएन । तसर्थ ठूला जति हिंडेर र हामी साना जतिलाई घोडामा राखेर वीरगञ्ज ल्याइएको थियो । मेरो ठुलो दाजुबाहेक हामी सबैलाई नेपाली पनि बोल्न आउँदैनथ्यो । एक किसिमले भन्ने हो भने मेरो मातृभाषा नै भोजपुरी हो ।

बुबाको जागिर थिएन । हामी एक सामान्य किसान परिवारमात्र भएकोले गाउँको उत्पादित खाद्यान्न बेचेर नै हाम्रो लालनपालन र शिक्षाको सम्पूर्ण खर्च जुटाउनुपर्दा सधैं नगदको अभाव रहने स्थिति थियो । स्कूलको शिक्षाको लागि वीरगञ्ज श्रीपुरस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा म भर्ना भएँ । त्यही स्कूलबाट नै २०२९ साल असारमा एसएलसी उत्तिर्ण गरें । वीरगञ्ज आइसकेपछि एक बहिनी र भाइसमेत ६ जनालाई पढ्न निकै अप्ठेराहरू ब्यहोर्नुपरेको थियो ।

म ९ कक्षामा पढ्दा मेरो साहिंलो दाइ आई. एड. पढ्दै हुनुहुन्थ्यो । उहाँका सहपाठी क. घनेन्द्र बस्नेत दाइलगायत उहाँका अन्य साथीहरू धेरैजसो राजनैतिकरूपमा सक्रिय हुनुहुन्थ्यो  र हाम्रो घरमा आउने-जाने गर्नुहुन्थ्यो । समय-समयमा आमाले घरमा नै उहाँहरूलाई भूमिगत राख्नमा सहयोग गर्नुहुन्थ्यो । स्वभाविकरूपमा मलाई कसैले ध्यान दिंदैनथे तर मेरो दाइले ल्याउने किताबहरू म अध्ययन गर्ने गर्थें र मानसिकरूपले कम्युनिष्ट विचारधाराबाट निकै प्रभावित भइसकेको थिएँ । खासगरी

माओ त्सेतुङ्गको रातो किताव र कम्युनिष्ट आन्दोलनको दौरान चीनका बच्चाहरूले पुऱ्याएका योगदानसम्बन्धी सचित्र कथाहरू, ल्यूहुलान, याङ्काईहुई, जेनी मार्क्स, रूसी क्रान्तिको इतिहासजस्ता पुस्तकहरू प्रशस्तै पढ्ने गर्थें। मेरो पढ्ने रूची देखेर दाइले धेरै कितावहरू खोजेर ल्याइदिनुहुन्थ्यो।

एसएलसी पास गरेर २०२९ सालमा नै ठाकुरराम क्याम्पसमा भर्ना भई पढ्न थालें। मैले राजनीतिक रूपले अझै बढी विश्लेषण गर्ने मौका प्राप्त गरें। त्यसबेला पञ्चायती एकतन्त्रीय शासन थियो र राजनीतिक दलहरू प्रतिबन्धित अवस्थामा थिए। भूमिगत हिसावले राजनीतिक पार्टीहरू प्रजातन्त्र बहालीको लागि सक्रिय थिए। विभिन्न राजनीतिक पार्टीहरूमध्ये कम्युनिष्ट पार्टी र नेपाली कांग्रेस पार्टी नै मुख्यरूपमा चर्चित थिए। उनीहरूको भातृ संगठनको रूपमा रहेको अनेरास्वविवु र नेविसंघका कार्यकर्ताहरूबाट नै उनीहरूका राजनीतिक सोच र व्यवहारहरूलाई हेर्ने मौका पाइन्थ्यो।

नेपालको गरिबी, शोषण, उत्पीडनको व्याप्तताको अवस्था र तत्कालीन राष्ट्रिय पञ्चायतको चुनाव लडेर गएका पञ्च नेताहरूको आचरण, भ्रष्टपन र तस्करी माफियासँगको सामिप्यता र सार्वजनिक सम्पत्तिहरू हिनामिना गर्ने गतिविधिहरूले तत्कालीन राजनीतिक व्यवस्थामा आमूल परिवर्तन चाहिन्छ भन्ने कुराको बोध भएको थियो। त्यसो भए कुन राजनीतिक विचार सही हो त भन्ने कुराको विश्लेषण गर्दा नेपाली कांग्रेस पार्टीको राम्रो प्रभाव भएको पर्सा जिल्लामा उनीहरूको व्यवहार जनतामुखी नभएको र केवल दलहरूमाथिको प्रतिवन्ध हटाउने सम्ममा मात्र उनीहरूको प्रजातन्त्रको व्याख्या सीमित रहन गएको र आर्थिक सुधार, रूढीवादी संस्कृतिमा परिवर्तनको आकांक्षा नभएको जस्तो आभाष हुन्थ्यो। नेपाली कांग्रेस पार्टीको जमघट र सम्पर्क स्थल हुनेखाने तप्कामा मात्र सीमित देखिन्थ्यो। आधारभूत जनता खासगरी ग्रामीण जनतालाई शक्तिको स्रोत मानेर भूमिहीन सुकुम्वासी समस्या, महिलाहरूलाई हेर्ने दृष्टिकोण र राष्ट्रियताको सवालमा कम्युनिष्ट पार्टीलाई नै सवल र जिम्मेवार राजनीतिक पार्टीको रूपमा मैले भेटें। तसर्थ, म अनेरास्वविवु समर्थक र साम्यवादी सोच राख्ने साथीहरूसँग बढी नजिक हुँदै गएँ। तत्कालीन मण्डेलेहरूलाई त सबैले घृणा नै गर्दथे।

स्वविवु निर्वाचनमा मैले प्रगतिशील प्यानललाई भोट हालें। वि.सं. २०३१ सालमा सिक्किमलाई भारतले गाभ्ने काम भएपछि त्यसको विरूद्ध चर्केको संघर्षमा एकपक्ष कम्युनिष्ट विद्यार्थीहरू बुर्जुवा शिक्षा बहिस्कार गर्दै आन्दोलनमा होमिए। त्यस धारले नेकपा (एमाले) जस्तो विशाल पार्टी खडा गर्न सफल भएको छ। म भने क. मोहनविक्रम सिंहले नेतृत्व गरेको पार्टीसँग नजिक थिएँ। व्यक्तिगतरूपमा म राजनीति गर्न शिक्षा बहिष्कार गर्ने कुरासँग सहमत थिइनँ र राजनीति गर्नेले झन् धेरै पढ्नुपर्छ भन्ने मान्यता राख्ने भएकोले संगठन निर्माणको काममा लागे पनि मैले आफ्नो पढाइलाई निरन्तरता दिएँ।

२०३१ सालमा म बी.ए.मा भर्ना भएँ। पर्सा जिल्लामा धेरैजसो विद्यार्थी ने.वि.संघमा नै संगठित थिए तर २०३१ सालमा चितवन र सिरहा जिल्लाबाट राजनीतिक रूपले धेरै सशक्त अनेरास्वविवु समर्थक विद्यार्थीहरू भर्ना भए। यस समयदेखि विद्यार्थी आन्दोलनको नेतृत्वमा वामपन्थी विद्यार्थीहरूको भूमिका उल्लेख्य रह्यो। तत्कालीन नेपाली कांग्रेसपरस्त क्याम्पस प्रशासनले धेरैजसो वामपन्थी विद्यार्थी नेताहरूलाई क्याम्पसबाट निस्कासन गर्ने काम गऱ्यो।

कमरेड विद्या ढकालले मलाई तत्कालीन नेकपा चौथो महाधिवेशनसँग सम्पर्क गराएर पार्टी काममा सरिक गराउने काम गर्नुभयो। सुरूमा मैले विद्यार्थी र महिला फाँटमा निरन्तररूपमा काम गर्दै आएँ। २०३३ सालमा म उच्च शिक्षाको लागि त्रि.वि.वि. कीर्तिपुरमा भर्ना भएँ। यहाँ पनि मैले आफैंले राजनीतिक सम्पर्क बनाएर काम गर्न थालें। २०३५ सालमा तत्कालीन नेकपा चौ.म.का महामन्त्री भक्तबहादुर श्रेष्ठबाट मैले पार्टी सदस्यता प्राप्त गरें। त्यसपछि निरन्तररूपमा नै कम्युनिष्ट पार्टीमा आवद्ध भएर काम गर्दै आएको छु।

म २०३५ सालमा नै जिल्ला पार्टी कमिटीमा आवद्ध भएँ। २०३६ सालमा ठाकुरराम क्याम्पसमा पुनः एकवर्षे वी.एड.मा भर्ना भई स्वविवु निर्वाचनमा उपाध्यक्ष पदमा निर्वाचित भएँ। यसै वर्ष चौम समर्थित अनेमसंघको राष्ट्रिय सम्मेलन तयारी समितिको केन्द्रीय सदस्य भएँ। २०३८ सालमा अयोध्यामा भएको अनेमसंघको पहिलो राष्ट्रिय सम्मेलनबाट म केन्द्रीय अध्यक्षमा निर्वाचित भएँ।

२०४० सालमा तत्कालीन चौम दुई समूह एक- मोहनविक्रम सिंहले नेतृत्व गरेको मशाल र दुई- निर्मल लामाले नेतृत्व गरेको चौम भनी विभक्त भयो। पुनः २०४१ सालमा अयोध्यामा भएको नेकपा मशालको पाँचौं महाधिवेशनपछि यो पार्टी पनि मोहन वैद्यको नेतृत्वमा नेकपा (मशाल) र मोहनविक्रम सिंहको नेतृत्वमा नेकपा (मसाल) को रूपमा विभाजन भयो। यसरी विभाजनको शृंखला शुरू हुँदै जाँदा धेरै पार्टी कार्यकर्ताहरू छिन्नभिन्न हुँदै गए।

२०४६ सालको जनआन्दोलनको समयमा पार्टीका केही साथीहरूले संयुक्त वाममोर्चा र नेपाली कांग्रेससँग मिलेर नै आन्दोलनमा जानुपर्दछ भन्ने कुरामा अडान राख्नुभयो तर त्यसमा सबैको सहमति हुन सकेन। तत्पश्चात् कमरेड वाचस्पति देवकोटा र मलगायत केही साथीहरू नेकपा (एमाले)मा संलग्न भएर पार्टी काम गर्दै आयौं। यो निष्ठा र निरन्तरतालाई इमान्दारी साथ निभाउन सकुँ भन्ने मेरो आंकाक्षा छ।

◆

# द्वन्द्व व्यवस्थापनको सैद्धान्तिक लेखाजोखा

विगत नौ बर्षदेखि नेपालमा जारी द्वन्द्वका कारण प्रत्येक नागरिक कुनै न कुनै रूपले यसबाट अछुतो रहन सकेको छैन । नागरिकका हरेक गतिविधिहरू द्वन्द्वको मारबाट प्रभावित छन् । कुनै बेला द्वन्द्व, युद्ध वा हत्याका समाचारहरू कथाझैं लाग्ने यो मुलुकमा युद्ध हाम्रो नियति नै बन्न पुगेको छ । यसको सैद्धान्तिक पक्षबारे भने अझै पनि पर्याप्त अध्ययन, विश्लेषण र विवेचना हुनसकेको छैन । युद्ध के कति कारणले शुरू हुन्छ ? द्वन्द्वका स्वरूप, संरचना र विधिहरू के कस्ता हुन्छन् ? यी विषयहरू आफ्नो नियमित जीवनमा भोगे पनि तिनको वस्तुनिष्ठ र प्राज्ञिक अध्ययन हुनसकेको छैन । समाजमा द्वन्द्वको सिर्जना र त्यसलाई निराकरण गर्ने उपायका बारेमा पनि त्यति धेरै विवेचना, विश्लेषण र बहस हुनसकेको छैन । यसै परिप्रेक्ष्यमा द्वन्द्व विशेषज्ञ विष्णुराज उप्रेतीले यिनै विषयहरू समेटेर पुस्तक तयार गर्नुभयो छ-'द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरूः एक परिचय' ।

भृकुटी एकेडेमिक पब्लिकेसन्सले प्रकाशित गरेको यो पुस्तक सम्भवतः द्वन्द्वका विविध पक्षलाई समेटेर नेपालीमा लेखिएको पहिलो कृति हो ।

पुस्तक मोटामोटीरूपमा पाँच भागमा बाँडिएको छ । पहिलो परिच्छेदमा 'द्वन्द्व र द्वन्द्व व्यवस्थापनको परिचय' बारे ब्याख्या गरिएको छ । यसमा द्वन्द्वको परिभाषा र ब्याख्या, समाज र द्वन्द्वको सम्बन्ध, द्वन्द्वको कारण, अवस्था, वर्गीकरण र ब्याख्या गर्ने विधिहरू, यसको ब्यवस्थापन र समाधानबीचको भिन्नताका साथै विश्वका प्रमुख द्वन्द्वहरूको समीक्षा गरिएको छ ।

दोस्रो परिच्छेदमा 'द्वन्द्वको वर्गीकरण र तिनीहरूको अन्तर्सम्बन्ध' अन्तर्गत वातावरणीय र प्राकृतिक स्रोतसम्बन्धी द्वन्द्व, राजनीतिक, सामाजिक, आर्थिक रूपहरू, धार्मिक र पृथकतावादी द्वन्द्व, संगठनभित्र देखिने द्वन्द्व, आतंकवादसँग सम्बन्धित द्वन्द्व, विकाससँग सम्बन्धित द्वन्द्व र विभिन्न समूहहरूको द्वन्द्वका वारेमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा 'द्वन्द्व विश्लेषणका विधिहरू' का विविध पक्षहरूको सविस्तार उल्लेख गरिएको छ। यस परिच्छेदमा राजनीतिक, बैचारिक, आर्थिक भौगोलिक, सामाजिक, न्यायिक वा कानुनी, लैंगिक, आदिको विश्लेषण गरिएको छ ।

चौथो परिच्छेदमा 'द्वन्द्व समाधानका प्रक्रिया र तरिकाहरू' शीर्षकमा यसका विविध पक्षहरूको चर्चा गरिएको छ। समाधानका रणनैतिक विधिहरू, नीतिगत औजारहरू, रूपान्तरण, शान्ति प्रक्रिया, चरणगत प्रक्रियाहरू र मनोवैज्ञानिक पक्षहरूको विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेदमा 'सशस्त्र द्वन्द्वको समयमा मानवअधिकार तथा मानवीय सहायता' का बारेमा सचेत गराइएको छ । यस अवधिमा मानवअधिकारको प्रश्न, अन्तर्राष्ट्रिय मानवीय कानुन, नेपालमा मानवअधिकारसम्बन्धी प्राबधान र मानवअधिकार आयोग, क्षतिपूर्ति, मानवीय सहायता र जोखिमको न्यूनीकरणका विषयमा यो परिच्छेदमा विस्तृत ब्याख्या गरिएको छ ।

द्वन्द्व स्वयंमा नकारात्मक शब्दावली होइन । द्वन्द्व सामाजिक रूपान्तरणको एउटा उपयुक्त माध्यम हुनसक्छ । यसको सञ्चालन यदि अग्रगामी परिवर्तन र सामाजिक रूपान्तरणका लागि गरिएको हो भने यसले समाजलाई सकारात्मक प्रतिफल प्रदान गर्छ । द्वन्द्व व्यवस्थापनमा विद्यावारिधि हासिल गर्नुभएका उप्रेतीले यस पक्षलाई विशेष महत्वका साथ उल्लेख गर्नुभएको छ । खासगरी अन्तर्राष्ट्रिय अनुभवका पाटो नेपालका लागि निकै उपयोगी हुनसक्छ भन्ने दृष्टान्त उहाँले प्रस्तुत गर्नुभएको छ । विश्वका प्रमुख द्वन्द्वहरूको समीक्षा गर्दा उहाँले जे तस्वीर देखाउनुभएको छ, हाम्रो मुलुकको द्वन्द्व समाधानका लागि अवश्य पनि मार्गदर्शक वा सहयोगी हुनसक्छ । ग्वाटेमाला, श्रीलंका, दक्षिण अफ्रिका, माली र उत्तरी आयरल्याण्डको द्वन्द्व र तीमध्ये केही देशको समाधानको संक्षिप्त रूपरेखा लेखकले प्रस्तुत गर्नुभएको छ ।

पुस्तक नयाँ भएकोले राजनीतिप्रति मात्र होइन, आर्थिक, सामाजिक र सांस्कृतिक विषयमा चासो राख्ने जोकोहीका लागि पनि यो निकै उपयोगी रहेको छ भन्न सकिन्छ । पुस्तकको भूमिकामै पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालले लेख्नुभएको छ-'यस पुस्तकको एउटा महत्वपूर्ण सैद्धान्तिक-बैचारिक पक्ष के हो भने द्वन्द्व ग्रसित समाजमा देखिने निराशावाद र द्वन्द्व रूपान्तरणको लागि चाहिने आशावादको बीचको अन्तर्सम्बन्ध र सामञ्जस्यता । ....सशस्त्र द्वन्द्व चलिरहेकै समाज र देशका नागरिकहरू उदारता, साहस, बलिदान, आत्मविश्वासको आधारमा बाँचिरहेका हुन्छन् । यस पुस्तकले त्यही दिशामा नेपाली समाजलाई डोऱ्याउन खोजेको छ ।' त्यसैगरी पूर्वसभामुख दमननाथ ढुंगानाले लेख्नुभएको छ-'नेपालमा हिंसात्मक द्वन्द्व चर्कदैं गएको र यसको समाधानका लागि सबै नेपालीले आआफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनुपर्ने अवस्थामा यस पुस्तकले देशमा द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा राम्रो योगदान पुऱ्याउने छ भन्ने आशा लिएको छु ।'

उहाँहरूले भनेझैं पुस्तक सबैका लागि उपयोगी छ । द्वन्द्वका दुबै पक्षबीच समाधानका लागि सहमतिका केके बुँदा र रूपहरू हुन सक्छन् भन्नेबारे यो पुस्तक एउटा राम्रो सन्दर्भ सामाग्री हुने विश्वास गर्न सकिन्छ । १ सय ९३ पृष्ठको यो पुस्तक सशस्त्र द्वन्द्वले ग्रसित हाम्रोजस्तो समाजको एउटा समग्र चित्र हो ।

यस पुस्तकमा समाविष्ट कतिपय सामग्रीहरू फुटकर लेखका रूपमा पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । तर व्यवस्थित अध्ययनका लागि ती सामग्रीहरू यसमा राख्नु अनुपयुक्त छैनन् । राम्रो कागज र साजसज्जामा प्रकाशित भए पनि पुस्तकमा कतिपय भाषागत र प्राविधिक त्रुटीहरू छन् । अलिकति ध्यान दिएर शुद्धाशुद्धी हेरेको भए पढ्दा दाँतमा ढुंगो लाग्ने थिएन ।

*' विष्णु रिजाल*

# सैद्धान्तिक पागलपन र ल्यूको दुःखद् कथा

**' कमल कोइराला**

वयुगको गतांक (भदौ २०६१) मा मैले ल्यू शाओचीको फोटो र उनको पुस्तकको अंश पढ्न पाएँ । राजनीतिमा कैयौंपटक ठूला विडम्बनाहरू पनि भएका पाइन्छन् । ल्यू शाओचीको पुस्तक HOW TO BE A GOOD COMMUNIST को हिन्दीमा 'हम अच्छे कम्युनिष्ट कैसे बनें' र नेपालीमा "असल कम्युनिष्ट कसरी बन्ने ?" लगायत विश्वको अनेकौं भाषामा अनुवादित पुस्तक हो ।

यो पुस्तक आजपनि कम्युनिष्ट पार्टीका सदस्यहरू आफैले आफ्नो कम्युनिष्ट आत्मविकास कसरी गर्ने भन्ने चाहनाका लागि र पार्टीको बाह्य र आन्तरिक जीवनका लागि धेरै सान्दर्भिक र काम लाग्ने पुस्तक हो ।

कुनैबेला ल्यू शाओचीको यो पुस्तक पुराना कम्युनिष्ट नेता, कार्यकर्ता, सदस्य र संभावित सदस्यहरूको लागि नपढी नहुने मध्ये थियो । उनी विशाल चीनको माओत्सेतुङपछिका दोस्रा नेता थिए । चीनमा कम्युनिष्ट शासन खडा हुँदा माओ त्सेतुङ चीनको कम्युनिष्ट पार्टीका अध्यक्ष र चीनको राष्ट्राध्यक्ष दुवै थिए ।

सन् १९४९ मा चीनमा कम्युनिष्ट शासन कायम भएको ९ वर्षपछि सन् १९५८ मा माओले चीन देशको राष्ट्राध्यक्ष ( चेयरम्यान) को पद छाडेर केवल पार्टीको अध्यक्ष मात्र रहने निर्णय गरेपछि ल्यू शाओची राष्ट्राध्यक्ष भए ।

ल्यू शाओचीको जन्म सन् १८९८ मा भएको थियो । सन् १९२१ देखि उनले भूमिगत कम्युनिष्ट पार्टीको भूमिगत संगठकको रूपमा लगातार बीस वर्ष (१९४१ सम्म) विभिन्न पदहरूमा रही काम गरे । उनी सन् १९४१ मा राजनीतिक कमिसारको महत्वपूर्ण पदमा पुगे । उनका समकालीन अर्का नेता र प्रधानमन्त्री चाउ एनलाइले भनेका थिए कि- चीनको कम्युनिष्ट पार्टीको इतिहासमा कुनै पनि संकटपूर्ण र कठीन मोडमा ल्यू शाओचीले गल्ती गरेको पाइँदैन ।

लामो क्रान्तिपछि सन् १९४९ मा कम्युनिष्ट शासन कायम हुँदा चीनका चार महान् नेताहरू माओ, ल्यू शाओची, चाउ एनलाई, मार्शल चू तेहको नाम विश्वविख्यात भएको थियो । चीनको कम्युनिष्ट पार्टी र चीनको राजकीय परम्परामा सार्वजनिक ठाउँहरूमा पस्दा र निस्कँदा मर्यादाक्रमको पालनास्वरूप माओ, माओपछि ल्यू शाओची, त्यसपछि चाउ एनलाई, त्यसपछि मार्शल चू तेह र त्यसपछिमात्र अरूहरू हुन्थे । चीनको अखवारहरूमा कुनै समारोहबारे विवरण दिंदा यसमा विशेष ध्यान पुऱ्याइने चलन छ । चीनमा कम्युनिष्ट शासन कायम भएपछि सन् १९४९ देखि सन् १९६६ सम्म लगातार १७ वर्ष जुनसुकै समारोह र सभाका फिल्म र फोटोहरूमा यो मर्यादाक्रम देखिन्छ ।

स्वयं चाउ एनलाइको जीवनीका लेखकद्वय पर्सी जुचेङ्ग फाङ र लुसी फाङ्ग लेख्दछन् कि ल्यू शाओचीलाई केवल माओपछि दोस्रो र चाउ एनलाइलगायत अरू सबै पोलिटब्यूरो सदस्यहरूभन्दा माथिल्लो मर्यादामा राखिन्थ्यो । पछि, ल्यू शाओची राष्ट्राध्यक्ष पनि भए । चीनका नेताहरू विशेष गरेर चाउ एनलाइ र देङ श्याओ पिङ्गको जीवनी यस अर्थमा पढ्नै पर्ने पुस्तकका रूपमा छन् कि- राजनीतिमा ठूला नेताहरूको गलत सोच, सर्वोच्च सत्ता र सर्वोच्च नेतृत्वको उत्तराधिकारको लडाइँ, राजनीतिक महत्वाकांक्षाहरूको खेल, सर्वोच्च नेतृत्वको तहमा भएका र हुने गरेका नेताहरूको गुटबन्दीहरू, अवसरवादी भूमिका इत्यादिले कस्ता-कस्ता विडम्बना, बर्बादी, विकृति, विखण्डन, विसंगतिहरूलाई जन्म दिन सक्दा रहेछन् भन्ने कुराको प्रशस्त झलकहरू पाइन्छ ।

पर्सी फाङ्ग र लुसी फाङ्गले लेखेको पुस्तक "चाउ एनलाई- ए प्रोफाइल" (फरेन ल्याङ्गवेज प्रेस, वेइजिङ)मा एउटा अध्यायको शीर्षक छ -"सांस्कृतिक क्रान्तिको पागलपन" । यो सानो लेखमा यो पुस्तक र यो अध्याय दुवैको लामो विवरण र स्वयं देङ श्याओ पिङ्की छोरीले लेखेको पिताको जीवनीको लामो घटनाक्रमहरू म दिन सक्दिनँ । सिर्फ यति भन्दछु कि-माओ जस्ता विख्यात नेताले नेतृत्व गरेको कम्युनिष्ट पार्टीहरूमा कस्ता-कस्ता महत्वाकांक्षा पूर्तिका षडयन्त्रहरू, हत्याहरू, पार्टीगत र राजकीय दमनहरू र कस्ता-कस्ता अवसरवादी पतन र अधपतनहरू हुन सक्दारहेछन्, पढ्दा शिक्षाप्रद मात्र होइन रोचक पनि छन् ।

तीन पटक पदच्यूत भएर तीन बर्ष नजरबन्द रहेका देङ श्याओ पिङको जीवन चीनको राजनीतिको एउटा सुखान्त हिरोको जीवन लाग्छ भने ल्यू शाओचीको जीवन एउटा महान् नेताको दुःखान्त कथाझैं लाग्छ ।

चीनको राष्ट्रपति पद छाडेर ल्यू शाओचीलाई राष्ट्राध्यक्ष बनाएको आठ वर्ष पछि र चीनमा कम्युनिष्ट शासन कायम भएको १७ बर्षपछि सन् १९६६ महान् नेता र पार्टी अध्यक्ष माओको दिमागमा चीनको महान् पार्टी माथिल्लो तहदेखि तल्लो तहहरूसम्म पूँजीवादी विचारवालाहरूको कब्जामा परिसकेको र पार्टीलाई यी सबबाट मुक्त नगरिए पार्टी र देश दुवै समाजवादको साटो पूँजीवादमा पतन हुने विचार हावी भयो । सन् १९६६ मा माओले यस्तो हुन नदिन एउटा वैचारिक-सैद्धान्तिक आन्दोलन चलाउनुपर्ने सोचे र 'महान सर्वहारा र सांस्कृतिक क्रान्ति' नाम राखी एउटा अभियान सुरू गरे ।

महत्वाकांक्षा राख्ने उनकी पत्नी च्याङ चिङ्ग, चेन बोडा र अरू अवसरवादीहरूले पुराना नेताहरूलाई हटाई आफूहरू सर्वोच्च सत्तामा पुग्न माओको यो गलत सोचाइमा ठूलो फाइदा देखे । उनीहरूले सही विचार राख्ने र चीनलाई राम्रो नेतृत्व

दिइरहेका नेताहरूलाई सिध्याउने काममा माओको यो गलत विचारलाई महान् सर्वहारावादी विचार भनी साथ दिन र प्रचार गर्न थाले ।

सन् १९६६ को मइ २१ मा चेन बोडालाई सांस्कृतिक क्रान्तिको निर्देशनालयको प्रमुख बनाइयो । उनले १८ वर्षदेखि माओको निजी सचिव र उनको सैद्धान्तिक पुस्तक र लेखनहरूको सम्पादन गर्ने तीयान जियायिङ्गमाथि माओको क्रान्तिकारी विचारहरूलाई तोडमोड गरी दक्षिणपन्थी पार्ने काम गरेको भनी पार्टीबाट निकालिदिए । त्यसको दुई दिनभित्रै यी व्यक्तिले माओलाई धोका दिएको कारणसहित निकालिएको आरोपबाट उत्पन्न ग्लानीका कारण आत्महत्या गरे । तर, लिन बियाओ, च्याङ चिङ्ग, चेन बोडा इत्यादिको तारो राष्ट्रपति ल्यू शाओची, महासचिव देङ्ग श्याओ पिङ्ग र अरूहरू पनि बनेका थिए । सन् १९६६ मा पनि ल्यू शाओची राष्ट्राध्यक्ष र माओपछि १७ वर्ष लगातार दोस्रो स्थानमै थिए । तर सांस्कृतिक क्रान्तिको प्रारम्भपछि सर्वप्रथम १८ अगस्ट १९६६ मा उनी पार्टी र राज्य दुवै ठाउँमा त्यसै हैसियतमा रहँदारहँदै पार्टी प्रचार विभागको नियन्त्रणमा रहेको 'पिपुल्स डेली'मा दोस्रोबाट उनको नाम पहिलोपटक आठौं स्थानमा झारियो ।

पछि, राष्ट्रपति ल्यू शाओचीलाई पूँजीवादी बाटोवाला नं. १ र पार्टी महामन्त्री देङ्ग श्याओ पिङ्गलाई "पूँजीवादी बाटोवाला नं. २" घोषित गरियो । यसको कारण यो थियो कि उनीहरू चीनको उन्नति, शिक्षा, विज्ञान, रक्षा, कृषि सबै क्षेत्रमा आधुनिकीकरण गर्नुपर्ने र बजार अर्थतन्त्र नअपनाई चीनको उन्नति हुन सक्दैन भन्ने सही विचार राख्दथे ।

यो तथाकथित महान् सर्वहारा सांस्कृतिक क्रान्तिको पागलपनको दौरान औपचारिक शिक्षा नै हटाइयो, कैयौं विश्वविद्यालयहरू बन्द गरियो । रेडगार्डको नाममा सेनाको भूमिकामा उल्काइएका र उचालिएका काँचा युवाहरूको दुरूपयोग गर्दै जिल्ला, प्रान्त, केन्द्र र पार्टीका पचासौं हजार नेता र कार्यकर्ताहरूलाई घर-घरबाट तान्दै बेइज्जत गर्दै पदहरूबाट हटाइयो र थुनियो । ल्यू शाओची र उनकी पत्नीलाई पक्राउ गरी अलग-अलग ठाउँ बेइजिङ्गमा थुनियो ।

पछि कसैलाई थाहा नदिई अक्टुबर १७, १९६९ मा ल्यू शाओची एक्लैलाई हेनान प्रान्तको काइफेङ्ग भन्ने ठाउँमा हवाइजहाजबाट पुऱ्याइयो र कसैलाई थाहा नदिई निःतान्त एकान्तमा राखियो । उनी मधुमेह (डाइबेटिज) बाट ग्रस्त थिए । उनलाई उडाएर लाँदा नै उनी विरामी थिए र स्ट्रेचरमा राखेर हवाइजहाजमा चढाइएको थियो । चार हप्तापछि १२ नोभेम्बर १९६९ मा थुनामै उनको मृत्यु भयो । चीनको राष्ट्राध्यक्ष भएको यो "असल कम्युनिष्ट कसरी बन्ने" भन्ने विश्व प्रसिद्ध आदर्श पुस्तकको लेखक महान् कम्युनिष्ट नेताको त्यस दिन बिहान पौन सातबजे मृत्युहुँदा उनको छेउमा सिर्फ एकजना जेलर थिए ।

तर, उनकै हाराहारीमा पूँजीवादी बाटोवाला नं. २ भनी हटाइएका महामन्त्री देङ्ग श्याओ पिङ्ग तीन वर्ष नजरबन्दी रहँदा पनि बाँचिरहे । धेरैपर नजरबन्दीमा रहे पनि उनका हजारौं समर्थक राजधानी बेइजिङ्गभित्र समय पर्खेर बसिरहेका थिए ।

आफूलाई बरदान दिने शिवलाई नै भष्म गर्न खोज्ने भष्मासुरको कथाझैं सन् १९७१ मा लिन बियाओले आफूलाई उत्तराधिकारी घोषित गर्ने नेता माओलाई नै मारेर चाँडै सर्वोच्च सत्ता हात पार्ने षड्यन्त्र गरे । तर, यो षड्यन्त्रको सुईंको माओले पाएपछि वायुसेनाको एउटा ठूलो हवाईजहाज (ट्रिडेन्ट) मा उडेर रूसतर्फ भाग्न लाग्दा मंगोलियाको आकाशमा जहाज दुर्घटना भयो र लिन बिआयोको अन्त भयो ।

त्यतिबेला देङ्ग श्याओ पिङ्ग अर्को प्रान्तमा धेरै टाढा नजरबन्दी जीवन बिताउँदै थिए । उनीसँग राजनीतिक कुरा नगर्नू भन्ने आदेश सबैलाई दिइएको थियो । तर, केही दिनपछि त्यो समाचार प्रकाशित भएपछि उनलाई पहिलो पटक गाउँका पार्टी सदस्य र जनताले राजनीतिक भेलामा सामेल गरे । त्यतिबेला पनि उनी नजरबन्द मै थिए । र, आफैले दाउरा चिरेर खाना पकाउँथे ।

दुई वर्षपछि बल्ल गाउँलेमाझ सामेल हुन पाएका देङ्ग श्याओ पिङ्गले सिर्फ एक हरफ बोलेछन्-"यदि लिन बियाओ जस्ताको यस्तो अन्त भएन भने संसारमा न्याय रहँदैन ।" त्यसको दुई वर्ष बित्दा नबित्दै पार्टीको केन्द्रले देङ्गलाई बेइजिङ्ग फर्केर आउने खबर पठायो । रेल चढेर पत्नी र बुढी सौतेनी आमा तथा परिवारकासाथ उनी बेइजिङ्ग फर्के ।

तीन बर्षको निर्वासन र नजरबन्दीबाट यो पूँजीवादी बाटोवाला नं. २ भनिएको व्यक्ति बेइजिङ्ग फर्केको दुई हप्तापछि नै प्रधानमन्त्री चाउ एनलाइद्वारा उपप्रधानमन्त्री बनाइए । वास्तवमा उनले प्रधानमन्त्रीको सबै काम गर्ने अधिकार भने पाउँदै गएँ । किनभने, चाउ एनलाइ रोगग्रस्त भई अस्पतालमा भर्ती भएका थिए । उनले आफ्नो नाममा सबै काम गर्ने अधिकार देङ्गलाई दिँदै गए ।

तर, चाउ एनलाइको मृत्यु हुनासाथ फेरि उच्च नेताहरूमाझ सत्ता संघर्ष चल्दा माओको विरोध गर्छ भनी च्याङ्ग चिङ्ग र अरूहरूद्वारा माओको नाम लिँदै उनलाई फेरि पदच्यूत गरी सत्ताबाट हटाइयो । केही समयपछि माओको पनि मृत्यु भयो । त्यसको एक महिनाभित्रै माओको नाम बेच्दै जथाभावी गर्ने चन्डाल चौकडी माओकी पत्नी च्याङ चिङ्गसहितलाई केन्द्रीय कमिटीले पक्राउ गर्न लगायो । देङ्गविरूद्धको सबै आरोप खारेज भयो ।

उनी क्रमशः शक्तिवान हुँदै गए । सन् १९८० देखि उनी चीनको सर्वोच्च भाग्य विधाता हुँदै गए । उनले ११ वर्षअघि अपमानित भएर मरेका महान नेता ल्यू शाओचीलाई मरणोपरान्त सम्पूर्ण सम्मान प्रदान गरे र राजकीय सम्झना आयोजित भयो ।

धेरै लामो समय लाग्यो । धेरै बर्बादी भयो । तर अन्तमा महान सर्वहारा सांस्कृतिक क्रान्ति नाम दिइएको असैद्धान्तिक पागलपनको दौर समाप्त भयो । र, कुनै दिन पूँजीवादी बाटोवाला भनी अपमानित गरिएको विचारलाई नै समयले सही ठहरायो ।

ल्यू शाओचीको दुःखान्त भयो । तर, उनलाई हटाउने लिन बियाओ पनि भाग्दा मरे । च्याङ्ग चिङलाई पनि पछि सजाय भयो र जेलमा नै उनको मृत्यु भयो । सही विचारका लागि लड्दा तीनपटक पार्टी र पदबाट निस्कासित देङ्गको भने सुखान्त भयो । उनको विचार समस्त पार्टीले ग्रहण गर्दै गयो । मृत्युको दिनसम्म पदमा नरहे पनि उनको स्थिति चीनमा विना श्रीपेचको सम्राटझैं रह्यो ।

◆

# जीवनको मर्म बुझ्न कम्युनिष्ट नै हुनुपर्ने रहेछ

म पार्टीको एउटा इमान्दार सिपाही हुँ, त्यसैले मैले अझ पनि पार्टीको लागि दिनुपर्ने योगदान पर्याप्त दिन सकेको छुइनँ भन्ने नै लाग्छ भन्नुहुन्छ कमरेड जीवनकुमार राई। पूर्वको भोजपुर पोखरेमा वि.सं. २००२ बैशाख ३ गते जन्मनुभएका कमरेड राईले एसएलसीसम्मको अध्ययन गर्नुभएको छ। एसएलसी उत्तीर्ण गरेर २०१९ सालदेखि उहाँले धनकुटा बुधबारेको शारदा हाइस्कुलमा शिक्षण आरम्भ गर्नुभयो। उहाँ इतिहास, पञ्चायत र स्वास्थ्य शारीरिक विषयको शिक्षक हुनुहुन्थ्यो। आफ्नो कार्यक्षेत्रमा इमान्दार भएर लागेका कमरेड राईलाई राजनीतिको बारेमा केही थाहा थिएन।

अहिले आफूलाई पार्टीको इमान्दार सिपाहीको रूपमा चिनाउने कमरेड राईको राजनीतिक पृष्ठभूमि कसरी आरम्भ भयो त भन्दा उहाँ भन्नुहुन्छ- २०२४ सालमा त्यस विद्यालयमा एन्.पी. आचार्य नाम गरेको एकजना नयाँ प्राध्यापक आउनुभयो। उहाँको पूरा नाम नारायणप्रसाद आचार्य थियो। उहाँ त्यस विद्यालयमा आएपछि नजानिंदो ढंगले परिवर्तन हुन थाल्यो। उहाँ निक्कै अध्ययनशील हुनुहुन्थ्यो। उहाँ आएको केही समयपछि मलाई पनि एउटा पुस्तक पढ्न दिनुभयो। राहुल सांकृत्यायनले लेखेको *भागो नही, दुनियाँको बदलो* भन्ने पुस्तक थियो। म त्यसभन्दा अगाडि पनि निक्कै पुस्तक त पढ्थे तर हिन्दी, नेपाली भाषाका अन्य सामाजिक उपन्यासहरू हुन्थे जुन त्यति यथार्थवादी हुँदैनथे। तर त्यो पुस्तक पढेपछि मलाई साँच्चै यो चाहिँ वास्तविक जीवनको उपन्यास रहेछ भन्ने लाग्यो। त्यसले मेरो सोचाइमा निक्कै प्रभाव पनि पाऱ्यो। अनि म क्रमशः हेडसरसँग अरू पनि त्यस्तै पुस्तकहरू मागेर पढ्न थाले। उहाँले मलाई भियतनामी योद्धाको जीवनी, बहुलाको डायरीजस्ता पुस्तकहरू पढ्न दिनुभयो। ती पुस्तकहरू पढिसकेपछि उहाँसँगको मेरो सम्बन्ध निक्कै बढ्न थाल्यो। विस्तारै मैले थाहा पाएँ-उहाँ त त्यहाँ कम्युनिष्ट पार्टीको संगठन विस्तार गर्ने जिम्मेवारी लिएर आउनुभएको रहेछ। उहाँ त्यतिखेर पूर्व कोशी प्रान्तीय कमिटीको इलाका सचिव हुनुहुँदोरहेछ। उहाँकै प्रेरणाले जनताको जीवनको मर्म बुझ्न कम्युनिष्ट नै हुनुपर्ने रहेछ भन्ने लागेर म पनि २०२५ सालदेखि पार्टी सेल कमिटीमा आबद्ध भएँ र मेरो राजनीतिक जीवन आरम्भ भयो।

शिक्षण पेशालाई अगाल्दै संगठन निर्माण र विस्तार कार्यमा जुटेको प्रसङ्गलाई संस्मरण गर्दै कमरेड राई भन्नुहुन्छ-"२०२५ सालमै हामीले धरानको सर्दुमा कोशी अञ्चल अनेरास्ववियुको पहिलो सम्मेलन गरायौं। त्यतिखेर संगठन सञ्चालनमा पार्टीको लाइन पनि लैजानुपर्ने हुँदा म पनि भूमिगत नामबाट त्यस कमिटीको सदस्य भएँ। मेरो त्यतिखेरको पार्टी जिम्मेवारी त्यस क्षेत्रको विद्यार्थी संगठन निर्माण र परिचालन थियो। त्यसको एक वर्ष जति पछाडि २०२६ सालमा बुधबारे गाउँ पञ्चायतको प्रधानपञ्च देवेन्द्र श्रेष्ठले एन्.पी. सर, मलगायत केही शिक्षकहरूलाई कम्युनिष्टको आरोप लगाएर त्यहाँका मगर जातिका युवाहरू परिचालन गराएर कुटपिट गराएर दुई दिनसम्म एउटा घरमा थुनेर राख्यो। दुई दिनपछि म जसोतसो त्यहाँबाट भाग्न सफल भएर पाँचथर पुगें र रातारात त्यहाँबाट झण्डै सयजना जति हाम्रा साथीहरू लिएर आयौं। त्यसपछि हाम्रा साथीलाई कुटपिट गरेर घेरेर बसेका सबै मगरहरू भागाभाग भए। प्रधानपञ्चले सीडीओलाई गएर हामीलाई जसरी पनि कारबाही गर्नुपर्छ भन्यो तर त्यतिखेर त्यस गाउँमा हामी शिक्षकहरूको राम्रो प्रभाव भएको र हाम्रै पक्षमा जनमत भएकोले प्रधानपञ्चको जोडले मात्रै सीडीओले केही गर्न सकेनन्। तर, हाम्रो हेडसर कमरेड एन्.पी २०२६ सालकै अन्ततिर त्यहाँको सबै जिम्मेवारी हामीलाई सुम्पेर त्यहाँबाट फर्कनुभयो। त्यसको एकबर्षपछि म त्यही गाविसको अर्को निमाविमा सरूवा भएर काम गर्न थालें।

पार्टी कामकै सन्दर्भमा उर्मिला राईसँग मेरो भेटघाट भयो। कमरेड उर्मिला पनि २०२६ सालदेखि नै पार्टीको सम्पर्कमा रहनुभएको र राजनीतिकरूपमा भूमिगत अवस्थामा पनि रहनुभएको र हामी दुवैको विचार र सिद्धान्त मिलेकोले पार्टीको कमरेडहरूको सल्लाहअनुसार २०२९ सालमा हामी दुवैले विवाह गऱ्यौ। विवाहपश्चात् हामी दुवै राजनीतिकरूपमा भूमिगत नै रहनुपर्ने भयो। म पनि पार्टीको निर्देशनअनुसार शिक्षण पेशा छाडेर पूर्णतः राजनीतिमा नै लागें। त्यतिखेरको परिस्थितिमा हामी दुवै त्यहाँ रहनसक्ने अवस्था नभएर पार्टीको सल्लाहअनुसार एकवर्ष जति दार्जिलिङमा निर्वासन जीवन बिताएर पनि बस्यौं। तर आफूभित्र भएको राजनीतिक चेतना र प्रतिबद्धताले हामी त्यहाँ टिकिरहन सकेनौं, २०३१ सालमा फेरि मोरङ फर्क्यौं।

त्यहाँबाट फर्कने बित्तिकै मैले छ महिना जति ढुकुरपानी स्कूलमा पढाएँ, त्यहीबीचमा पार्टीको नयाँ सम्पर्क सूत्र खोज्दै ६ महिनापछाडि २०३२ सालमा मधुमल्लाको भगवती प्राविमा पढाउन थालें। त्यहाँ जे.वी. टुहुरे कमरेडसँग सम्पर्क भयो। उहाँकै नेतृत्वमा एउटा समूह बनाएर हामीले साँस्कृतिक टोली निर्माण गऱ्यौं र त्यसकै माध्यमबाट जनतामा चेतना र जागरण ल्याउने उद्देश्यले साँस्कृतिक आन्दोलन सुरू गऱ्यौं। त्यसैगरी अगाडि बढ्ने क्रममा २०३३ सालको भदौमा हामीलाई सम्पर्क गर्न कमरेड मदन भण्डारी आइपुग्नुभयो। त्यसभन्दा अगाडि कम्युनिष्ट आन्दोलनको बारेमा बताउने र कुराकानी गर्ने अरू व्यक्तिभन्दा उहाँको तर्कले मलाई धेरै प्रभाव पाऱ्यो। एक रातभरी र एक दिनभरी उहाँसँग बसेर कुरा गर्दा उहाँको तार्किकताले मलाई पार्टीमा लागेर काम गर्न अझ थप ऊर्जा प्राप्त भएको अनुभव भयो।

२०३३ मंसिरमा फेरि कमरेड मदन आउनुभयो। कमरेड मदन सिद्धान्त र तर्कमा मात्र हैन व्यवहारमा पनि कम्युनिष्ट हुनुहुन्थ्यो। व्यवहारिकरूपमा समस्या आइपर्दा अरूलाई अराएर आफू उम्कने हैन आफू स्वयं त्यहाँ संलग्न भएर त्यसको समाधान गराउन लागिपर्नुहुन्थ्यो। उहाँलाई सम्झँदा त्यतिखेरको एउटा घटना सम्झन्छु- त्यसखेर मधुमल्लाको कसेनीमा क. मधुसुदन आचार्यको खेतमा पाकेको धान त्यसै गाँउका जमिन्दार रामप्रसाद बोहराका लठैतहरूले जवर्जस्ती काट्न थाले। त्यो घटनामा त्यहाँका जमिन्दारका लठैतसँग हाम्रो दोहोरो भीडन्त भयो। त्यो भीडन्तमा क. जेवी टुहुरे, क. मदन भण्डारीलगायत हामी सबै थियौं। त्यो घटनामा क. मधुसुदन आचार्यकी श्रीमतीको दाहिने हातसमेत भाँचिएको थियो। तर पनि भिडेर हामीले कमरेड मधुसुदनको खेतको धेरै धान खोस्यौं।

त्यसपछि बेला-बेलामा कमरेड मदनसँग सम्पर्क भइरहन्थ्यो। २०३४ साल भाद्रमा मोरङ जिल्ला क्रान्तिकारी एकता कमिटी भनेर गठन गरियो। त्यस कमिटीको सचिव कमरेड मदन हुनुहुन्थ्यो, म त्यस कमिटीको सदस्य थिएँ। त्यस कमिटीमा बसेपछि म शिक्षण पेशा छाडेर पूर्णकालीनरूपमा पार्टीको काममात्र गर्न थालिसकेको थिएँ। त्यसपछि २०३५ सालमा नेकपा माले गठन भयो, म नेकपा माले मोरङ जिल्ला कमिटीको सदस्य भएर काम गर्न थालें। त्यसखेर मोरङ जिल्ला कमिटीले धनकुटा, पाँचथर र इलामसम्मको क्षेत्र समेटेर पार्टी काम गर्नुपर्थ्यो। झापामा निक्कै दमन भएकाले संगठन निर्माण गर्न गाह्रो भएको थियो। पार्टी कामलाई प्रभावकारी बनाउन जतिसक्दो धेरै पूर्णकालीन कार्यकर्ता बनाउने अभियान थियो। त्यही क्रममा २०३५ देखि २०३८ को अवधिमा मोरङमा नेकपा (माले) का ४८ जना पूर्णकालीन भूमिगत सदस्य थियौं।

२०३८ सालमा नेकपा(माले)को केन्द्रीय कमिटीको बैठकमा संगठन निर्माण र विस्तारको सवालमा पूर्वमा धेरै काम अगाडि बढेको तर पश्चिममा काम हुन नसकेको र पूर्वका पूर्णकालीन सदस्य पश्चिम जानुपर्ने कुरा उठेछ र पूर्वबाट कार्यकर्ता पश्चिम पठाउने निर्णय भएछ। कमरेड मदनले सो कुरा मोरङ जिल्ला कमिटीमा राख्नुभयो र को-को कमरेडहरू संगठन निर्माणको लागि पश्चिम जान सक्नुहुन्छ भन्नुभयो। त्यसखेर कोही कमरेड पनि जान तयार हुनुभएन, कतिपय कमरेडले त अझ भूमिगत जीवनबाट फर्केर पेशामा लाग्ने विचार व्यक्त गर्नुभयो। त्यसपछि पार्टीले निर्णय गरेर मलाई नै पश्चिम जाने निर्देशन दियो। त्यसखेरसम्म मेरा तीनवटी छोरीहरू थिए, त्यतिखेर दुईटी छोरी पार्टीको जिम्मामा मोरङमै छाडेर काखकी छोरी लिएर पार्टीले दिएको रू.६००।-बाटो खर्च बोकेर २०३८ साल माघ १७ गते म र मेरी श्रीमती उर्मिला पश्चिम लाग्यौं। हामी त्यहाँबाट सिधै दाङको बनकट्टीमा क. युवराज ज्ञवालीको घरमा गएर सम्पर्क गऱ्यौं। त्यहाँ हाम्रो कमरेड लक्ष्मण ज्ञवालीसँग भेट भयो। कमरेड ज्ञवालीमार्फत् दुई-चार दिन पर्खाइपश्चात् मात्र हाम्रो कमरेड नेत्रलाल अभागीसँग भेट भयो। त्यसपछि उहाँले नेपालगञ्जको लागि अर्को सम्पर्क पत्र बनाइदिनुभयो र फेरि रू.३००।- बाटो खर्च दिएर हामीलाई नेपालगञ्ज पठाउनुभयो।

पूर्वमै जन्मेको, त्यतै हुर्केको सामाजिक-साँस्कृतिक सवै चालचलन पूर्वमै भिजेको तर पनि पार्टीका सिपाही भएर खटिएका हामीले जहाँ गएर पनि जिम्मेवारी त पूरा गर्नु नै थियो। धेरै असजिलो हुँदा पनि हामी नेपालगञ्ज त पुग्यौं तर झण्डै सात दिनसम्म हामीले सम्पर्क भेट्न सकेनौं। ५-७ दिनसम्म त्यहींको एउटा पञ्जावी होटलमा बसेर सम्पर्क पर्खिरह्यौं। बल्ल फागुन ९ गते कमरेड दिवाकर शर्मा, देवेन्द्र घिमिरे, जीवन मगरलगायतका कमरेडहरूसँग हाम्रो सम्पर्क भयो। पूर्वबाट हिंडेको झण्डै ३ हप्तापश्चात् हामीले सम्पर्क पाएका थियौं। त्यसै दिन कमरेडहरूको योजनाअनुरूप भोलिपल्ट सुर्खेतमा हुन लागेको अनेरास्ववियुको जिल्ला सम्मेलन परिचालन गर्न म तत्कालीन अनेरास्ववियुका केन्द्रीय सदस्य रामप्रसाद ज्ञवालीसँग सुर्खेत गएँ। मेरी श्रीमती र छोरीलाई नेपालगञ्जमा पार्टी कमरेडहरूकै जिम्मामा छाडियो। सम्मेलनपश्चात् पार्टीको निर्णय बमोजिम मैले चार बर्षसम्म नेकपा (माले) सुर्खेत जिल्ला कमिटीको सचिव भएर काम गरें। मेरी श्रीमती कमरेड उर्मिलाले अनेमसंघ सुर्खेत जिल्ला कमिटीको अध्यक्ष भएर काम गर्नुभयो।

२०४१ सालमा नेकपा माले सुदूरपश्चिम क्षेत्रीय कमिटी गठन भयो। त्यसमा राप्ती, भेरी, कर्णाली, सेती र महाकाली पर्थ्यो। म त्यस कमिटीको सदस्य भएँ। त्यही क्रममा मैले सेतीको संगठन निर्माणमा लाग्नुपर्ने भयो र त्यो जिम्मेवारी लिएर म २०४२ सालमा कैलाली खटिएँ। कैलालीको फूलबारीमा लगेर परिवार राखें, साना छोराछोरीहरू पार्टी कमरेडहरूको सहयोग र रेखदेखमा रहन्थे, हामी दुवै पार्टीको काम गर्थ्यौं। त्यहाँ पनि म पार्टीको जिल्ला सचिव नै भएर रहें। करिब डेढ वर्ष कैलाली जिल्ला सचिव भएर काम गरेपछि २०४४ असोजदेखि फेरि पार्टीको निर्देशनअनुसार म अछाम जिल्ला खटिएँ। त्यसपछि परिवार कैलाली मै छाडेर म आफ्नो कार्यक्षेत्र अछाम गएँ। अछाममा पनि नेकपा (माले) जिल्ला कमिटी बनाएर एक बर्षसम्म कमिटीको सचिव भएर काम गरें र एक बर्षपश्चात् कमरेड जगत बोगटीलाई सचिवको पद हस्तान्तरण गरेर म क्षेत्रीय कमिटीको जिम्मेवारीमात्र लिएर बसें। २०४७ साउनसम्म अछाममै रहें र त्यसपछि पुनः कैलाली फर्किएँ। त्यहाँबाट फर्किएर कैलाली जिल्ला कमिटीको सदस्य भएर रहें। २०४८ सालमा सेती अञ्चल समन्वय कमिटीको सदस्य भएँ। त्यसपछिको मेरो निरन्तर कार्यक्षेत्र कैलाली नै बन्यो। अहिले म सेती अञ्चल समन्वय कमिटीको सल्लाहकार कमिटीको सभापति र केन्द्रीय संस्कृति विभागको सदस्य छु।"

पार्टी विस्तार र निर्माणको क्रममा मेचीदेखि महाकालीसम्म पुग्दा कमरेड जीवन राई र उर्मिला राईका ६ वटी छोरी र २ वटा छोरा भए। जनतालाई सचेत गराएर हिंड्ने क्रममा आफूले व्यहोरेका हण्डर र तीता-मीठाहरूको बेग्लै अनुभव उहाँसँग छ। आफू १७ वर्षको हुँदा एसएलसी पास गरेर शिक्षण पेशामा लाग्नुभएका कमरेड राईका कुनैपनि छोरीहरूले एसएलसीसम्म पनि अध्ययन गर्न पाएनन्। अहिले पाँचवटै छोरीको विवाह भइसकेको छ, एउटी छोरीको विवाह बाँकी छ। ठूली छोरी त रोग लागेर बिती पनि सकिन्। १९ वर्षको ठूलो छोरो अहिले ९ कक्षामा पढ्दैछन्, १७ वर्षको सानो छोरो अहिले ६ कक्षामा पढ्दैछन्। उहाँको आफ्नो जग्गाजमीन छैन। अहिले कैलालीको फूलवारीमा दश कट्ठा ऐलानी जग्गामा बनाएको एउटा सानो घर छ। आठ-दशवटा बाखा पालेर उहाँहरू जेनतेन घर खर्च चलाउनुहुन्छ।

पार्टीको काम, पार्टीको जीवन कसरी बिते होला ती दिन अनि क्षणहरू ? भिन्न अवस्था भिन्न परिस्थिति, कहाँ आँसु ? कहाँ कहाँ खुसी ? कहिले भोक ? कहिले तिर्खा ? रातभरी पार्टीको काम र संगठन निर्माणमा जुटेर पनि दिउँसो कमरेड उर्मिलाले छोरा-छोरीको लालनपालन गर्नसमेत कठिन हुँदा मजदुरी गर्न पनि पछि पर्नुभएन । पार्टीको काम गर्दा उहाँहरूले त सेल्टरदाताको घरमा खानुहुन्थ्यो, बस्नुहुन्थ्यो तर ती छोराछोरीको भोको अनुहार, च्यातिएको लुगा र खाली खुट्टाले मन चहऱ्याउन छाड्दैनथ्यो । आफू जन्मिएको-हुर्किएको ठाउँभन्दा बेग्लै ठाउँमा एउटा ठूलो लक्ष र सपना बोकेर हिंडेका क्रान्तिकारी योद्धाहरूलाई त्यस्ता अप्ठ्यारा क्षणहरूले विचलित भने बनाएन । अहिले पनि उहाँहरूमा त्यही प्रतिबद्धता र त्यही क्रन्तिकारी भावना छँदैछ ।

पार्टीको काम गरेर झण्डै चार दशक बिताएको अनुभव के छ भन्दा उहाँ भन्नुहुन्छ-पार्टीगत जीवनबाट हामी श्रीमान-श्रीमती दुवै सन्तुष्ट छौं । अहिले पनि मेरी श्रीमती उर्मिला पनि अनेमसंघ कैलाली जिल्ला कमिटी र अनेकिसंघ अञ्चल कमिटीको महिला विभागमा रहेर काम गरिरहेकी छन् । हामीले थाहा पाउनुपर्छ -कम्युनिष्ट आन्दोलन भनेको दीर्घकालीन आन्दोलनको बाटो हो, त्यसैले यसमा लागेर तुरून्तै कुनै कुरा प्राप्त गर्न सकिंदैन । त्यो प्राप्तिका लागि मैले पनि पार्टीलाई जति योगदान दिनुपर्ने हो, अझ दिन सकेको छैन जस्तो लाग्छ । आज हामीलाई मेचीबाट महाकालीसम्म संगठन निर्माण र विस्तार गर्ने प्रेरणा र ज्ञान पार्टीले दिएको हो । हाम्रो भरोसा पनि सन्तानभन्दा पार्टी नै हो हामी दुवै भन्छौं । अब त मर्ने बेला भयो, मर्दा पनि छोरा-छोरीले हेरेनन् भने हामीलाई पार्टीले नै झण्डा ओढाएर सेलाइदिन्छ । त्यसैले हाम्रो जीवनको आदर्श नै पार्टी हो ।

**' कमला पराजुली**

### प्रेस स्वतन्त्रतासम्बन्धी माओवादी वक्तव्य

# सय मुसा खाइसकेपछि तीर्थ जाने घोषणा

**' कुन्दन अर्याल**

**ने**पाल पत्रकार महासंघको साधारणसभा समापनको दिन भदौ २६ गते माओवादीले प्रेस स्वतन्त्रताप्रति फेरि एकपटक ओठेभक्ति प्रकट गरेको छ। डेकेन्द्रलाई अपहरण गरेपछि मानवअधिकारकर्मी र पत्रकारहरूलाई पटक-पटक दैलेख र सुर्खेत बोलाएर कैंयन् चरणमा वार्ता गर्ने माओवादीहरूले बल्ल मुख खोलेका छन्। तर यो वक्तव्य तत्काल प्रेसलाई अल्मल्याउनमात्र जारी गरिएको हो भन्न सकिने आधारहरू धेरै छन्। पत्रकारको ज्यान लिनेहरूउपर माओवादीको तथाकथित अदालतले के गर्छ ? अपराध साँच्चै स्वीकार गरिएको भने यो प्रश्नको उत्तर पनि आउनै पर्छ। उनीहरूले आफ्नो कब्जामा लिएका पत्रकारहरूलाई छोडेको घोषणा अझै गरेका छैनन्। अनि यति गम्भीर विषयमा प्रचण्डैकै वक्तव्य किन आएन ? माओवादीले दिनुपर्ने उत्तरहरू अझ धेरै छन्।

माओवादीहरूका कारण नेपाली प्रेसका सामु सूचनाको स्वतन्त्रतापूर्वक संकलनमा अवरोध उत्पन्न भएको छ।

कतिपय ठाउँहरूमा सामग्री चयनका सवालमा समेत उनीहरूको दबाब आउने गरेको छ । रामेछापका एक पत्रकारको अनुभव कतिसम्म छ भने एम्बुसमा तीन सेना घाइते भएको कुरालाई उनीहरू तीनको मृत्यु शीर्षकमा छपाउन खोज्छन् । माओवादीहरू छापिएका सामग्रीका कारण निहत्था पत्रकारले मानसिक वा शारीरिक यान्त्रणा वा ज्यानसमेत गुमाउनु पर्ने अवस्थाको अन्त्य गर्न इमान्दार छन् भन्ने देखिन बाँकी नै छ ।

०५२ सालपछि शुरू भएको हिंसात्मक द्वन्द्वले आक्रामक रूप धारण गर्न थालेपछि नेपाली प्रेसमा शुरू भएको संकट ६ वर्षको अवधिमै चरम विन्दुमा पुगेको छ । नेपाली प्रेस निगरानी, व्याख्या वा विश्लेषण र संवादको काम द्वन्द्वको अवस्थामा पनि निर्भयका साथ गर्न चाहन्छ । तर माओवादी प्रेसको काँधमा राखेर बन्दुक पड्काउन चाहन्छन् । ०५८ साल मंसिर ११ पछिका दिनमा नेपाली प्रेसले राज्यसँग गरिरहनुपरेको लडाइँ आफ्नै ठाउँमा छ । तर माओवादीहरूको गैरजिम्मेवार शैली र अभिव्यक्ति स्वतन्त्रताविरोधी क्रियाकलाप कुनै पनि अर्थमा सुरक्षाफौजको ज्यादतीभन्दा कम छैन् । यसबीच साँचो अर्थमा पत्रकारहरूले युद्धरत् दुवै पक्षहरूबाट युद्धमा असंलग्न वर्गको सम्मान पाएका छैनन् । वस्तुनिष्ठताको परिभाषालाई पनि युद्धरत् पक्षहरूले आ आफ्नै ढंगले अपव्याख्या गर्न थालेपछि पानी घाँटीमाथि पुग्न खोज्दैछ । यो तीन वर्षको अवधिमा नेपाली प्रेसले द्वन्द्वरत् समयमा चल्ने नयाँ किसिमको वानी विकसित गरिसकेको छ । तर दुईतिरको चेपुवामा परेको नेपाली प्रेस आफ्नो स्रोतको स्वतन्त्र प्रयोगबाट समेत वञ्चित भएको छ ।

वर्तमान राज्य नीतिगतरूपमा अभिव्यक्ति स्वतन्त्रताको सम्मानको पक्षमा रहेको छ । शान्तिसुरक्षा बहाल गराउने निकाय भने राज्यको सैद्धान्तिक अवधारणा र प्रतिबद्धताविरूद्ध ओर्लिएको देखिन्छ । त्यसैले राज्यको प्रतिबद्धता र व्यवहारमा अन्तर देखिएको छ । हामी राज्यसँग संवैधानिक मार्गदर्शनको परिपालन गर्न माग गर्दैछौं । हाम्रो संघर्ष जारी रहनेछ । तर

माओवादीहरूलाई कसरी जवाफदेही बनाउने भन्ने प्रश्न अहिलेको ज्वलन्त प्रश्न हो । आफूलाई राजनीतिक शक्तिका रूपमा उभ्याउने माओवादीले अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा आफ्नो धारणा प्रष्ट शब्दमा सार्वजनिक गरेको छैन । नेपाली प्रेसले माओवादीका विचारलाई ठाउँ दिएर उनीहरूको अभिव्यक्ति स्वतन्त्रताको सम्मान गरेको छ । नेपालका पत्रपत्रिकामा माओवादीसम्बन्धी घटनाप्रधान समाचारलाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ । तर माओवादीहरूले उनीहरूका सम्बन्धमा असहमत विचारहरूउपर प्रतिबन्ध लगाउन खोजेका छन् । जतिसुकै सत्यतथ्य होउन उनीहरूलाई प्रतिकूल लाग्ने समाचारहरू नछापिऊन् भन्ने उनीहरूको मनसाय रहेको कुरा व्यवहारमा देखिएको छ ।

द्वन्द्वरत् पक्षहरूबाट नेपाली पत्रकारहरूको असुरक्षा बढ्दै गएपछि युद्धमा असंलग्नहरूको संरक्षणको सवाल ज्वलन्त बन्न पुगेको छ । संयुक्त राष्ट्रसंघका अनुसार व्यक्तिगतरूपमा या अरूसँगको समन्वयमा राष्ट्रिय या अन्तर्राष्ट्रियस्तरमा मानवअधिकार र आधारभूत स्वतन्त्रताहरू प्राप्ति र संरक्षणका लागि संघर्ष र सम्बर्धन गर्ने जुनसुकै पेशाको व्यक्ति मानवअधिकार रक्षक कहलाउँछ । शान्ति र प्रजातान्त्रिक मूल्यहरूको रक्षा र अनुगमन गर्ने सार्वजनिक प्राणी पत्रकारहरू अग्रपंक्तिका मानवअधिकार रक्षक हुन् । तर आज नेपालका मानवअधिकार रक्षकहरूलाई भयबाट प्रभावित पार्ने प्रयास द्वन्द्वरत् पक्षहरूबाट भइरहेको छ ।

माओवादी र सुरक्षाफौजको नियन्त्रण गर्ने प्रयास वा पत्रकारहरूसँगको व्यवहारले प्रेसको स्वतन्त्रतामा गम्भीर असर परेको छ। सुरक्षाफौजका सम्बन्धमा उजुरी गर्नसम्म सकिन्छ। तर माओवादीहरूले आफ्ना ज्यादतीका सम्बन्धमा अत्यन्त गैरजिम्मेवार जवाफ प्रवाहित गर्ने गरेका छन् । पत्रकारहरूका सम्बन्धमा माओवादीहरूले गरेको व्यवहारका अधारमा भन्ने हो भने त उनीहरूले आफूलाई राजनीतिक शक्ति भन्न छाड्नुपर्ने देखिन्छ । आज सुर्खेतका दुर्गा थापा माओवादीहरूबाट मुक्त भएका छन् । तर उनी फेरि सुर्खेतमा बसेर काम गर्नसक्ने वातावरणको सृजना भएको छैन । सिरहाका विजय मिश्रलाई माओवादीहरू उनीहरूको समाचार उनीहरूले चाहेजसरी चाहेको परिमाणमा छाप्न नसक्ने अखवारबाट राजीनामा गर्न उर्दी सुनाउँदै छन् । काठमाडौं बाहिर कार्यरत पत्रकारहरूलाई माओवादीहरूले जुनसुकै बेला ज्यान लिन सक्छन् भन्ने सन्देश व्यवहारबाट प्रवाहित गरेका छन् । माओवादीहरू राष्ट्रिय-अन्तर्राष्ट्रिय अपिल-आह्वानहरूको बेवास्ता गरी पहिले पत्रकारहरूको हत्या गर्दछन् । त्यसपछि स्पष्टीकरण दिन्छन्- यो हाम्रो केन्द्रीय नीतिअनुसार भएको होइन ।

माओवादीहरूले यो देशको संविधान र ऐन कानुन मान्दैनौं भने पनि अन्तर्राष्ट्रिय कानुनहरूप्रति प्रतिबद्धता जनाउने गरेका छन् । उनीहरूले व्यवहारमा भने ती अन्तर्राष्ट्रिय कानुनहरूको पालना गरेका छैनन् । जेनेभा महासन्धिहरू वा मानवीय कानुनको भाषण गर्ने माओवादीहरू ती अन्तर्राष्ट्रिय कानुनहरूको पालना गर्दैनन् भने दण्डहीनता यसैगरी सदा कायम रहन सक्दैन भन्ने उनीहरूले बुझ्नु पर्दछ । आज राज्य वा गैरराज्य जुनसुकै पक्षबाट मानवीय कानुनविरूद्ध जथाभावी गर्नेहरू कुनै दिन अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्म घिसारिन सक्छन् । नेपाली प्रेसले मानवअधिकारपक्षीय यस्ता आवाजलाई अझ सुस्पष्टरूपमा व्यापक पार्न सक्दछन् ।

निष्पक्षता र वस्तुनिष्ठतालाई पत्रकारहरूको सबभन्दा प्रभावकारी रक्षाकवच ठानिन्छ । अमानवीय ढंगले द्वन्द्व चर्किएको र द्वन्द्वरत पक्षहरूले जिम्मेवारीबोध नगरेको आजको अवस्थामा नेपाली प्रेस मारमा अवश्य परेको छ । तर जनतासँगको नेपाली प्रेसको नङ-मासुको सम्बन्धले यसको आवाज मलिन हुन दिएको छैन । आज भौतिकरूपमा हाम्रा कैयन् साथीहरू हाम्रो माझ छैनन् । तर प्रेसको स्वतन्त्रताको आवाजलाई युद्धरत् दुवै पक्षहरूले परास्त गर्न सकेका छैनन् ।

माओवादीका तर्फबाट प्रेसका सम्बन्धमा आएको महराको वक्तव्य यही यर्थाथको द्योतक हो । तर सय मुसा खाइसकेपछि गरिएको तीर्थ जाने घोषणाको निशर्त स्वागत गर्न सकिदैन ।

◆

# महासचिव नेपाल इक्यापको सदस्य चयन

*काठमाडौं । एसियाली राजनीतिक दलहरूको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएर नेकपा (एमाले)का महासचिव माधवकुमार नेपाल भदौ २३ गते फर्कनुभयो । चीनको राजधानी बेइजिङमा भएको सम्मेलनमा भाग लिन उहाँ गएको भदौ १५ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।*

*सम्मेलनलाई संबोधन गर्नेक्रममा महासचिव नेपालले विभिन्न रूप र रंगका उग्रवाद तथा आतंकवादबाट एसियाका विभिन्न देशहरू आक्रान्त रहेको जनाउँदै त्यसको अन्त्यका लागि बेरोजगारी, गरिबी र अशिक्षाजस्ता समस्याहरू समाधान गरिनुपर्ने बताउनुभएको छ । महासचिव नेपालले भन्नुभयो-'प्राकृतिक स्रोत एवम् सम्पत्तिको न्यायपूर्ण वितरण, सामाजिक न्याय र समृद्धिका लागि एसियाली राजनीतिक राजनीतिक दलहरूका बीच गहिरो समझदारी एवम् पारस्परिक सहयोग हुनु आवश्यक छ ।'*

*महासचिव नेपालले उक्त सम्मेलनको भव्य आयोजना र आतिथ्यका लागि चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव तथा चीनका राष्ट्रपति हु जिनताओलगायतका नेताहरूलाई धन्यवाद दिनुभयो । सम्बोधनको क्रममा राजनीतिक, आर्थिक र सामाजिक स्थिरताका लागि राजनीतिक दलहरूको भूमिकाको महत्वमाथि प्रकाश पार्दै महासचिव नेपालले भन्नुभयो-'हामीले जनताको सर्वोत्तम हित र सहभागितामा आधारित प्रजातन्त्रमा जोड दिनुपर्छ ।'*

*बितेको नौ बर्षदेखि हत्या र हिंसाबाट नेपाल आक्रान्त रहेको जनाउँदै महासचिव नेपालले भन्नुभयो-'नेपालमा जारी द्वन्द्वको निराकरणका लागि नेपालमा हालै गठन भएको संयुक्त सरकारले प्रयत्न गरिरहेको छ । त्यसका निम्ति उच्चस्तरीय शान्ति समिति गठन हुनुका साथै शान्ति स्थापनाका लागि प्रयत्नहरू भइरहेका छन् ।'*

*उक्त सम्मेलनबाट महासचिव नेपाल इन्टरनेशनल कन्फरेन्स अफ पोलिटिकल पार्टिज (इक्याप)को सदस्यमा चयन हुनुभएको छ । सम्मेलनले फिलिपिन्सको संसदका सभामुखको अध्यक्षतामा १५ सदस्यीय स्थायी कमिटी चयन गरेको छ । सो कमिटीको बैठक बर्षमा एकपटक बस्ने जनाइएको छ । गएको भदौ १९ गते साँझ चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव तथा चीनका राष्ट्रपति हु जिनताओद्वारा सम्मेलनका सहभागीहरूका लागि आयोजित स्वागत समारोहमा महासचिव नेपाल र एमाले केन्द्रीय कमिटीका सदस्य भीम रावल सहभागी हुनुभएको थियो ।*

## राजेन्द्रप्रसाद पाण्डे

*केन्द्रीय कमिटी सदस्य*
*प्रमुख- स्थानीय निकाय विभाग*

◆ **जन्म मिति** - २०१३/२/२९

◆ **जन्मस्थान** :- गजुरी-८, धादिङ

◆ **माता** :- मनमाया पाण्डे **पिता** :- नेत्रराज पाण्डे

◆ **पत्नी**:- सीता पाण्डे, **छोरा**: ३

◆ **शिक्षा**:- छेपाङ्ग प्रा.वि. - त्रिभुवन विश्वविद्यालय

◆ **राजनीतिक जीवनको आरम्भ**

+ २०२७ सालमा आदर्श मावि गजुरीमा ९ कक्षादेखि
+ २०३१ सालमा सिक्किम भारतमा विलय भएपछि त्यसको विरोधमा आन्दोलनमा सहभागी
+ २०३२ सालमा विद्यार्थी आन्दोलनमा सहभागी

◆ **जिम्मेवारी** :-

- २०३४ सालमा भ्याली कोअर्डिनेशन कमिटी सदस्य
- २०३६-०४२ सम्म र ०४७-०५२ सम्म धादिङ जिल्ला कमिटी सचिव
- २०४७ सालमा बागमती क्षेत्रीय कमिटी सदस्य
- २०५०-०५५ वैशाखदेखि बागमती अञ्चल सचिव
- २०५५ देखि केन्द्रीय कमिटी सदस्य

◆ **तपाईंको आदर्श** -

- भोका, नाङ्गाको समस्या समाधान गरी सभ्य समाजको निर्माण गर्ने

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद क्षण**-

- मदन भण्डारीको हत्या भएको दिन
- २०५४ सालमा पार्टी फुटेको दिन

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- जनपक्षीय जिल्ला सभापति भएर काम गर्दा व्यहोर्नुपरेका अप्ठ्यारा
- पार्टी विभाजन भएको दिन

◆ **हालको ठेगाना** :- कामनपा-१४, कलंकी, काठमाडौं

## सुरेन्द्रप्रसाद पाण्डे

*केन्द्रीय कमिटी सदस्य*
*इन्चार्ज- बागमती अञ्चल समन्वय कमिटी*

- **जन्म मिति** - २०१५/०५/०९
- **जन्मस्थान** :– गजुरी–८, छेपाङ्ग, धादिङ
- **माता** :– मनमाया पाण्डे **पिता** :– नेत्रराज पाण्डे
- **पत्नी**:– पूर्णशोभा चित्रकार, **छोरा**: शिरिष, श्रेय
- **शिक्षा**:– छेपाङ्ग प्राथमिक विद्यालय, एम.ए. (समाजशास्त्र), त्रिभुवन विश्वविद्यालय
- **राजनीतिक जीवनको आरम्भ**

\+ २०३०-३१ सालबाट

- **जिम्मेवारी** :–

– अध्ययनदलबाट आरम्भ (पार्टीको अध्ययन दल)
– काठमाडौं (जि.क.स., उपत्यका संगठन कमिटीको सदस्य हुँदै काठमाडौं जि.क. सचिव
– कोशी अञ्चल कमिटी सदस्य/मोरङ सचिव
– कर्णाली अञ्चल कमिटी सचिव तथा इन्चार्ज/राष्ट्रिय परिषद् सदस्य
– २०४८ देखि केन्द्रीय कमिटीको लगातार सदस्य

- **तपाईंको आदर्श –**

– सरलता, निष्ठा र खुलस्तता

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दु:खद् क्षण-**

– क. मदन–आश्रितको हत्या (दुर्घटना)को खबर
– पार्टी फुटेको क्षण

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

– ०३९ पछि पार्टीभित्रको विवादको क्षण
– कर्णालीको जिम्मेवारी लिंदा त्यस क्षेत्रमा काम गर्दाको अप्ठेरो परिस्थिति
– अनेरास्ववियुभित्रको विवाद समाधान गर्न निमित्त इन्चार्जको हैसियतले ०५३ मा काम गर्दाको क्षण

- **हालको ठेगाना** :– भण्डारा १, चितवन/ स्वयम्भु–१५, काठमाडौं